
# अमृतपान



विष्णुप्रसाद खनाल

किरण पुस्तकालय प्रकाशनमालाको सत्रौं पुष्प

# अमृतपान

## (प्रबन्ध-सङ्ग्रह)

विष्णुप्रसाद खनाल

प्रकाशक

किरण पुस्तकालय

तम्घास, गुल्मी

| | | |
|---|---|---|
| कृति | : | **अमृतपान** |
| विधा | : | साहित्य (प्रबन्धसंग्रह) |
| कृतिकार | : | विष्णुप्रसाद खनाल |
| प्रकाशक | : | किरण पुस्तकालय, तम्घास, गुल्मी |
| सम्पर्क | : | ०७९-५२०२८७ |
| इ-मेल | : | hamropurushartha@gmail.com |
| वेबसाइट | : | www.kiranpustakalaya.com |
| संस्करण | : | प्रथम, २०७६ |
| ©सर्वाधिकार | : | प्रकाशकमा |
| ISBN | : | 978-9937-0-7345-5 |
| प्रकाशित प्रति | : | १००० |
| मूल्य | : | रु.१५०/- |
| सेटिङ्ग/टाइप | : | ईश्वर वि.क. र अनिषा चुदारा |
| मुद्रक | : | सुशिला प्रिण्टर्स, तम्घास, गुल्मी<br>०७९-५२०४५० (spgulmi33@gmail.com) |

# प्रकाशकीय

किरण पुस्तकालयले विभिन्न विषयका पुस्तकहरू प्रकाशनमा ल्याउने काम गरिरहेको छ । पुस्तक प्रकाशनका प्रसङ्गमा यसपटक किरण पुस्तकालयमै सेवारत श्री विष्णुप्रसाद खनालद्वारा लिखित र सङ्कलित लेखहरूको सङ्ग्रह 'अमृतपान'लाई हामीले प्रकाशनका लागि छनोट गरेका छौं ।

२२ वर्षभन्दा बढी लामो समय सरकारी सेवामा संलग्न भई स्वैच्छिक अवकाश लिएर स्वतन्त्र जीवनयापन गरिरहेका श्री विष्णुप्रसाद खनाल किरण पुस्तकालयको एउटा नियमित पाठक हुनुहुन्थ्यो । उहाँको अध्ययनप्रतिको अभिरुचि देख्दा पुस्तकालयको दैनिक सञ्चालनमा यस्ता अध्ययनशील व्यक्ति बस्न सके पुस्तकालयलाई पनि राम्रै सहयोग हुन सक्छ भन्ने हामीहरूलाई लागेको थियो । एउटा उपयुक्त सन्दर्भ जुटेको बेला उहाँले स्वयम्‌सेवकको रूपमा ग्रन्थहरूको सेवा गर्ने भावना प्रकट गर्नुभयो । पुस्तकालय व्यवस्थापन समितिले उहाँको भावनाको कदर गर्दै ग्रन्थपालको रूपमा नियुक्ति दिने निर्णय गर्‍यो । दुई दशकभन्दा लामो समय ग्रन्थपालको रूपमा सेवा गर्नुभएको हुनाले किरण पुस्तकालयको स्वर्णजयन्तीको अवसरमा उहाँलाई सम्मान पनि गरिएको थियो ।

पुस्तकालयको दैनिक सञ्चालनको जिम्मेदारी प्राप्त गरेपछि विष्णुप्रसाद खनालले फुर्सदका क्षणहरूमा पुस्तक तथा पत्र-पत्रिकाहरू अध्ययन गर्ने राम्रो अवसर प्राप्त गर्नुभयो । साना बालबालिकाहरूलाई बालोपयोगी प्रकाशनहरू हेर्न लगाउने, विद्यार्थीहरूलाई पाठ्यपुस्तकसँगका सन्दर्भहरू पढ्न लगाउने, जागिर खान चाहनेहरूलाई लोकसेवा आयोगका सूचना र सामान्यज्ञानका पुस्तकहरू देखाउने, शिक्षकहरूलाई त्यस्तै प्रकारका पुस्तकहरू हेर्न लगाउने, लेखकहरूलाई यस्तो विषयमा लेखिदिए हुन्थ्यो, अरूले यस्तो लेखेका छन् भनेर प्रेरित गर्नुहुन्थ्यो । उहाँले अरूलाई भन्ने मात्र होइन, आफूले पनि लेख्न थाल्नुभयो । हाम्रो पुरुषार्थ, विद्या, शैलसन्देश आदि पत्रिकामा उहाँका लेखहरू छापिए । उहाँलई झन् उत्साह जाग्यो । लेख्दालेख्दै उहाँले गीतातत्त्व नामक पुस्तिका आफै छपाउनुभयो । त्यतिले उहाँको मन शान्त भएन । उहाँले अरू पनि लेखहरू लेख्ने र राम्रा उक्तिहरू सङ्कलन गर्ने कार्य गरिरहनुभयो । सानासाना लेख-रचना जुटाई पुस्तकाकारको रूपमा एउटा पुस्तक तयार गरिसकेपछि यसको प्रकाशन पुस्तकालयबाट गराउन मिल्छ कि मिल्दैन भनी सोध्नुभयो । मिल्ने भएमा सर्वाधिकार पुस्तकालयको हुने गरी प्रकाशनमा ल्याउन चाहेको विचार उहाँले प्रकट गर्नुभयो । उहाँको शास्त्रप्रतिको अभिरुचि, अध्यवसाय र

लेखहरूका विषयवस्तुहरूलाई हेर्दा हाम्रो सनातन वैदिक समाजलाई उपयोगी हुने देखी किरण पुस्तकालय प्रकाशनमालाको सत्रौं पुष्पको रूपमा 'अमृतपान'लाई प्रकाशनमा ल्याइएको छ ।

'अमृतपान' साना साना प्रबन्धहरूको सङ्ग्रह हो । यसमा रामायण, महाभारत, पुराण, उपनिषद् आदिमा वर्णित विषयहरूकै सारसंक्षेपलाई सरल नेपाली भाषामा प्रस्तुत गरिएको छ । बुझ्नलाई सजिलो, पढ्नलाई मिठो जीवनका लागि अति उपयोगी कुराहरू यसमा रहेका छन् । त्यसैले यो कृति राम्रोसँग अध्ययन र मनन गरेपछि अमृतपानको अनुभव हुन्छ । विभिन्न विषयका घतलाग्दा कुराहरू यस कृतिमा रहेका छन् । तीमध्ये एउटा 'अमृतपान' हो । परमात्माको ज्ञान, नियमपूर्वक आर्जन गरेको धनको उपभोग, सद्धर्मको पालना, असल कार्यको अनुकरण, पुण्यकर्मको प्रभाव आदिबाट जीवनले अमृतपानको अनुभव गर्न सक्दछ । 'मृत्योर्माऽमृतं गमय' मान्छेमात्रको चाहना हो । जीवनलाई अमृतमय बनाउन र अमरत्व प्राप्त गर्नका लागि हाम्रा शास्त्रहरूले निर्देश गरेको आचरणलाई पालन गर्नुपर्छ । धर्म, अर्थ, काम, मोक्ष चारै पुरुषार्थ, भौतिक र आध्यात्मिक, ऐहलौकिक र पारलौकिक सुख, शान्ति प्राप्त गर्नका लागि वेदविहित कर्मको बाटो छोड्नुहुँदैन भन्ने यस कृतिको सारांश हो । यसमा धर्माधर्म, कर्तव्याकर्तव्य, संस्कार, संस्कृति, परोपकार, आयुवृद्धि आदिका उपायहरूको बारेमा पनि छोटकरीमा अत्यन्त गहिरा र घतलाग्दा विचारहरू अभिव्यक्त भएका छन् । बुझ्नेलाई यो श्रीखण्ड हो । पान गर्न सक्नेलाई यो अमृत हो भन्ने लागेर नै यसको प्रकाशन गरिएको हो । यस कृतिलाई छिटो प्रकाशनमा ल्याउन सहयोग पुऱ्याउने लेखककी धर्मपत्नी शारदा खनाल र पुत्र सुदर्शन खनाललाई हामी धन्यवाद ज्ञापन गर्दै लेखकको सुस्वास्थ्य र दीर्घायुको कामनासाथ भविष्यमा अझ बढी अमृतपानको अपेक्षा गर्दछौं ।

**– शशि पन्थी**
किरण पुस्तकालय
तम्घास, गुल्मी

रामनवमी, चैत्र २०, २०७६

ooo

# शुभेच्छाका शब्दहरू

श्री विष्णुप्रसाद खनाल सनातन वैदिक धर्मसंस्कृतिका मर्मज्ञ हुनुहुन्छ । उहाँ सदा स्वाध्याय र साधनामा तत्पर हुनुहुन्छ । उहाँको स्वाध्याय र साधनाका प्रतिफल हुन् यी विचारपूर्ण प्रबन्धहरू । यी सबै पूर्वीय आर्य आदर्श र विचारले परिपूर्ण छन् । सबैले सत्य र कल्याणमय मार्गको निर्देश गर्छन् र उपदेशप्रधान छन् । यी प्रबन्धमा शीर्षकमा विविधता रहे पनि निष्कर्षमा एकता छ । सबै प्रबन्धहरू अध्यात्मदर्शन, सनातन धर्म र मानवकल्याणको मियोमा घुम्छन् । यसमा जति प्रबन्धहरू छन् सबै वेद-पुराण-धर्मशास्त्रअनुमोदित आर्षभावले ओतप्रोत छन् । वेदविहीत धर्म र आस्तिक दर्शनको पक्षमा विचारहरू विचरण गरेका छन् । लेखाइ आडम्बररहित सरल भाषामा भएकोले पाठकका लागि सम्प्रेष्य छ । पात्रमा भरिएको सुमधुर पेय पिए झैं सुस्वादु र मधुरतम छ ।

पीपलका बोटमा फूल फुल्दैनन्, ज्ञानीहरू त्यहाँ फूल खोज्दैनन्, त्यहाँ सुमधुर फल फल्छन् । यी प्रबन्धमा हामी शिल्पसौन्दर्य र स्वच्छन्द आत्मगत अभिव्यञ्जनाको खोजी गर्दैनौं । यिनमा हामी परिपक्व विचारका फल चाख्छौं । यी विषयनिष्ठ वस्तुगत प्रबन्ध हुन् । यिनमा हामी हाम्रो धर्म र दर्शनका उच्च आदर्श खोज्छौं । यिनमा हामी विश्वकल्याणकारी सघन विचारबीजहरू खोज्छौं । यिनमा हामी हाम्रो धर्मका उदात्त राजपथमा विचरण गर्छौं । यहाँ हामी नीति, रीति र स्थितिका सन्मार्गको पथिक बन्छौं । यिनमा हामी हाम्रा पूर्वजका भव्य र विपुल संस्कृतिको ऐना हेर्छौं ।

यस कृतिका लागि म विष्णुप्रसाद खनाललाई साधुवाद टक्र्याउँछु । जीवनको उत्तरार्धमा आएर स्वाध्याय र साधनामा रमाउने योगीतुल्य उहाँका विचारहरू मननीय छन् । शिल्पपक्षमा अलंकृति नरहे पनि प्रयास स्तुत्य छ । उँखु बाङ्गो भए पनि रस बाङ्गो छैन । प्रस्तुति निरस होला - विषयवस्तु आस्वाद्य छ । यो विषय नै दुरुह छ, तथापि हितकारी छ । 'हितं मनोहारी च दुर्लभं वच' भन्छन् । यी प्रबन्धहरू पढेर युवाहरूले हाम्रो विगतको भव्य सभ्यताको अनुभव गरून्, आफ्नो धर्मसंस्कृति, नीति, आचार र विचारको अनुसरण गरून् भन्ने शुभेच्छा राख्छु ।

अन्तमा यी प्रबन्धहरूका प्रबन्धक पण्डित विष्णुप्रसाद खनालको सुस्वास्थ्य, दीर्घायु, आनन्द र सुयशको कामना गर्दछु । उहाँबाट निरन्तर स्वाध्याय, साधना र लेखनका धाराहरू बगिरहून्, हामीले त्यो अमृतपान गर्न पाइरहूँ । **सुगा ऋतस्य पन्थाः ।**

**- दीन पन्थी,**
सह-प्राध्यापक,
रेसुङ्गा बहुमुखी क्याम्पस, गुल्मी

ooo

# शुभेच्छा !

पूर्वीय साहित्य, संस्कृति र धर्मशास्त्रका अध्येता पं. विष्णुप्रसाद खनालजीले अमृतपान शीर्षकको कृति तयार पार्नु भएकोमा उहाँलाई हृदयदेखि नै साधुवाद प्रकट गर्दछु ।

यसमा वाल्मीकीय रामायणदेखि महाभारत, धर्मग्रन्थ, ज्योतिषशास्त्र, योगशास्त्रलगायत, ज्ञानविज्ञानका विविध पक्षका गहन विषयमाथि अति संक्षेपमा प्रकाश पार्ने चेष्टा लेखकले गर्नुभएको छ । यसभित्र लामा-छोटा ३४ वटा लेख-रचना समावेश छन् । कतिपय लेखमा लेखकले आफ्ना निजी विचार प्रस्तुत गर्नुभएको छ भने कतिपय लेखहरू तत्-तत् ग्रन्थका विषयवस्तुमा आधारित छन् । शीर्षकको चयन र विषयको प्रस्तुति स्तरअनुसार प्रशंसनीय छ । 'हाम्रो पुरुषार्थ' लगायत अन्य पत्रिकामा यस्तै लेख-रचना प्रकाशित गर्ने लेखक खनालजीको कलम अझ खारिँदै जाओस् । हिन्दू धर्मदर्शन आदिका बारेमा अझ गहन लेख-रचनाहरू र ग्रन्थहरू प्रकाशित हुँदै जाऊन् । यही शुभेच्छा प्रकट गर्दछु ।

**भुवन अर्याल**
सहायक सम्पादक
'हाम्रो पुरुषार्थ' त्रैमासिक
किरण पुस्तकालय
तम्घास ,गुल्मी

ooo

# शुभाकाङ्क्षा

संस्कृत भाषा र धर्मशास्त्रका श्रद्धेय विद्वान् व्यक्तित्व पं. विष्णुप्रसाद खनालज्यूले पुराण र धर्मशास्त्रका विविध पक्षहरूमाथि समुचित अध्ययन र विश्लेषण गरी तयार गर्नुभएको प्रस्तुत आध्यात्मिक कृतिको पाण्डुलिपि अध्ययन गरी संक्षिप्त भूमिका उल्लेख गर्ने सुअवसर दिनु भएकोमा सर्वप्रथम खनालज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु ।

विज्ञान र प्रविधिको विकासको चरमोत्कर्ष एवं भौतिकवादको पराकाष्ठाले हाम्रो सनातन वैदिक हिन्दू धर्म तथा अध्यात्मवादका शाश्वत मूल्य र मान्यतामाथि पारेको दुष्प्रभावले हाम्रो धर्म र पूर्वीय सभ्यता दिनानुदिन ओझेल पर्दै गएको यस विषम परिस्थितिमा लेखकज्यूबाट यस्तो कृति तयार गर्नु आफैमा एक प्रशंसनीय कार्य हो भन्ने म ठान्दछु । धर्म भन्नु नै वास्तवमा यो चराचर विश्वब्रह्माण्ड, जीवनजगत् र मानवसमुदायलाई मर्यादित र अनुशासित ढङ्गले सञ्चालन एवं रक्षा गर्ने एक महत्त्वपूर्ण वैज्ञानिक आधार हो । त्यसैले भनिएको छ– **धर्मो रक्षति रक्षितः** अर्थात् यत्नपूर्वक धर्मको पालन गर्नाले नै हाम्रो रक्षा हुन्छ । धर्म केवल एक असल नीतिहरूको सुन्दर संग्रह, पौराणिक कथाहरूको बृहत् संकलन एवं जीवन दर्शनमात्र होइन, अपितु विराट् प्रतिभाका धनी त्रिकालदर्शी ऋषि मुनिहरूद्वारा प्रतिपादित वैज्ञानिक एवं धार्मिक कानून तथा दार्शनिक आचार संहिता पनि हो, जसलाई पालन, संरक्षण र सम्वर्धन गर्नाले सिङ्गो मानव जाति, प्राणी जगत् र प्रकृतिकै कल्याण र उन्नति सम्भव हुन सक्छ ।

आजको एक्काईसौं शताब्दीका सचेत एवं जिज्ञासु पाठकहरूलाई सरल र सहज ढङ्गले बुझ्ने गरी धर्मको बहुआयामिक पक्षमाथि चर्चा गरिएको प्रस्तुत आध्यात्मिक कृतिका माध्यमबाट लेखकले ईश्वर, आत्मा, मानव, शान्ति,

मुक्तिजस्ता गहन विषयहरूमाथि यथोचित प्रकाश पार्दै धर्मको वैज्ञानिक महत्त्वमाथि पर्याप्त चर्चा गर्ने प्रयास गर्नुभएको छ । मलाई विश्वास छ कि यो कृतिले जिज्ञासु पाठकहरूलाई धर्म र अध्यात्मका बारेमा अझ बढी खोज र अनुसन्धान गर्ने प्रेरणा र हौसला प्रदान गर्नेछ । आजको युगमा सच्चा शान्ति, समृद्धि र सुखका लागि भौतिकवादले अध्यात्मवादसँग हातेमालो गर्नै पर्दछ, अन्यथा संसारमा अझ बढी हिंसा, हत्या र अशान्तिका माध्यमबाट यो धर्ती रक्तरञ्जित, भयावह र कुरूप बन्नेछ ।

अन्त्यमा यो कृति सबैका निम्ति उपयोगी बन्न सकोस् र आगामी दिनहरूमा पं. श्री विष्णु खनालज्यूबाट अझ बढी अध्ययन र अनुसन्धान गरी गहन र परिस्कृत कृतिहरू पाठकसामु आउन सकून् भन्ने हार्दिक शुभाकाङ्क्षा व्यक्त गर्दै बिदा चाहन्छु ।

**प्रेमराज 'विनीत'**
श्री सरस्वती माध्यमिक
विद्यालय
छत्रदेव गाउँपालिका,(भगवती)
अर्घाखाँची ।

# शुभकामनाका शब्दहरू

श्री विष्णुप्रसाद खनालज्यूले लेख्नुभएको धर्म-दर्शन-संस्कृतिसम्बन्धी अनुसन्धानात्मक लेख रचनाहरूको सङ्कलन 'अमृतपान' सुन्ने पढ्ने मौका पाएँ । यिनी अनुसन्धानात्मक लेख रचनाहरू धर्म-संस्कृति नजान्ने मानिसहरूलाई र भविष्यका कर्णधार विद्यार्थी तथा धर्म-दर्शन संस्कृतप्रेमीहरूलाई ज्यादै उपयुक्त छन् भनी प्रशंसाका साथ शुभकामना व्यक्त गर्दछु ।

**पं. परशुरामोपाध्याय पन्थी**
शताब्दीपुरुष
रेसुङ्गा नगरपालिका, उपल्लो तम्घास, गुल्मी

# विषयसूची


| क्र.सं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| १. | रामायण : एक अनुपम कृति | १ |
| २. | विज्ञान र परमात्मा | ३ |
| ३. | भक्त प्रह्लाद | ५ |
| ४. | आध्यात्मिकता | ७ |
| ५. | योगदर्शन | ८ |
| ६. | बुद्ध धर्म र दर्शन | १० |
| ७. | पितृ उद्धारमा भागवत | १३ |
| ८. | वेदान्त-दर्शन | १५ |
| ९. | कपिलदेवको ज्ञान | १७ |
| १०. | श्रीमद्भागवतमा परोपकार | १९ |
| ११. | व्रतबन्ध संस्कार | २० |
| १२. | धर्म र संस्कृति | २२ |
| १३. | निर्गुण परब्रह्म, परमात्माको उपासना | २५ |
| १४. | अमृतपान | २८ |
| १५. | शास्त्रसम्मत जानिराख्नुपर्ने विषय | ३१ |
| १६. | जीवनमा जानिराख्नुपर्ने कुराहरू | ३४ |
| १७. | अधर्मका पाँच शाखा | ३६ |
| १८. | मलमासमा के-के गर्न हुन्छ, के-के गर्न हुँदैन ? | ३७ |
| १९. | हाम्रो धर्म-दर्शन | ४१ |

| क्र.सं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| २०. | मानिसमात्रले जान्नुपर्ने अरू कुरा | ४३ |
| २१. | के गर्नाले आफ्नो आयु बढ्दछ ? | ४४ |
| २२. | जीवनमा शक्ति आर्जन गर्नका लागि बारबार जप्ने शक्तिमन्त्र | ४५ |
| २३. | सत्शास्त्रको रहस्य | ४६ |
| २४. | वैदिक सनातन संस्कृति र सभ्यताको रहस्य | ४८ |
| २५. | मानिस भएर जान्नुपर्ने कुरा हो वेदान्त | ४९ |
| २६. | श्रीमद्भागवत कथा प्रवचन | ५४ |
| २७. | वस्तुअर्पण | ५९ |
| २८. | अठार पुराणमा उत्तम श्रीमद्भागवत | ६१ |
| २९. | विभिन्न विचारको एकता : लोकतन्त्र | ६६ |
| ३०. | धर्म-ग्रन्थहरू | ६८ |
| ३१. | नित्या देवी | ७० |
| ३२. | प्राणायम तथा योग गरौं, स्वस्थ रहौं । | ७१ |
| ३३. | पितृश्राद्ध | ७३ |
| ३४. | शिवपूजा र शिवलिङ्गको रहस्य | ७६ |


ooo

# रामायण : एक अनुपम कृति

**'कूजन्तं रामरामेति मधुरं मधुराक्षरम्,**
**आरूह्य कविता शाखां वन्दे वाल्मीकिकोकिलम्'**

महर्षि वाल्मीकिको महान् तपोबल र करुणाको अन्तःप्रेरणाबाट निःसृत रामायण महाकाव्य विश्वकै एक अनुपम काव्यकृति हो । यो विशाल छ, सत्य छ, शिव छ र सुन्दर छ । क्रौञ्चवधको कारुणिक प्रसङ्ग यस महाकाव्यको सृजनाको उपक्रम हो । यसमा इतिहास छ, दर्शन छ, भूगोल र राजनीति छ । उत्कृष्ट विचार, रसपरिपाक र शिल्पसौन्दर्यले अद्वितीय छ रामायण महाकाव्य ।

रामायणमा आदर्श एवं मर्यादा पुरुषोत्तम रामचन्द्रको पावन चरित्रको बयान छ । यसमा धर्म, अर्थ, काम, मोक्ष चारै पुरुषार्थको प्रतिपादन छ । रामायणमा नीति छ, मर्यादा छ, सद्विचार छ, सदाचार छ, त्याग छ र निष्ठा छ । पितृभक्ति, मातृभक्ति, पुत्रवात्सल्य एवं पतिभक्तिको आदर्श मात्र होइन, यसमा पत्नीभक्तिको आदर्श पनि स्थापित छ । यसमा सत्यनिष्ठ दशरथ छन्, पितृभक्त राम छन्, भ्रातृभक्त लक्ष्मण र भरत छन्, पुत्रवत्सला कैकेयी छन्, पतिव्रता सीता एवं पत्नीव्रत राम छन् । आदर्श पात्रहरू सब खचाखच छन् रामायणमा । खलपात्र ठानिएका रावण, मेघनाद कुम्भकर्णहरू पनि वीर पुरुष हुन् जसले निर्भय लडी वीरगति प्राप्त गरेका छन् । रामायणमा राम र रावणका एक-एक कार्य मात्र आलोच्य छन् । रामले आफ्नो केही बिगार नगरेको बालिलाई लुकेर बाण हाने । रावणले कामासक्त भएर परस्त्री सीताको अपहरण गरे । समग्रमा रामायण आदर्श काव्य हो ।

वाल्मीकीय रामायण उत्तम काव्य हो । जुन अनेक उत्तरवर्ती महाकाव्य र नाटकहरूको उपजीव्य रहेको छ । यस महाकाव्यले वैदिक आर्यहरूको उत्कर्षलाई प्रकट गरेको छ । तत्कालीन कला-कौशल, चिन्तन, समाज, राजनीति र जीवन मूल्य जस्ता विविध पक्षहरू यस महान् कृतिमा प्रतिविम्बित भएका छन् । यसको विचार पक्ष जति उन्नत छ, त्यति नै भाव पक्ष गहिरो छ । शिल्पसौन्दर्यले त यो कृति अद्वितीय छ । यसमा उपमा अनुप्रास र मानवीकरण एवं अन्य अलङ्कारको मनमुग्धकारी उपस्थिति छ । यसमा उत्कृष्ट ऋतुवर्णन छ । निर्जीव मानवेतर वस्तुलाई मानवीय स्वरूपमा खडा गरी प्रस्तुत गरिएको चित्रण साँच्चै आल्हादकारी र

मनमोहक छ । वर्षा र शरद् ऋतुको वर्णनमा देखिने आलङ्कारिकता र उक्तिवैचित्र्यले शिल्पसौन्दर्यको सर्वोच्चता छोएको छ । वीर र शान्त रसको प्राधान्य देखिने यस महानतम कृतिमा श्रृङ्गाररसको मनमोहक उपस्थिति पनि छ । यसमा नायिका सीताको रूपसौन्दर्यको वर्णन यत्रतत्र गरिएको छ । राम्रो केश भएकी, सुन्दर एवं स्निग्ध दन्तलहर भएकी सुन्दरी सीताको नख- शिख वर्णनको कमी छैन रामायणमा। कविले जुनेली रात र शरद्कालीन नदीलाई पनि सुन्दरी नववधूको रूपमा चित्रण गरेका छन् । आकाशलाई कामातुर जस्तो ठानेका छन् । रामचन्द्रले सीता खोज्दै जाँदा भनेका छन् । ए राम्रा आँखा हुने मृगहरू हो ! तिम्राजस्तै आँखा भएकी सीतालाई देख्यौ कि ? हात्तीहरू हो ! तिम्रो सूँडजस्तै ऊरू भएकी सीतालाई भेट्यौ कि ? ए बेलका बोटहरू हो ! कतै तिमीहरूले तिम्रो फलजस्तै स्तन भएकी मेरी सीतालाई त देखेनौ ? कति मनमोहक छ यो चित्रण ? कति मार्मिक छन् यस्ता प्रसङ्गहरू । वास्तवमा रामायण भक्ति, त्याग, मर्यादा, प्रेम सद्विचार र सुन्दर शिल्पको अनुपम संगम हो ।

ooo

# विज्ञान र परमात्मा

आजभोलिको युग विज्ञानको युग हो भन्दा अत्युक्ति हुँदैन । प्रत्येक मानवले विज्ञानको उपयोग गरेका छन् । विज्ञानको चमत्कारलाई नमस्कार गर्नै पर्छ । विज्ञानले सबै सुविधा दिए पनि मानिसहरू सबै सुखी छैनन् । मानवले सबै कार्य यन्त्रद्वारा गराउँदछन् । क्षणभरमा नै टेलिभिजनद्वारा विश्वको समाचार सुन्नदेख्न पाएकै छन् । औषधि तथा शल्यक्रियाको चरम उन्नति र प्रगति विज्ञानले नै गरेको छ तर पनि नयाँ–नयाँ रोगले मानव पीडित भएकै छ । यस्ता विभिन्न रोगले मानवलाई सताएकै छन् । मानिस सुखको साटो दुःख पाई मर्नुपरेको छ ।

आकाशवाणी र दूर संचारका साधनले अर्थात् मोबाइल आदि यन्त्रद्वारा देश देशान्तरका विभिन्न समाचार-घटना देख्न, सुन्न पाइन्छ । परमात्माको सृष्टि आश्चर्यजनक छ । उही ईश्वरले सारा जगत् बनायो । उसैमा प्रवेश गरी घटघटबासी भई परमेश्वर रहेको छ ।

यसैले मानिसले चार लक्ष्य लिनुपर्छ :- धर्म, अर्थ, काम र मोक्ष । धर्मका लक्षण विद्वान्हरूले धेरै बताएका छन् । 'धारणात् धर्ममित्याहु' भनी धारण गरिएको विषयलाई धर्म भनिएको छ । कर्तव्याकर्तव्यको ज्ञान हुनु नै धर्म हो । त्यसमा सत्य, तप, सत्कर्म पालन गर्नु नै धर्म हो । त्यही धर्मपूर्वक धनार्जन गर्नु अर्थ हो । सन्तानको लागि विवाह गर्नु काम हो । फेरि जन्म–मरणरूपी भवसागरबाट सदाका लागि मुक्ति पाउनु नै मोक्ष हुनु हो ।

विज्ञानले अति सुख दिए पनि परम सुख दिन सक्दैन । परब्रह्म परमात्मा ईश्वरसम्बन्धी आध्यात्मिक ज्ञानले मानिसलाई गति मुक्ति दिन्छ । यसैले त बालकृष्ण सम भन्दछन्– "ज्ञान मर्दछ हाँसेर रोई विज्ञान मर्दछ" । महाकवि देवकोटा भन्दछन्– "खोज्छन् सबै सुख भनी सुख त्यो कहाँ छ ? आफू मिटाई अरूलाई दिनु जहाँ छ ।" विज्ञान न्यूट्रोन, इलेक्ट्रन र प्रोटोनसम्म पुगेको छ । वास्तवमा त्यो वस्तु जड हो । विज्ञानभन्दा ज्ञान भूत, वर्तमान र भविष्यसहित "अणोऽणीयान् महतो महियान्" ईश्वरीय तत्त्व हुन् । यावत् वस्तु तथा सम्पूर्ण जीव मात्रमा ईश्वरीय तत्त्व छ । विज्ञानका देख्ने आँखा छन् भने ज्ञानका दिव्यचक्षु छन् । सो कुरा अन्त कतै खोज्न जानुपर्दैन, आफ्नै मनमा खोजे पाइन्छ । ईश्वरीय सृष्टिका वस्तुबाट नै विज्ञानले अनन्य आविष्कार गरी प्रकाशित गरेको हो । यसमा दुई मत छैन । वैज्ञानिकहरूले पनि सोही ईश्वरीय वस्तु मनमा स्मरण गरेर विभिन्न

वैज्ञानिक चीजको आविष्कार गरेका छन् । विज्ञानका आविष्कारले सुख त पाइन्छ तर त्यो सुख स्थायी सुख होइन । ईश्वरीय सुख नै स्थायी सुख हो । यसमा पनि दुई मत छैन । अर्थात् मोक्ष प्राप्त गरेपछि दुःखमा पर्नु पर्दैन । ईश्वरीय तत्त्व भनेको स्थायी तत्त्व हो । सो तत्त्व स्वयं प्रकाशित छ । यसलाई अरूले प्रकाश पार्नु पर्दैन । ईश्वरीय तत्त्व भनेको सदासर्वदा रहने तत्त्व हो । ईश्वरीय तत्त्व पत्ता लगाउन जगत्का यावत् वस्तुको ज्ञान गरे पुग्दछ । यसमा अरू स्पष्ट पार्नको लागि सत्व, रज र तमको ज्ञान भए पुग्दछ "सत सत्जायते" भनिएको छ । सत्व, रज, तमको साम्यावस्था प्रकृति हो । प्रकृतिलाई माया पनि भनिन्छ । यही मायालाई साथ लिई ईश्वरले यो सारा जगत् बनायो । सो जगत्भित्र स्वयं आफू प्रवेश गरी सारा जगत् ईश्वरले चलाउनुहुन्छ । यसकारण ज्ञानविज्ञानले दिने अन्तर वस्तुतः यही हो ।

ooo

# भक्त प्रह्लाद

वेदव्यासद्वारा रचित अठार पुराणमध्ये भागवत महापुराणको सप्तम स्कन्धमा हिरण्यकशिपुका  चार छोरामध्ये कान्छा छोरा थिए भक्त प्रह्लाद । यिनी भगवान्का प्रियतम भक्त थिए । हिरण्यकशिपुले मन्दराचल पर्वतमा श्रीब्रह्माजीको तपस्या गरी नरनारी, पशुपंक्षी कसैबाट पनि नमर्ने वर प्राप्त गरेका थिए । कान्छा छोरा प्रह्लादलाई दैत्योचित शिक्षादीक्षा दिन गुरुहरू नियुक्त गरेका थिए । एकदिन प्रह्लादलाई सोध्दा के-कस्तो शिक्षा हासिल गऱ्यौ भन्दा आफ्नो विरोधी भगवान्को नाम लिएको ठानी फेरि शिक्षक गुरुहरूलाई बोलाई पढाउन लगाए तर उनले भगवान्को नाम कीर्तन छोडेनन् । फेरि एक दिन शिक्षालयमा आई छोरा प्रह्लादलाई काखमा लिई सोध्दा पहिल्यै जस्तै भगवान्को श्रवण कीर्तनकै कुरा गरेकाले कस्तो दैत्य भएर पनि श्रीखण्डको जंगलमा काँडो भई जन्मेछ भनी हात्तीलाई कुल्चाउने, भीरबाट पल्टाउने, आगोमा डढाउने गरे । केही गर्दा पनि आफ्नो बानी नसुधारेकाले काखमा लिई के यो खम्बामा पनि तेरो भगवान् छ भनी सोध्यो र खम्बामा हिर्कायो । सोही खम्बाबाट आफ्ना भक्तको उद्धार गर्न नृसिंह अवतार लिई काखमा राखी नङद्वारा चिरी मार्नुभयो । अति प्रचण्ड रूप भएका नृसिंह भगवान्लाई श्री भक्त प्रह्लादले स्तुति गरेको प्रसङ्ग यहाँ प्रस्तुत गरिएको छ ।

प्रह्लाद भन्दछन् "म जस्तो दैत्यकुलमा उत्पन्न बालकले हजूरमा के चढाउन सक्दछु र धन, कुलीनता, रूप, तप, विद्या, ओज, तेज, प्रभावयुक्त देवताहरूले र ऋषि-महर्षि, विद्याधर, पितृहरूले र यस्तै गुणशील रूपले उच्च कुलमा उत्पन्न ब्रह्मणदेखि पनि भक्तिविना भगवान् प्रसन्न हुनुहुन्न तर भक्ति छ भने नीचकुलमा उत्पन्न चण्डालदेखि पनि भगवान् प्रसन्न हुनुहुन्छ ।"

प्रह्लादजी भन्नुहुन्छ, "म के भनौं र तमोगुणयुक्त कुलमा उत्पन्न बालकप्रति हजूरको कृपा भयो म अरू केही कुरा माग्दिनँ । यी मेरा बाबा हिरण्यकशिपुको उद्धार होस् । म जहाँ जस्तो अवस्थामा जन्मे पनि हजूरमा मेरो अविरल भक्ति स्मरणशक्ति रहिरहोस् । म त यही वर माग्दछु । अरू कुराले मलाई नलोभ्याउनुहोस् । यो तुच्छ शरीरमा विभिन्न कामनाले सधै इन्द्रियद्वारा अन्यतर्फ डोराई राख्दछन् । हजूर त जगत्का गुरु हुनुहुन्छ । मलाई यो भवसागरबाट पार लगाउनुहवस् । यो संसारका जे जति क्षणिक

आनन्ददायक विषयहरू छन् । तिनले मलाई खिची लैजान नसकून् । अन्य पृथ्वी, जल, आकाश, वायु, तेज आदि जुन तत्त्व छन् ती सबै हजूर नै हुनुहुन्छ । मैले त यही जानेको छु । हजूरलाई बारम्बार नमस्कार, स्तुति, जति पनि कर्म गरिन्छ, समस्त कर्मको फल हजूरमा अर्पण गरी हजूरकै सेवा, पूजा, हजूरकै चरणको चिन्तन, हजूरका लीलाकथाको श्रवण, यति कुरा ममा सदासर्वदा रहिरहून् । म त भक्तिविना केही जानेकै छैन । मलाई हजूरले जेजति कुराले लोभ्याए पनि मैले त खालि **'श्रवणं कीर्तनं विष्णोः स्मरणं पादसेवनम् । अर्चनं वन्दनं दास्यं सख्यमात्मनिवेदनम्'** यही नवधा भक्ति जानेको छु । यिनै भक्तिसिवाय केही जानेको छैन ।

ooo

# आध्यात्मिकता

वेद, धर्म, ईश्वरसम्बन्धी आध्यात्मिक आस्था बारेमा भन्नुपर्दा आधुनिक युवा पुस्तामा आफ्ना पूज्य मातापिता तथा गुरुजनको मान्यताभन्दा नेता, कविहरूको आस्था र पाश्चात्य शिक्षाको प्रभावले गर्दा अध्यात्मवादको अस्तित्वको अभाव हुन गएको देखिएको छ तर पछि जीवनको उत्तरार्धमा बुझ्दै जाँदा पछुतोबाहेक केही हात लाग्नेवाला छैन । कर्म, अकर्म तथा विकर्मको ज्ञानले आफूसहित आफ्नो मातृभूमि र विश्वकै कल्याण गर्दछ । वेदशास्त्र विहित कर्म गर्नाले शरीर शुद्ध भई वास्तविक कर्म फल प्राप्त हुन्छ । वेद परोक्ष वाद हो । कर्म निवृत्तिको लागि कर्म गराउँदछ । अज्ञानी बालकहरूलाई अनुशासनको शिक्षा दिन्छ । यसले सदा औषधिकै कार्य गर्दछ ।

कवि लेखकहरू एवं अध्यात्मवादीहरू त ईश्वरको अस्तित्व मान्ने नै भइहाले । नमान्नेवालाहरूले पनि जीवनको अन्तिममा "आखिर श्रीकृष्ण रहेछ एक" भन्ने नै छन् । यसमा दुई मत छैन ।

यस्तै हाम्रा महान् नेता तथा कथाकार प्रजातान्त्रिक समाजवादी नेता विश्वेश्वरप्रसाद कोइरालाले पनि आफ्नो जेल जर्नल भन्ने पुस्तकमा आस्थाको दृष्टिबाट अनिश्वरवादी भए पनि आफ्नो जीवनको उतरार्द्धमा उहाँले भन्ने गर्नुहुन्थ्यो –"देवत्व एउटा परिकल्पना हो, जो मानिसले आफ्ना प्रयासद्वारा प्राप्त गर्न सक्छ ।" उहाँले देवत्वप्रति महत्त्वाकांक्षा नराख्ने भए उहाँ जस्तो महान् नेता विश्वेश्वरबाट यस्तो उद्गार प्रकट हुने नै थिएन । उहाँले आफ्नो दैनिकी जेल जर्नलमा आफन्तहरूलाई धूपकाँटी ल्याउन भन्नुहुने थिएन । यस्तो सत्य वा साँचो कुरालाई कसैले बङ्ग्याउनु हुँदैन । सत्य वस्तुमा भ्रम पारी फाइदा लिने गर्नु महापाप हो। यसैलाई भनिन्छ "पापतर पाप" आफूले त आस्था राखिएन, आफूलाई आत्मघात गरियो । अरूलाई समेत आस्था राख्न नदिनु पापतर पाप हो । सबै शास्त्र र उपनिषद्हरूको निचोड गीतामा भनिएको छ– **'विद्यानां आत्म विद्याऽहम्'** । नास्तिक बनेर आफूसहित सबैलाई चौपट पार्नुभन्दा आस्तिक भएर आफूसहित सबैको कल्याण देख्नु बेस हो ।

०००

# योगदर्शन

आजभोलि योगसम्बन्धी ज्ञानको चर्चा परिचर्चा भैरहेको छ । शास्त्रीय हिसाबले यो दर्शनमा पर्दछ । योगको पहिलो सूत्र हो - "अथ योगानुशासनन्" यो योगदर्शन ईश्वरवादी दर्शन हो । सांख्य दर्शनले प्रकृति पुरुष मान्दछ भने यसमा ईश्वर तत्त्व थपिएको छ । त्यो ईश्वर पुरुषमा ल्केश, कर्म, विपाक आदि दोष नभएकोले ईश्वरत्व थपिएको हो अर्थात् ईश्वर भनिएको हो । ईश्वरमा ईश्वरीय गुण षडैश्वर्यहरू हुन्छन् । ती गुणहरू हुन् ऐश्वर्य, वैराग्य, यश, ज्ञान, वीर्य र श्री ईश्वरले आफै धेरै शरीर निर्माण गरी स्वयं त्यसमा प्रवेश गर्दछ । जीवलाई मूल तत्त्व ईश्वरले सदा अनुग्रह गरिरहन्छ ।

सबभन्दा पहिलै ईश्वर छ भन्ने प्रमाणहरू हुन् प्रत्यक्ष, अनुमान, आगम, निगम । यी प्रमाणहरू मानिन्छन् । यो जीव जगत् देखेपछि कार्यरूपबाट कारण रूप ईश्वरको अनुमान हुन्छ । अनुमानको उपजीवी शास्त्र वचन भन्नु वेदशब्द प्रमाण हो । अतः ईश्वरको लक्षण उल्लेख गर्दै योग सूत्र भन्दछ– "ल्केश, कर्म, विषमाकाशै अपरामृष्टः पुरुष विशेषः ईश्वरः" । पञ्च ल्केशहरू हुन्–अविद्या, अस्मिता, राग, द्वेष, अभिनिवेश ।" सदा रहने अपवित्र दुःख त्यसको विपरीत हो भनी जान्ने अविद्या हो । अहंकार भाव दिन्छ अस्मिताले । भक्तिले खराब बाटोमा लागेकाको चित्तवृत्तिलाई आफ्नो भक्ति ज्ञान र वैराग्यले सदा निरोध गर्नुपर्छ ।

श्रीमद्भागवत्मा भनिएको छ– आत्मा रथि, शरीर रथ हो । बुद्धिलाई सारथि र मन लगाम हो भने इन्द्रियहरू घोडा हुन् । विषयहरू दिशा प्रदिशा बाटाहरू हुन् । भौतिक शरीर इन्द्रियादिलाई मनले सहित जीवात्मा भोक्ता भनिएको छ । आत्मालाई लक्ष्य गरेर जीवलाई आत्मामा जोड्ने सदा इन्द्रिय जितेको रिसराग कुनै द्वन्द्व नभएको श्वासप्रश्वास जितेको योगीले नै ईश्वर भगवान्मा चित्त अड्याएपछि लक्ष्यमा पुग्दछ । त्यसपछि अष्टसिद्धि प्राप्त भए पनि यसमा मुक्त हुन चाहने सच्चा योगीले यस्ता सिद्धिको वास्ता गर्दैनन् । यसैले चित्तवृत्ति निरोधः योगः" भनिएको हो ।

जीवनले चौरासी लाख जुनीमा जन्म–जन्मान्तरको हण्डर खाएर जब कुनै दिन जीव र परमात्मा एकै ठाउँमा रहन्छन् भने त्यो समाधि भनिन्छ । कसै कसैले त जीव र परमात्माको संयोग नै योग हो पनि भन्दछन् । योगका पनि आठ अङ्गहरू हुन्छन् । ती हुन् :–

**यम** : अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य, अपरिग्रह

**नियम** : सौच, संतोष, तप, स्वाध्याय, ईश्वर प्रणिधान ।

**आसन** : आफ्नो शरीर नचलाई बस्नु हो ।

**प्रणायाम** : श्वासप्रश्वास रोक्ने छोड्ने तरिका हो ।

**प्रत्याहार** : आफ्ना चोर इन्द्रियहरूलाई प्रत्यावर्तन गरी आफ्नो चित्तमा स्थिर गरिराख्नु हो । चित्तवृत्ति भगवान्को रूप मूर्तिमा निरन्तर लगाई राख्नु हो ।

**समाधि** : आफ्नो चित्तवृत्तिलाई शून्याकार बनाएर निरन्तर भगवान्को ध्यानमा लगाई रहनु हो । यसैले योगशास्त्रमा योगः चित्तवृत्ति निरोधः भनिएको हो । शास्त्रमा भनिन्छ "सत्वपुरुषयोः शुद्धि मुक्ति साम्ये कैवल्यम्" कैवल्य भन्नु मुक्ति हो । मुक्ति भनेको फेरि जन्मन मर्न नपर्ने अवस्था हो । यति उपर्युक्त साधनलाई अपनाएर हामीले चित्तवृत्तिको अभ्यास गरी वैराग्यले आफ्नो चित्तवृत्तिलाई निरोध गर्नुपर्छ ।

अब अन्तिममा सिद्धि भनेका के हुन् त भन्दा "जन्मौषधि मंत्र तपः समाधिजा सिद्धयः" भनिएको छ । अब हामी विचार गरौं–हामीमा भएको चेतन तत्त्व रूप पुरुष निर्विकार छ । अब उसबाट केही कुरा निस्कदैन । उसलाई बुद्धिले नचाउँछ भने अविद्या अज्ञानले भान गराउँदछ । यस्तो अविद्यारूपी अज्ञान हराएपछि प्रधान प्रकृतिसँग रहेको पुरुषको सबै सम्बन्ध केही रहँदैन । निर्विकार स्वच्छ भई मुक्ति कैवल्य प्राप्त गर्दछ । यस्तो अमृत रूप साधन योगमा विघ्न पार्ने निम्न लिखित विक्षेप (वाधक) तत्त्वहरू हुन् :"

१. **व्याधि** : शरीरमा विभिन्न रोगव्याधि हुनु ।
२. **स्त्यान** : साधना गर्नुपर्नेमा नगर्नु ।
३. **संशय** : हो होइन भन्ने शंका हुनु ।
४. **प्रमाद** : योगको साधनै नगर्नु ।
५. **आलस्य** : निद्रा, तमोगुणको उत्पत्ति हुनु ।
६. **अविरति** : विषय वासनामा आफ्ना इन्द्रियहरूलाई लगाउनु ।
७. **भ्रान्ति** : असमान सत्यको आभास ।
८. **अलब्ध** : योग साधना गरे पनि सिद्धि प्राप्त नहुनु ।
९. **अनवस्थितत्व**: योग भूमिमा पुगे पनि आफूमा त्यो योग अड्याउन नसक्नु।

०००

# बुद्ध धर्म र दर्शन

बुद्ध धर्म दर्शनको ज्ञान हुनु आजको विश्वपरिवेशमा परमावश्यक मानिन्छ । किनभने बुद्ध विश्वशान्तिका अग्रदूत मानिन्छन् । यिनको जन्म पूर्णिमाका दिन शाक्य वंशमा पिता शुद्धोधन माता मायादेवीबाट नेपालको लुम्बिनी क्षेत्रमा भएको थियो । जहाँ आज-भोलि विश्वका बुद्ध धर्मावलम्बीहरू विश्वशान्तिको उद्देश्य लिएर आउने गर्दछन् । आजको विश्वमा बुद्धधर्म मान्ने देश तथा व्यक्तिहरू धेरै छन् । आज विज्ञानको चमत्कारले गर्दा सारा विश्व एक भएको छ । विश्वमा कतै शान्ति छाएको छैन तर बुद्ध भगवान् शान्तिका अग्रदूत मानिन्छन् । यिनको जन्म पूर्णिमाका दिन भएको र ज्ञान पनि पूर्णिमाकै दिन भएको हो, अनि मृत्यु पनि पूर्णिमाका दिन भएकाले जन्म कर्मबाट पनि बुद्ध विश्वशान्तिका अग्रदूत तथा नेपाल आमाका सपूतभन्दा अत्युक्ति हुँदैन ।

अब हामी विचार गरौं - विश्वशान्तिको महत्त्व र हिन्दू वैदिक धर्मसँग यिनको के-कस्तो सम्बन्ध छ त भन्दा श्रीमद्‌भागवत्‌बमोजिम ईश्वरले पूर्णावतार र अंशावतार लिनुभएको छ । श्री भगवान्‌ले आफ्नो वचन पालन गर्नुका साथै आफ्ना प्रिय भक्तजनको अनुग्रह गर्नको लागि भगवान्‌ले अंश तथा पूर्णावतार लिनुभएको शास्त्रीय हिसाबले सत्य साँचो हो । उनै भगवान् केशवले माता-पिताबाट जन्म लिएर ईश्वरत्व प्राप्त गरी विश्वमा शान्ति स्थापना गर्नुभएको छ । गीताञ्जलि ग्रन्थमा भनिएको छ - "निन्दयसि यज्ञविधे रहरह श्रुतिजातं सदयहृदय दर्शितं पशुघातं केशव धृतं बुद्ध शरीरं जयजय जगदीशहरे" । श्रीमद्‌भागवतमा पनि "देवद्विषा निगम वर्तमनि निष्टितानां पुंभि मयेन विहिताभिरदृश्यतुर्भिः । लोकान्धतामिति विमोहमति प्रलोभं वेषं विधाय बहु भाष्यत औषधर्म्या"- जुन मुख्य शरीर हो, त्यो गुणमय शरीर हो । बुद्ध भगवान्‌ले त्यस्ता शरीरलाई धर्मकाय भन्ने नाम दिनुभएको छ । त्यसदेखि छुट्टै प्रपञ्चीसँग संयोग भएको शरीरलाई काय संज्ञा दिई संयोग कार्यमा उत्रेका पूर्णतिथिमै जन्म भई पूर्णिमाका दिन ज्ञान प्राप्त गरी पूर्णतिथि पूर्णिमाका दिनमा नै समाधिस्थ हुनुभएको छ ।

भगवान् बुद्धले बुद्धत्व प्राप्त गरी धेरै उपदेश दिनुभएको छ । पशुहिंसा हुने यज्ञ यज्ञादिलाई कडा शब्दमा भन्नुभएको छ । जुन वेद शास्त्रविधिले पशु हिंसा-हुन्छ त्यही एउटा वेदको अंगलाई मात्र निन्दा गर्नुभएको हो, सम्पूर्ण वेदलाई होइन । बुद्धले वेदको निन्दा गर्नुभएको छैन किनभने वेदको ज्ञान

काण्डलाई जीवनमा यथार्थ स्वीकार गरी सोही अनुसार उपदेश गर्नुभएको छ । यस्ता बुद्ध भगवान्‌लाई साक्षात् विष्णु भगवान्‌को अवतार भन्न कत्ति हिचकिचाउन पर्दैन । "परोक्ष वादो वेदोऽयं बालानां अनुशासनम् । कर्म मोक्षाय कर्माणि विधत्ते हायगदं यथा" बुद्धको समयमा ज्ञानलाई विरोध गर्ने अज्ञानी जनहरूले आगमनिगमको बाटो समातेर गुपचुपबाट वेद विधिसँग हिंसा गर्न लगाउने ज्ञानविरोधी जनहरूलाई मोहमा पारी कहींकहीं धर्म नै हो कि जस्तो गरी उपदेश गरी खूबसँग भन्नुभएको छ । वेदव्यास रचित भागवत अष्टम स्कन्धको नारायण कवचमा भनिएको छ "बुद्धस्तु पाखण्ड गणात् प्रमादात्" बुद्ध देवले पाखण्डीहरूबाट मेरो रक्षा गरून् । त्यति बेलाका बुद्धिष्ट जनहरू हुन् विपश्वी, शिखी, विश्वभृ, ऋकुछन्द, कनकमुनि, काश्यप अनि गौतम बुद्ध आदि । गौतम बुद्धलाई शाक्य मुनि पनि भनिन्छ । यिनै मुनिहरू बुद्ध धर्मका प्रवर्तकहरू हुन् । इतिहासले बताएको सत्य साँचो हो । यसमा अन्यथा मान्नु पर्दैन । बुद्ध धर्मदर्शनका प्रज्ञा, शील समाधिहरू छन् र बुद्ध धर्मअनुसार त्रिरत्न भनेका यिनै हुन् । बुद्ध भगवान्‌लाई मान्न र उनका उपदेशअनुसार चल्नु, बुद्धले दिएका धर्मसम्बन्धी ज्ञानको पालना गर्नु हो । संघ बुद्ध भनेको बुद्ध धर्ममा अवलम्बित भिक्षु, भिक्षुणीहरूद्वारा स्थापना भएका संघका नियम आचरणहरू पालना गर्नु हो । भगवान् बुद्धले बेला बखतमा आफ्ना अनुयायी शिष्य चेलाचेलीहरूलाई दिएका उपदेश संग्रहलाई त्रिपिटक भनिन्छ । यसमा इतिहासले भनेको सत्य हो । बुद्ध धर्ममा प्रज्ञाशील सम्बन्धी कुरा विस्तृत रूपले बताइएको छ । प्रज्ञा भन्नु सम्यक् अर्थात् ठीक ज्ञान हो । अकुशल खराब भन्ने कुरा हुन् लोभ, मोह द्वेष मात्सर्यादि र अन्य हिंसा चोरी गर्नु व्यभिचार, झुट्टा, चुकली, कटुवचन, कचकच गर्ने, बकवाद बोल्ने लोभी पापी प्रतिहिंसा । यी बाहेक बुद्धका सत्‌उपदेशहरू हुन् :- (१) सत्‌विश्वास (२) सद्‌निश्चय (३) सद्‌वचन (४) सत्‌कर्म (५) सत्‌जीविका (६) सत्‌प्रयास (७) सद्‌विचार (८) सत्‌ध्यान एवं यस्तै अन्य सम्यक् संकल्प, सम्यक् शील, सम्यक् कर्म, सम्यक् आजीविका, सम्यक् समाधि, सम्यक् स्मृति यीसमेत अष्टाङ्ग योग बुद्ध धर्म दर्शनका अनिवार्य तत्त्व मानिएका छन् । दर्शनका बारे भन्नुपर्दा बुद्ध धर्म दर्शनका मुख्य विचार यस्ता छन्–अनात्मवाद आत्मा छैन । यो विश्व जगत् नाना धर्मको घात प्रतिघात मात्र हो । आत्माको सत्ता छैन । त्यसलाई नदेखी नजानी कसरी विश्वास गर्ने ? अनि आत्मा भनेको के हो त भन्दा पञ्च स्कन्ध रूप वेदना संस्कार संज्ञारूप विज्ञानको समुदायलाई नै यो लोकमा आत्मा भनिएको हो भनिन्छ । अतः बुद्ध

धर्मदर्शन प्रत्यक्षवाद हो । यो धर्म ज्ञानले प्रत्यक्ष देखेको कुरालाई मात्र प्रमाण मान्दछ । यो धर्म दर्शनले प्रत्यक्ष देखे जानेको कुरालाई मात्र विश्वास गर्दछ ।

बुद्ध धर्मदर्शनका मूलभूत कुरा हुन्; साँचो बोल्नु, सत्यशील, सदाचार, ध्यान, समाधि, अनि अहिंसा नै बुद्ध धर्मदर्शनका मुख्य कुरा हुन् । आजको विश्वमा विज्ञानले सुख सुविधा दिई सम्पन्न गराउन खोजे तापनि विश्वमा अशान्तिले बास गरेको प्रचार-प्रसारबाट देखिएको छ । यत्रतत्र मारामार र हानाहान गरी रक्तधाराले भूमिशेचन गरेको छ । भोकमरी गरीबीले निर्धा बालबालिका महिला, बूढाबूढीहरूको बिजोक छ । कतै भने धनाढ्यवर्गको धन सम्पत्तिको लेखाजोखा छैन । तिनैले विज्ञानका सर सामाग्री वस्तुको उपभोग गरेका छन् र निर्धा अन्य पीडितमात्रमा उपहास गरेका छन् । जतिसुकै विकास गरे पनि अविकसित निर्धा उत्पीडित मानवहरूलाई उपहास गरेका छन् । विश्वमा विकास बढे पनि दया धर्मले स्थान पाएको छैन । यस कारण यो बुद्ध धर्मदर्शन वेद विरूद्धको धर्मदर्शन होइन बरू वेदले उद्घोष गरेको "द्यौ शान्तिःपृथ्वी शान्ति" आदि **"सर्वे भवन्तु सुखिनः"**को पाठ बुद्धधर्म दर्शनले अक्षरशः पालन गरेको छ । बुद्धले मानेको वेदको ज्ञानकाण्ड **"ईशावास्यमिदं सर्वं यत्किञ्चजगत्यां जगत् । तेन त्यक्त्येन भुञ्जीथामागृधः कस्यचित्धनम् ।"** यो संसारका सबै वस्तु उही ईश्वरका हुन् । उसैलाई अर्पण नगरी एक्लै (भोग) खान खोज्ने मानव चोरै हो भनेकाले पूरै वेद शास्त्रलाई बुद्धले विरोध गरेका छैनन् । खालि तत्कालीन विद्वान्हरूले वेद विधिले पशुहिंसा गर्नेलाई मात्र भनेका हुन् । आजको विश्वमा बुद्ध धर्मदर्शनको अति महत्त्व छ ।

ooo

# पितृ उद्धारमा भागवत

आफ्ना पितृउद्धार गराउनमा भागवत महापुराणको अति नै महत्त्व छ । गोकर्णले आफ्नो दुर्गतिमा परेका दाजु धुन्धुकारीलाई श्रीमद्भागवत श्रवण गराई पिचास योनिबाट उद्धार गर्नुभएको छ । यस्तै ब्राह्मणको श्राप परी सात दिनभित्र राजा परीक्षितलाई स्वामी शुकदेव मुनिले सात दिनसम्म श्रीमद्भागवत सुनाएर मोक्ष गराउनुभएको हो भन्ने कुरा नै भागवत महापुरणको मुख्य कथा हो । यस शास्त्रको उद्देश्य पनि प्रत्येक जीव मात्रलाई मुक्ति दिनुमा छ ।

यस्तै कथा छ–भागवत महापुराणको सप्तम स्कन्धमा भगवान्का परमभक्त प्रल्हादको हिरण्यकशिपुले आफ्नो छोरा प्रल्हादलाई भगवान् हरिको परमभक्त ठानी मार्नको लागि धेरै उपाय अवलम्बन गऱ्यो । हात्तीलाई कुचाउनु, आगोमा डढाउनु, भीरबाट पल्टाइदिनु । यति गर्दा पनि प्रल्हादको मृत्यु नभएकाले जुनसुकै उपाय साधनबाट पनि मृत्यु नभएपछि एक दिनको कुरा हो आफै पाठशालामा गई आफ्ना काखमा राखी हिरण्यकशिपुले के यो खम्बामा पनि तेरो ईश्वर छ ? भनी खम्बामा हिर्कायो । आफ्ना परम भक्तको उद्धार गर्न नृसिंह अवतार लिई आफ्ना काखमा राखी साँझको बेला आफ्ना नङद्वारा हिरण्यकशिपुको वध गर्नुभयो। त्यस बखतमा देवताका बाजा बजे । पुष्पवृष्टि भयो । उग्र रूप लिनुभएका नृसिंह रूप भगवान्लाई प्रह्लादले स्तुति गरे र प्रसन्न हुनु भएका भगवान्ले वर माग बाबु भक्त भन्नुहुन्छ । प्रह्लाद भन्दछन् - मेरा बाबाले हजूरको धेरै अपमान गर्नुभयो । उहाँ नरकमा पर्नुहुन्छ भन्दा तिम्रा बाबाको त के कुरा तिम्रा २१ कुल तरिसके पीर नमान बाबु यसमा शंका मान्नुपर्दैन भनी आफ्नो धाम वैकुण्ठतर्फ पाल्नुभयो । श्री प्रह्लादलाई आफूलाई पनि मार्न लगाउने बाबुको समेत उद्धार होस् भन्ने यस भागवतशास्त्रको ठूलो महत्त्व छ ।

यस्तै अर्को आख्यान छ–पितृहरूको प्रेरणाले कुल वृद्धि गराएको । एकदिनको कुरा हो, ज्यादमघ नाम गरेका राजा काम विशेषले शत्रुको राज्यमा गएर एक कन्या अपहरण गरी आफ्नो रथको बायाँतर्फ राखी आफ्नो दरबारमा आउनुभएको थियो । त्यसैबेला आफ्नै रानी शैव्याले स्वागत गर्न आउँदा आफू बस्ने सिटमा एक कन्या बसेको देखी राजालाई भनिन्– "म बस्ने बायाँतर्फ सिटमा राखी कसलाई ल्याउनुभयो ? भन्दा राजाले रानीको डरले बुहारी ल्याएँ भन्दा विश्वदेवाको प्रेरणाले पितृहरूले

आशीर्वाद दिए भन्ने कुरामा रानीले म बाँझी छु। मेरा कुनै सौता छैनन् भने यो कसरी बुहारी भई भन्दा पितृहरूको आशीर्वादले शैव्या रानीलाई पुत्ररत्न दिए । पछि त्यो कन्या तिनै राजकुमारलाई विवाह गरी दिएको कुरा भागवतमा उल्लेख छ । यो शास्त्र भक्ति, ज्ञान र वैराग्यले परिपूर्ण भएको महापुरण हो । यो महापुराणले जे चितायो सोही फल दिन्छ । अन्तिममा यस महापुराणले भक्तिसमेत दिन्छ ।

श्रीमद्भागवत ज्यादै पवित्रशास्त्र हो । एक पटक सुन्नाले मात्र सम्पूर्ण पापताप नाश हुन्छन् । पितृश्राद्धमा ब्राह्मणद्वारा पाठ पारायण गराएमा सम्पूर्ण पितृहरू मोक्ष हुन्छन् । अझ नित्य स्वयं पाठ गरिन्छ भने फेरि जन्ममरण रूपी भवसागरमा पर्नुपर्दैन ।

ooo

# वेदान्त-दर्शन

मानिस भएर जन्मेर जान्नुपर्ने ज्ञान वेदान्त **'ब्रह्म सत्यं जगन्मिथ्या"** वेदान्त विद्याको मूल विषय हो । वेदान्तसम्बन्धी ज्ञान दिने शास्त्रहरू हुन् वेदव्यास रचित ब्रह्मसूत्र। यसमा परब्रह्मस्वरूप ईश्वरको साङ्गोपाङ्ग निरूपण गरिएको छ । वेदमा भनिएको छ–**'सूर्य चन्द्रमसौधाता यथा पूर्वमकल्पयत्'** जगत्कर्ता परमेश्वरले सूर्य चन्द्रलाई पहिलैका जस्तै बनाउनुभयो । "श्वेताश्वेतर उपनिषद्मा भनिएको छ–"यो ब्रह्ममाणं विदधातिपूर्वं यो वै वेदास्य प्रहिणोति तस्मै । तंहदेवमात्मबुद्धि प्रकाशं मुमुक्षुर्वै शरणमहं प्रपद्ये" ईश्वरले सृष्टिकालमा पहिलै भैं ब्रह्माजीको उत्पत्ति गरेर उनैलाई वेदको उपदेश गर्नुभयो। त्यस्तो अन्तज्ञान बुद्धिलाई उत्पत्ति गर्ने ईश्वरको मुमुक्षुभावले शरण पर्दछु ।

यस्तै वेदान्त दर्शनको ज्ञानदिने ग्रन्थ हो दर्शोपनिषद् । आत्माबारे 'श्रोतव्य द्रष्टव्य निजिध्यासितव्य तथा मन्तव्य" यस्को अर्थ हो– आत्माको विषयमा पहिले सुन्नु अनि पढ्नु तब मात्र भन्नु भनेर ब्रह्मज्ञानबारे बुझाइएको छ । यस्तै भगवद्गीता, दर्शोपनिषद् आदि ग्रन्थबाट पनि वेदान्त दर्शनको ज्ञान हुन्छ । अन्य ग्रन्थ हुन्-योगवासिष्ट, रामायण, रामगीता आदि ग्रन्थले पनि वेदान्तसम्बन्धी ज्ञान गराउँदछन् । अझ भक्ति, ज्ञान, वैराग्यले व्यासरचित श्रीमद्भागवत सुन्ने र पढ्ने हो भने मानिस जन्म मरणरूपी दुःखबाट मुक्त हुन्छ । यसैले "ऋते ज्ञानात् न मुक्ति" भनिएकाले मुक्तिका लागि ज्ञानकै आवश्यकता पर्छ । भागवतको सुरू मंगलाचरणमा नै ब्रह्म जिज्ञासा गरिएको छ । यस्तै अन्य दर्शनशास्त्र योगसूत्र, सर्वदर्शन, पुराणादिले वेदान्तशास्त्रकै अनुसरण गरेका छन् । कारणमा कार्य दबेको हुन्छ। अन्तिममा ब्रह्ममा नै सबै मिल्दछन् । जसरी साना खोला ठूला नदीमा र महानदीहरू सागरमा मिल्दछन् । त्यसैगरी सबै शास्त्रको गन्तव्य स्थल भन्नु नै वेदान्त हो ।

यस कारण उही ब्रह्मबाट सबै सृष्टि हुन्छन् । अन्तिममा उसैमा गएर मिल्दछन् । सर्वप्रथम शुद्ध ब्रह्म थियो, गुण निलेपछि कारण ब्रह्म भयो । त्यसपछि चित् ब्रह्म भयो । निमित्त कारण बनेर संसार जगत्को रचना गऱ्यो । पुनः उपादान कारण बनेर संसारमा नै रह्यो अनि जगत् ब्रह्म भयो । पहिलेको शुद्ध ब्रह्म कसरी गुणवान् बन्यो भन्ने कुरा वेदान्त ग्रन्थहरूमा चर्चा परिचर्चा गरिएको छ । वेदान्त सूत्रमा "अथातो ब्रह्म

जिज्ञासा" भनेर । यसै गरेर वेदान्त सूत्रमा आदि अन्त्यको पूर्ण उद्देश्य बताइएको छ । भनिन्छ । **"यावद् गर्जन्ति शास्त्राणि जम्बुका विपिने यथा नगर्जति महाशक्ति यावद्वेदान्त केशरी ।"** यसको अर्थ हो - तबसम्म अन्य शास्त्रहरू गर्जन्छन् स्याल जस्तै जब बाघरूप वेदान्तले भन्दैन उद्घोष गर्दैन । यावद् जीवमा आत्माको रूपमा अर्थात् द्रष्टाको रूपमा ईश्वरीय तत्त्व आत्मा पुरुष रहेको छ । त्यस्तै विराट् रूपमा पनि उही आत्मा पुरुष रहेको छ । विराट् पुरुषको शिर हो स्वर्ग, चन्द्र, सूर्य आँखा हुन् । दशै दिशा कान हुन्। त्यस विराट् रूप ईश्वरको वचन भन्नु श्वासप्रश्वास रूप वेद ज्ञान वाणी हो । त्यस ईश्वरको पाउ हो पृथ्वी। नाभि आकाश हो भने प्रत्येक प्राणीमात्रको प्राण भन्नु नै ब्रह्म ईश्वर हो ।

यस कारण वेद वेदादि पाठपारायण गरे गराएमा धर्म हुनुको साथै सम्पूर्ण पूर्वसञ्चित पापताप नाश भई स्वयं ब्रह्म हुन पुग्दछ । यसैलाई भनिन्छ "अहं ब्रह्मास्मि" भनेर । अब भनौं यस्ता ब्रह्मसम्बन्धी ज्ञान दिने सरल शास्त्रहरू हुन् - गीता, उपनिषद् । सारा शास्त्र उपनिषद्को सार वस्तु भन्नु नै गीता हो । यस कारण श्रद्धासाथ गीता अध्ययन श्रवण गर्नुपर्छ । यस्तै शास्त्रको ज्ञान अध्ययन मननले सुखको पूर्वाधार ज्ञान हुन्छ । पूर्ण ज्ञान भएपछि अरू जान्नु पर्ने केही बाँकी रहदैन । विन्दु गएर सागरमा मिले पछि सबै जलरूप हुन्छ । पूर्ण ब्रह्मको ज्ञान भएपछि स्वयं ब्रह्म नै हुन्छ । यसैलाई भनिन्छ "अहंब्रह्मास्मि" यसमा कुनै भेद रहँदैन । यसैले भनिएको छ - **"ब्रह्मविद् ब्रह्मैव भवति"** ब्रह्म जान्ने ब्रह्म नै हुन्छ भनेर । पूर्ण ब्रह्मको ज्ञान नै पूर्णज्ञान मानिन्छ । शुक्ल यजुर्वेदको ४० सौं अध्यायको सुरूमै भनिएको छ - **"इशावास्यमिदं सर्वं यत्किञ्च जगत्याञ्जगत् तेन त्यक्तेनभुञ्जीथ मागृध कस्यचिद्धनम् ।"** यो पूर्ण जगत् ईश्वरमय छ । सबै उसैको हो । यसकारण उसैको चिज उसैलाई अर्पण गरेपछि आफूले भोग गर्नुपर्छ । उसलाई नसम्झी आफै खाने वा भोग गर्ने गर्छ भने त्यो चोरै हो । आत्मा पुरुष हो । त्यो अनादि निर्गुण हो । त्यो प्रकृतिदेखि पर छ। "प्रत्येक धामा स्वयं ज्योति विश्वंयेन समन्वितम्" त्यो स्वयं आफै प्रकाशित छ । यसैले त वेदहरू भन्दछन् । **"सर्वे-भवन्तु सुखिनः सर्वे सन्तु निरामया। सर्वे भद्राणि पश्यन्तु मा कश्चित् दुःख भाग्भवेत् ।।"** वेदले कोही कसैलाई भेदभाव राखेको छैन । **"सहनाववतु सहनौ भुनक्तु"** सँगै हिडौं सँगसँगै खाऔँ भनेर । 'नैवमात्मा बलहिनेन लभ्यः' अर्थात् आत्मबल नभए आत्मज्ञान हुँदैन । आत्मज्ञान प्राप्त गर्न संयमित हुनुपर्छ ।

# कपिलदेवको ज्ञान

श्री कपिल भगवान्ले भागवत तृतीय स्कन्धमा आफ्नी आमा देवहुतीलाई अष्टाङ्ग योगविधिको स्वरूप बताउनुभएको छ । ध्येय स्वरूप भगवान्को चिन्तन गर्नाले जसद्वारा चित्त शुद्ध हुन्छ । यथाशक्ति शास्त्र विदित स्वधर्मको पालना गर्नु, विधर्मशास्त्रको विरूद्ध आफ्नो आचरणलाई परित्याग गर्नु, आफ्नो प्रारब्धानुसार जेजति मिल्दछ, त्यसमा संयुक्त रहनु, आत्मा ज्ञानीहरूलाई सम्मान गर्ने हुनु । विषय वासना अर्थात् इन्द्रियजन्य वस्तुदेखि सदा टाढै रहनु, यस संसारदेखि छुटाउने धर्ममा प्रेम गर्नु, निरन्तर एकान्त निर्भय स्थानमा रहनु, मन, वाणी, शरीर कर्मले कोही कसैमा दुःख नपुऱ्याउनु, आफूलाई चाहिनेबाहेक अधिक वस्तुको संग्रह नगर्नु, निर्धन दुःखीको सेवा निरन्तर गर्दै रहनु, आत्मबल बढाउनको लागि ब्रह्मचर्यको पालना गर्नु, तपस्या गर्नु, धर्मको लागि कष्ट सहने हुनु, शास्त्रको अध्ययन र भगवान्को नित्य पूजा गर्ने हुनु ।

वाणी वचनको संयम गर्नु, उत्तम आसनको अभ्यास गर्नु, स्थिर भएर बस्नु । विस्तार विस्तार मनलाई एकाग्र गरेर परमात्मा ईश्वरको ध्यानमा लगाउनु । त्यसपछि कपिलले शारीरिक स्वास्थ्यका लागि निरन्तर पहिले शुद्धासनमा बस्नु, प्रणायाम गर्नु । शरीरलाई सिधा गरेर सुखपूर्वक अभ्यास गर्दै गर्नु । पूरक, कुम्भक, रेचक क्रमशः रेचक, पूरक, कुम्भकले प्राण मार्ग बाटोलाई शोधन गर्नु । जसले आफ्नो चित्त स्थिर गराउँदछ । जस्तै आगामा तताएको सुनले आफ्नो मयल हटाउँछ त्यस्तै योगले पनि शरीर शुद्ध गराउँछ । प्राणायामले वात, पित्तादि दोष विकारलाई नाश गराउँदछ । धारणाले जन्म-जन्मान्तरका आफ्ना पूर्व संचित पाप-तापलाई नाश गरी मिटाउँदछ । प्रत्याहारले विषय-वासना हटाई आफूलाई स्वस्थ बनाउँदछ ।

ध्यानले श्री भगवान्बाट विमुख गराउने राग द्वेषादि दुर्गुणलाई दूर गराउँदछ । यस्ता प्रकारले अष्टाङ्ग योग गर्दा-गर्दा आफ्नो चित्त निर्मल हुन्छ । अनि आफ्नो नासिका (नाक)को अग्रभागमा दृष्टि (नजर) लगाएर निरन्तर भगवान्का रूप मूर्तिको योगसम्बन्धी शिक्षाद्वारा ध्यान गर्नु अनि निम्न लिखित श्लोक पढ्नु :

**बंशीविभूषितकरान्नवनीरदाभात् पीताम्बरादरुणबिम्बफलाधरोष्ठात्**
**पूर्णेन्दुसुन्दरमुखादरविन्दनेत्रात् कृष्णात्परं किमपितत्त्वमहं नजाने ।**

**सञ्चिन्तयेद्भगवतश्चरणारविन्दं ।**
**व्रजाङ्कुशध्वजसरोरुहलाञ्छनाढ्यम् ॥**

**उत्तुङ्गरक्तविलसन्नखचक्रवाल -**
**ज्योत्स्नाभिराहतमहद्धृदयान्धकारम् ॥**

अन्यश्च :

**यच्छौचनिःसृतसरित्प्रवरोदकेन ।**
**तीर्थेन मूर्ध्न्यधिकृतेन शिवः शिवोऽभूत् ॥**

**ध्यातुर्मन : समलशैलनिसृष्टवज्रं ।**
**ध्यायेच्चिरं भगवतश्चरणारविन्दम् ॥**

*श्रीमद्भागवत तृतीय २८/२१ र २२*

०००

# श्रीमद्भागवतमा परोपकार

भागवतको षष्ठम स्कन्धमा देवता तथा दानवहरूको घोर संग्रमको वर्णन गरिएको छ । त्यसै युद्धलाई देवासुर संग्राम भनिन्छ । त्यस युद्धमा वृत्रासुरले देवताहरूलाई हराई देवताहरू यत्रतत्र भाग्ने गरायो । देवताहरूलाई युद्ध जित्न कठिन पऱ्यो । अनि सम्पूर्ण देवताहरू कतै जम्मा भई श्री भगवान्को सामूहिक प्रार्थना गरे । देवताहरूको प्रार्थनाबाट खुसी भएका श्री हरिले वर माग भन्नुभयो । देवराज इन्द्रले देवताहरूको कल्याण गर्नुहोस् भन्नुभयो । हे इन्द्र ! अब कत्ति ढिलाइ नगर। दधिचि मुनि अति परोपकारी छन् । उनमा ब्रह्मविद्याको ज्ञान अगाध छ । उनले मागेको वस्तु दिन सक्दछन्। परोपकारको लागि आफ्नो शरीरसमेत दिन सक्ने दधिचि ऋषिबाहेक अर्को कोही छैन ।

"मधुवन् यात भद्रंको दध्वञ्च ऋषि सत्तमम् । विद्या, व्रत, तप सारं गात्रेयाचतमाचिरम्" उनी अथर्व वेदी दधिचि ऋषि हुन् । उनले कुनै दिन त्वष्टालाई नारायण कवचको उपदेश गरेका थिए। सोही उपदेश त्वष्टाले पनि विश्वरूपलाई उपदेश गरेका थिए । ऋषि अति परोपकारी धर्मरक्षक छन् । भक्तको उपकारको लागि ती ऋषि अति दयालु छन् । जे दिन पनि पछि हट्दैनन् । अश्विनी कुमारले मागेमा अवश्य दिनेछन् । दधिचि ऋषिको शरीरको एक अंग हाड मागेमा अवश्य दिनेछन् । सोही हाडबाट विश्वकर्माद्वारा एक अमोधअस्त्र वज्र निर्माण गरी इन्द्रद्वारा अमोधवज्र प्रयोग गरेमा अवश्य वृत्रासुरको मृत्यु हुन्छ, यसमा अन्यथा मान्नुपर्दैन ।

**'ततःसुराणामसुरैरण परमदारूणः ।**
**त्रेतामुखे नर्मदायामभवत् प्रथमे युगे ॥**

यसको अर्थ हो त्रेता युगको सुरूमै नर्मदा नदीको तीरमा देवदानवको ठूलो युद्ध भएको हो । त्यस युद्धमा विश्वकर्माको सीपले दधिचिमुनिको हड्डीबाट बनेको वज्रद्वारा वृत्रासुरको मृत्यु भयो । यस कामले इन्द्रराजालाई ब्राह्मण पुत्र मार्दा ब्रह्महत्यासमेत लाग्यो । पछि ऋषिमुनिहरूको उपायद्वारा त्यो ब्रह्महत्या विभाजन गरी राजा इन्द्रलाई शुद्ध गराएका हुन् । यसैले भागवतमा परोपकारको महिमा कति रहेछ भन्ने कुरा बुझिन्छ । यस कारण हामीहरूले परोपकारी ऋषिहरूलाई नमस्कार गर्नैपर्छ ।

ooo

# व्रतबन्ध संस्कार

हाम्रो वैदिक विधिअनुसार शास्त्रीय विधिबमोजिम व्रतबन्ध (उपनयन) शास्त्रअनुसार ब्राह्मणको ८ वर्ष, क्षत्रियको ११ वर्ष, वैश्यको १२ वर्षमा उपनयन गर्नुपर्छ र आजसम्म वैदिक विधिले नै गर्ने चलन छ । आफ्नो नाम राशिबाट अर्थात् व्रतबन्ध गरिने कुमारको नाम राशिबाट चौथो, आठौं, ब्राह्रौं महिना जोगाउनुपर्छ अर्थात् ४, ८, १२ मा गर्नु हुँदैन । जस्तै कसैको जन्म मंसिर महिनामा भएको भए फाल्गुन महिना चौथो भयो । व्रतबन्ध गर्नु भएन । आषाढ ८ अनि बाह्रौं महिना कात्तिक नपार्ने । हाम्रो वैदिक विधिअनुसार र स्मृतिग्रन्थ, सूत्रग्रन्थ, अर्थात् गृह्यसूत्रानुसार विभिन्न संस्कारको उल्लेख भएको छ ।

जस्तै गर्भाधान, पुंसवन जातकर्म, षष्ठिकर्म, नामकरण, अन्नप्राशन, उपनयन व्रतबन्ध आदि र वेदारम्भ, समावर्तन गरिएका वैदिक कर्मको आ–आफ्नो महत्त्व छ । यिनै संस्कारले गर्दा बालकको दोस्रो जन्म मानिन्छ । यसैले त द्विजाति भनिएको हो । ब्रह्मोपनिषद्मा भनिएको छ :–

**"यज्ञो पवितम् परमं पवित्रं प्रजापते यत्सहजं पुरस्तात् ।**
**आयुष्यमग्रं प्रतिमुञ्च शुभ्रं यज्ञोपवितम् बलमस्तु तेजः ॥**

"यज्ञोपवित धारणा गर्नु ज्यादै पवित्र कर्म मानिन्छ । प्रजापति ब्रह्माजीका साथै यज्ञोपवित पनि साथै उत्पति भएको हो । यसैले यो वैदिक विधिअनुसार अधिकारवालाले धारणा गर्नाले बुद्धि, आयु, कीर्ति, यज्ञ, बढाउँदछ भन्ने मान्यता छ ।

व्रतबन्ध भएपछि "उपनीय गुरु शिष्यमहाव्याद्वतिपूर्वकम् विद्यामध्यायनं. शौचाचारश्च शिक्षयेत्" याज्ञवल्क्य स्मृतिमा उल्लेख भए अनुसार बालकहरूलाई ज्ञान शौचाचारको विकास गरी मानवीय गुणको आर्जन गर्नु उपनयन कर्मको मुख्य उद्देश्य हो । शंख स्मृतिमा भनिएको छ "सावित्री पतिव्रात्या सर्वधर्म बहिस्कृता" अर्थात् गायत्री मंत्र नसुनेको व्यक्ति सबै किसिमका धार्मिक कार्य गर्न लायक हुँदैन ।

पारस्कर गृह्यसूत्रमा व्रतबन्धका लागि उल्लेख भएअनुसार ब्राह्मण ८ वर्ष, क्षत्रीयको एघार वर्ष, वैश्यको १२ वर्ष, अति उपयुक्त समय मानिन्छ । व्रतबन्धको अन्तिम अवधि ब्राह्मण, क्षत्री, वैश्यादिको १६, २२, २४ वर्ष

मानिएको छ । सो समय काटे व्रात्य दोष लाग्दछ । व्रतबन्ध गर्नु नगर्नु एकै हुन्छ ।

यस्तै उपनयन कर्म गर्दा ब्राह्मण बालकलाई वसन्त ऋतु, क्षत्रीयलाई ग्रीष्म ऋतु, वैश्यका लागि शरद् ऋतु उपयुक्त हुन्छ । पारस्कर गृह्य सूत्रानुसार उपनयन कर्मका विभिन्न विधि विधानमध्ये सावित्री मंत्रदान प्रमुख मानिएको छ । जुन मंत्रले बुद्धि, तेज, कीर्ति यशको प्रकाश पार्दछ । गुरु या पिताद्वारा उपनयन गर्ने कुमारलाई मंत्र सुनाइन्छ । ॐ भूर्भुवः स्व तत्सवितुर्वरेण्यं भर्गोदेवस्य धीमहिः धियो योनः प्रचोदयात् । हामीहरूले यो सम्पूर्ण सृष्टिको उत्पन्न गर्नेवाला देवताको शुभ तेज धारणा गर्दछौं । उनै सावित्रीले हाम्रो बुद्धिलाई प्रकाश पारून् । ज्यादै शुद्ध भई यो मंत्र धारणा गर्नाले अवश्य बुद्धिको साथै तेज वृद्धि हुन्छ । यसमा अन्यथा मान्नुपर्दैन ।

पारस्कर गृह्यसूत्रमा बताएबमोजिम ब्राह्मणादिलाई सावित्री छन्दको गायत्री मंत्र, क्षत्रीयादिलाई त्रिष्टुप् छन्दको, वैश्यादिलाई जगती छन्दको गायत्री मंत्र अति उत्तम बताइएको छ । उपनयन व्रतबन्ध नगरेकाका लागि यस्ता मंत्रको अधिकार हुँदैन । अधिकार नभै शास्त्रमर्यादा रहँदैन । व्रतबन्ध गर्दा मंत्र सुनाउने पिता या गुरु उत्तम हुन्छ भन्ने कुरा शतपथ ब्राह्मण ग्रन्थमा लेखिएको छ । क्षत्रियादिका लागि ब्राह्मण गुरु नै उपयुक्त हुन्छ । एकै पटक सामूहिक व्रतबन्ध गर्ने कुरा शास्त्रीय मर्यादाभित्र पर्दैन। एकै पटक धेरैलाई मंत्र दान उपयुक्त हुँदैन भन्ने कुरा शास्त्रीय हो । वेदाध्ययन यज्ञादि गर्न उपयुक्त हुँदैन । मंत्र ग्रहण गरेपछि उपयुक्त हुन्छ । कार्पास सूत्रबाट बनेको यज्ञोपवित धारणा गर्नु वेश हुन्छ । ३-४ महिनामा र जुठो सूतक परेमा फेर्ने गर्नुपर्छ । स्त्री जातिको उपनयन विवाहलाई मानिएको छ । शूद्रादिलाई शास्त्रमा उल्लेख भएअनुसार महाभारत अनुसार विना मंत्र आफ्नो आफ्नो कुलाचारअनुसार सत्य/साँचो बोल्ने, शौचाचार गर्ने, शास्त्रीय मर्यादाबमोजिम पर्दछ । जस्तै सत्य/साँचो बोल्ने, सद्व्यवहार गर्ने, परोपकारी बुद्धि प्राप्त गर्ने कुरा शास्त्रीय मर्यादाभित्र पर्छ । सेवा नै ठूलो धर्म हो । **'सेवा हि परमो धर्मः'** भनिन्छ । सबै जातजातिको परं धर्म हो सत्य साँचो बोल्नु, चोरी नगर्नु, परोपकारी हुनु, सहयोग गर्नु, ईश्वरलाई मान्नु। किनभने ईश्वर सर्वत्र छ आफैमा समेत ईश्वर रहन्छ भन्ने सम्फनु, आफूलाई सबैको सेवक ठान्नु नै सबभन्दा ठूलो व्रत हो ।

ooo

# धर्म र संस्कृति

यो संसारमा जति पनि धार्मिक मानिसहरू छन् ती सबै आ–आफ्नो धर्म संस्कृतिअनुसार चलेका छन् हामी सनातन वैदिक हिन्दू धर्म संस्कृति मान्नेहरूले सार्थक शब्दानुसार देवनागरी लिपि प्रयोग गर्दछौं । "देवगवा उर्ध गच्छन्ति मनुष्य गवा तीर्थं गच्छन्ति" भन्ने सिद्धान्त छ । यसकारण सगरमाथाको देश भनेर विश्वशान्तिका अग्रदूत बुद्ध जन्मिएको हिमाली भूमि भनेर विश्वप्रख्यात छ । यसै भूमिमा हाम्रा ऋषि महर्षिहरूले तपस्या गरी विश्वमा शान्ति छरेका हुन् ।

आज विज्ञानको प्रगतिले विश्वमानव एक छ तापनि आ–आफ्ना धर्म संस्कृति अलग–अलग छन् । यसै भूमिबाट वेद उपनिषद्ले "सर्वे भवन्तु सुखिनः" भन्ने मन्त्रको उद्घोष गरेका हुन् । शिवले ज्ञानको ढोका यसै भूमिबाट खोलेका हुन्। हाम्रा अग्रज ऋषि महर्षिहरूले प्रत्येक मानवले गर्नुपर्ने धर्म अर्थ, काम, मोक्ष यी जीवनका चार पुरुषार्थ सिद्ध गर्ने सूत्र बताएका हुन् । मानिसका गर्भाधानदेखि मृत्युसम्मका सोह्र संस्कार हाम्रा धर्म संस्कृतिका सम्पदा मानिएका छन् । यसैले भनिएको छ : "विष्णु विस्मरणं विपत्ति" विष्णुलाई बिर्सनु विपत्ति हो भने "संपतयः नारायणस्मृति" – सम्पत्ति भन्नु हर्दम नारायणलाई सम्झनु हो । धर्म, संस्कृतिबेगरको मानव सभ्य हुँदैन । पञ्चतत्त्वले निर्मित मानिसको शरीरमा अन्य कति तत्त्वहरू छन् ? ती तत्त्वका इष्ट देव को–को हुन्, कुन–कुन इष्ट देवबाट केकस्ता तत्त्वहरू हामीलाई प्राप्त भएको छ ? सोकुरा जान्नु परम आवश्यक छ । उल्लिखित सबै कुरा बुझ्न सत्गुरुको आवश्यक पर्छ । सत्गुरु भनेका आफूलाई जन्म दिने मातापिता, मन्त्र तथा ज्ञानदिने अध्यापक मूल गुरुहरू हुन् भने जीवनमा आफूलाई हर क्षेत्रमा सहयोग गरी माया गर्ने परम गुरु मानिन्छन् । जन्म दिनेभन्दा आफूलाई दुःख परेका बेला हर वस्तुले सहयोग गर्ने अझ भन्नु पर्दा अन्नदाता ठूला हुन् । यस्तै समाजका गन्यमान्यजनका साथै देशविदेशका विद्वत्वर्ग पर्दछन् । यसैले असल मानवता प्राप्त गर्न गाउँ जिल्ला, देश, विदेश विश्वकै समाजको उत्थान गर्ने विशिष्ट महानुभावहरूको जानकारी हुनुपर्छ । सबभन्दा पहिलै "म को हुँ" भन्ने कुराको ज्ञान हुनुपर्छ । त्यसपछि मेरो कर्तव्य के हो, मेरो धर्म संस्कृति कुन हो भन्न्ने कुराको ज्ञान हुनुपर्छ । हामी सनातन वैदिक हिन्दू धर्म, संस्कृति र सभ्यता मान्नेहरूले हाम्रा देवीदेवताका नाम तथा उच्च हिमाल नदी तथा पुरातात्त्विक, प्राकृतिक नामबाट र आफ्नो जन्म

नक्षत्रबाट नामकरण गरी बोलाउने गर्नुपर्छ । जस्तै गणेश, विष्णु, शिव, शंकर, पशुपति, शाम्बराज, जयराम आदि पुरुषवाचक र गौरी, ईश्वरी, सरस्वती, खिमा, जया, शारदा, पार्वता, ललिता, गंगा, यमुना, जमुना, नर्मदा, यशोदा, रोहिणी, विद्या, गीता, छाँया, सीता, करूणा, अनुराधा, लक्ष्मी, राधा, गोमा, मीना, सृजना, सुष्मा, संन्ध्या, सावित्रा, सविता, सुप्रभा, प्रभा, कोपिला, रमा, राधा आदि र सुदर्शन महेश, युधिष्ठिर, युधीर, गिरिराज, गिरधारी, जनक, पृथ्वीपाल, गोपाल, गोविन्द, शशि, सुशीला, रामकृष्ण, पुरुषोत्तम, सहनशीला आदि नामकरण गर्ने चलन छ ।

यस्तै दीप, कलश, गणेशको स्थापना गरी लौकिक, वैदिक, तान्त्रिक विधिले पूजा, अर्चना, वन्दना गरी कार्यारम्भ, यात्रारम्भ, कर्मारम्भ गरिने संस्कृति छ । ज्योतिरूप दियो साक्षीरूप सबै वेदशास्त्र, गंगा, यमुना, मात्रिका, सागर सप्त द्वीप रूप कलश, सर्व विध्न बाधाहर्ता पार्वतीकुमार गणेशको आराधना गरिने संस्कृति छ । यस्तै प्रकारले युगयुगमा विभिन्न रूपले कार्य गर्ने रक्षा गर्ने देवदेवीको संभना गर्ने हाम्रो आर्य संस्कृति छ । अफ आफूलाई अप्ठारो पर्दा, शत्रुले आक्रमण गर्दा,आफ्नो शक्ति क्षीण हुँदा, शत्रु लाग्दा जगत् जननी दुर्गाशक्तिको आराधना गर्ने संस्कृति छ । निम्न नाम पुकार गरी निम्न मंत्रले देवीको पुकार गर्ने संस्कृति छ । ह्रीं ब्राह्मी देवीले मलाई पूर्व दिशाबाट रक्षा गरून् । ह्रीं माहेश्वरी देवीले आग्नेय दिशाबाट मेरो रक्षा गरून् । ह्रीं कौमारी देवीले दक्षिण दिशादेखि मेरो रक्षा गरून् । ह्रीं वैष्णवी देवीले नैऋत्य कोणबाट मेरो रक्षा गरून् । ह्रीं वाराही देवीले पश्चिम दिशाबाट रक्षा गरून् । ह्रीं इन्द्राणी देवीले वायव्य कोणबाट रक्षा गरून् । ह्रीं चामुण्डा देवीले उत्तर र ह्रीं महालक्ष्मी देवीले ईशान्य कोणबाट र ह्रीं व्योमेश्वरी देवीले माथिबाट, ह्रीं सप्तेश्वरी देवीले भूमिमा मलाई रक्षा गरून् । ह्रीँ कामेश्वरी देवीले मलाई पातालदेखि रक्षा गरून् । एवं प्रकारले साङ्ग न्यासपूर्वक र मुद्रापूर्वक देवीको आराधना गर्ने हाम्रो महान् संस्कृति छ । यस्तै देवदेवीका मन्दिर देखेर विश्वका मानिस मात्रले र नेपाल प्रवेश गर्ने पर्यटकहरूले समेत मन्दिरै मन्दिरको देश भनी नामकरण गरेका छन् ।

यस्तै प्रकारले सत्य, त्रेतादि युगमा आफूलाई आपत्-विपत् पर्दा, शत्रुले आक्रमण गर्दा देवताहरूले आ-आफ्नो शक्तिबाट जगत्जननी दुर्गादेवीलाई प्रकट गरी नमस्कार गरेका छन् । प्रत्येक व्यक्तिको शरीरमा रहने माया रूप देवीलाई हामीहरू नमस्कार गर्दछौं । चेतना रूपले सबै जीव मात्रमा रहने देवीलाई नमस्कार गर्दछौं एवं बुद्धि रूपले रहने, निन्द्रारूपले रहेकी,

भोक रूपले रहेकी, छाँया रूपले रहेकी, देवीलाई नमस्कार गर्दै प्राणीमात्रमा शक्तिरूपा देवीको बारम्बार नमस्कार गर्दछन् । जसजसले देव-देवीको सम्झना वन्दना गर्दैनन्, त्यस्तामा भ्रान्ति रूपले रहेकी देवीको बारम्बर नमस्कार गर्दछन् । यस्तै प्रकारले शान्तिरूप, कान्तिरूपले रहेकी देवीको पुकार गर्दै वृत्तिरूपका साथै दयारूपले रहेकी देवीलाई बारम्बार नमस्कार वन्दना गर्दैनौं भने हामीलाई दुःख नपरे कसलाई दुःख पर्ला र ? यसकारण हाम्रो धर्म संस्कृतिअनुसार अनादि कालदेखि अर्थात् सृष्टि कालदेखि नै देवीदेवताको अर्चना, वन्दना, सम्झना, गर्दै आएका छौं र पछि पनि गर्नेछौं । आज यिनै देव-देवीका मन्दिर तीर्थहरूले नै नेपाल र नेपाली भन्ने चिनाएको छ । यसकारण आस्था नै धर्म संस्कृति हो । हामी सबैलाई यही कुराको चनेतना हुनु जरूरी छ ।

ooo

# निर्गुण परब्रह्म, परमात्माको उपासना

निर्गुण, निराकार परब्रह्म, परमात्माको स्वरूप ज्यादै विलक्षण छ । आत्माको स्वरूप जान्न देख्न सजिलै सकिने कुरा होइन । ठूला-ठूला साधक परमभक्त योगनिष्ठ ऋषिहरूले मात्र जान्नबुझ्न देख्न सक्दछन् । अझ आफ्ना इन्द्रिय जिती ध्यानस्थ योगीजनले मात्र ज्योतिरूप आत्मा परमात्माको शुभ्रज्योति देख्न सक्दछन् । अनि मात्र त्यस्ता ईश्वरलाई प्राप्त गर्न सक्दछन् । सबै वेद ,उपनिषद्हरूले यही बाटो अपनाएका छन् । यसैले त **"सर्वोपनिषदोगावोदोग्धा गोपालनन्दनः"** भनिएको हो । सबै वेद उपनिषद्रूपी गाई दुहुने गोपाल श्रीकृष्ण भनिएको छ । त्यही दूध रूपी ज्ञान सर्वत्र सबैको प्यारो छ । यसकारण "गीता सुगीता कर्तव्या किमन्यै शास्त्र विस्तरै" भनिएको छ । वेदान्त शास्त्रको अन्तिम उद्देश्य ब्रह्मप्राप्ति हो । ॐकारवादी हामी हिन्दू वैदिक धर्म मान्ने सबै वैदिक मार्गीको गन्तव्यस्थल एउटै छ - ब्रह्मप्राप्ति । यसै कुरालाई ब्रह्मसम्बन्धी ज्ञान दिने योग, ब्रह्मसूत्र सबै उपनिषद्, वेद, वेदान्त, सबै धर्मशास्त्र अठारै पुराणहरूले यही कुरालाई अङ्गीकार गरेका छन् । यसैले सबै शास्त्रको अन्तिम उद्देश्य हो ब्रह्मप्राप्ति । यसै कुरालाई गीतामा परम्पद भन्ने नाम दिएको छ । संसारका सबै जीवात्मामा सच्चिदानन्द ब्रह्मको भावना गरेमा त्यो परमात्मा ब्रह्म आफैमा छ । अवश्य प्राप्त हुन्छ । त्यस्तो ब्रह्म प्राप्त गर्न के गर्नुपर्छ त्यो भन्दा आफूमा भएका मन, बुद्धि, चित्त अहंकारलाई जिती सबै इन्द्रीयहरूलाई र तिनका कार्यहरूलाई रोकी ध्येय ब्रह्ममा ध्यानस्थ भएमात्र अस्ति, भाति, प्रियको प्रतीति अवश्य हुन्छ । यसमा शंका मान्नु पर्दैन । यस्मा ज्ञान, ज्ञाता र ज्ञेयको प्रतीति हुन्छ। जो जानिने कुरा हो त्यो ज्ञेय हो । जान्नेवाला ज्ञाता ज्ञानी हो । जानिने ज्ञेय ब्रह्म हो । यसैलाई ईश्वर परमेश्वर आत्मा परमात्मा (गड्, अल्लाह) यावत् नाम रूपले प्रचलित छ । एउटै ब्रह्म ईश्वर हो त्यो सर्वत्र छ । व्यापक छ ।

ज्ञाताको अपेक्षा ज्ञान ठूलो हो। अनि जुन वस्तु जानिन आउँछ त्यो वस्तु ज्ञेय हो । यसकारण सच्चिदानन्द परमात्मा स्वरूपको ध्यान अन्य सबै ध्यानमा उत्तम मानिन्छ । सत् त्यसैलाई भनिन्छ; जुन वस्तु सदा भइ नै

रहन्छ । गीतामा भनिएको छ "नासतो विद्यते भावोनाभावो विद्यते सतः । उभयोरपि दृष्टोन्तस्त्वनयो तत्त्वदर्शिभिः" जुन रूप छ त्यो पुरुष मन बुद्धि इन्द्रियभन्दा पर छ, अर्थात् टाढा छ, सूक्ष्म छ, सत्य छ । असत् भाव हुँदैन । यी दुबै कुराको ज्ञान तत्त्वज्ञानीलाई मात्र थाहा हुन्छ, स्वार्थी इन्द्रिय लोलुपलाई हुँदैन ।

यस्ता सत्ता तीन किसिमका छन् - काल्पनिक सत्ता, व्यवहारिक सत्ता र वास्तविक सत्ता । यिनका उदाहरण धेरै छन्ः जस्तै मरूभूमिमा जल पानीको भान हुनु । आकाशमा नीलो रूप देखिनु । डोरीमा सर्पको भान हुनु । उपर्युक्त जल, नीलो, डोरीको वास्तविक ज्ञान भएपछि असत्य वस्तुको नाश भई हाल्दछ । सत्यवस्तुको ज्ञान हुन्छ । दृश्य घट,पट,मठ यावत् वस्तु नाशवान् छन् । तर त्यो परम्सत्ता देश, काल, नजिक टाढा भए पनि अभाव हुँदैन । सदा एकरस रहन्छ । त्यही सत्ता वास्तविक सत्ता हो । यस्तै प्रकारले हामी विभिन्न ज्योतिलाई हेरौं ज्योतिको पनि भेद छ । जुन सूर्य, चन्द्र, अग्नि, विद्युतादि ज्योतिहरू छन् । यिनीहरूको अपेक्षा इन्द्रियादिका ज्योति, मन, बुद्धि ग्राह्य छन् । इन्द्रियादिका ज्योति भन्दा अन्तस्करणको ज्योति सूक्ष्मतर छ । सूर्य, चन्द्र, अग्नि, विद्युत्को ज्योति नेत्रेन्द्रिय ग्राह्य छन् भने आत्माको ज्योति प्रत्यक्ष दृष्टि गोचर हुँदैन । ठूला-ठूला साधक र महात्माहरूले मात्र ध्यानस्थ अवस्थामा देख्दछन् । जुन व्यक्ति मन, बुद्धि, चित्तद्वारा एकाकार भई ध्यानस्थ हुन्छन् । त्यस्ता महात्माहरूले त्यो ब्रह्म (ईश्वर)को प्रतीति गर्दछन् । चित् के हो ? भन्दा त्यो चेतन हो । त्यस्ले सबै कुरा जान्दछ । सबैको प्रकाशक त्यही हो । जसलाई जो कोहीले जान्न सक्दैनन् । यही कुरालाई गीतामा भनिएको छ- "ज्योतिषामपि तज्ज्योतिस्तमस परमुच्यते" । त्यस्तो ब्रह्म ज्योतिमा पनि ज्योति हो । प्रकृति मायाभन्दा धेरै पर छ । यस्ता कुराको ज्ञान अभ्यासद्वारा हुन्छ । यसमा कुनै शङ्का छैन ।

त्यो परमात्मा सर्वज्ञ ज्ञानस्वरूप छ । ज्योतिको पनि ज्योति भएकोले अचिन्त्य छ । तम अज्ञानभन्दा पर छ । द्रष्टा छ, साक्षीस्वरूप छ । ज्ञाता तथा चेतनस्वरूप छ । अतिशय आनन्द भन्नु उही ब्रह्म हो । जीव वा

प्राणीमात्रले खोज्ने आनन्द भन्नु त्यही आनन्द हो । जतिसुकै विज्ञानले सुविधा दिए पनि मानिसलाई आनन्द हुँदैन, क्षणिक आनन्दले मानिस पूर्ण हुँदैन । ऊ खोजी रहन्छ परमानन्द ।

असीम अक्षय गुणातीत अर्थात् सत्व, रज तमलाई गुण भनिन्छ । यिनको साम्यावस्था प्रकृति हो । प्रकृतिका अनेक नाम छन् । प्रधान माया, प्रकृति आदि । भगवान् निर्गुण छ । यो निरतिशय परं सुखस्वरूप छ । त्यो अवस्थामा दुःखानुभव, सुखानुभूति हुन्छ । सूक्ष्म बुद्धिद्वारा ग्राह्य भएकाले अतिशयानन्द रूप भनिएको हो । यसैलाई सच्चिदानन्द भनिन्छ । त्यही हो परम्ब्रह्म परमात्मा सच्चिदानन्द घनस्वरूप भन्नु । यसकारण यसलाई जान्न सद्गुरुको आवश्यक पर्छ । सांसरिक नेत्रेन्द्रियहीन भए पनि सत् गुरु छन् भने ब्रह्म प्राप्ति हुन्छ । ध्यान साधन चित्तशुद्धि मन, बुद्धि, शरीर शुद्ध भए परब्रह्म परमात्माको यथार्थ ज्ञान सुखानुभूति हुने हुनाले घटघटवासी सर्वव्यापक सर्वसाक्षीरूप ईश्वर सर्वत्र छ । त्यस्ता ईश्वर ब्रह्मको सदा ध्यान गरी मोक्ष प्राप्त गर्नु मानव जुनी प्राप्त गरेका सचेत जनको परम उद्देश्य हुनुपर्छ ।

ooo

# अमृतपान

शास्त्रादिमा केही तत्त्व नभए परापूर्वकालदेखि ऋषि-मुनिहरू त्यसतर्फ लाग्ने नै थिएनन् । उनीहरूले धेरै परिश्रम तथा तपस्याद्वारा साँचो सत्य कुराको पत्ता लगाए । सोही ज्ञान आजसम्म पनि अटुट रूपमा धारा प्रवाहले आइ नै रहेको छ । यसकारण अमृतपान भन्नु मृत्युको अभाव अर्थात् मर्न नपर्ने कुरा हो । यसैले त मृत्युदेखि सबै डराउँदछन्. । आत्मा सदा अमर छ । यो कुरा गीतामा श्रीकृष्णले अर्जुनलाई बताउनुभएको छ । **'न जायते म्रियते वा कदाचिन्नायं भूत्वा भविता वा नभूयः । अजोनित्यं शाश्वतोयं पुराणो नहन्यते हन्यमाने शरीरे'** यो आत्मा न कहिल्यै जन्मिन्छ, न यसको मृत्यु हुन्छ । न यो भयो, न हुनेछ। यो आत्मा जन्मदैन, शाश्वत नित्य छ । त्यसैले भनिन्छ सबमा पुरानो । यो पाञ्चभौतिक शरीर मरे पनि आत्मा मर्दैन । मर्ने त शरीर हो। जीवले आफूले गरेको स्वकर्मको भोग अवश्य भोग्नुपर्छ शुभ होस् या अशुभ ।

देवयोनि अमर हो भनी अमरकोशमा भनिन्छ **'अमरा निर्जरा देवाः'** देव योनिमा पनि त अमरत्व छैन । अर्थात् हामी मानवदेहधारीको भन्दा क`ही बढी आयु देवताहरूको हुन्छ किनभने उनीहरूको अहोरात्र हामीहरूको एक वर्ष बराबर हुन्छ । हाम्रोभन्दा सयौं गुणा देवताहरूको आयु हुन्छ । उत्तरायण दक्षिणायण भन्नु देवताहरूको अहोरात्र हो । देवताहरूको आयुको गणना पनि सय वर्ष गनिन्छ ।

हाम्रो गणनामा देवताको आयु ३६,००० (छत्तीस हजार) वर्ष हुन्छ । यसैले देवताहरूलाई अमरै मान्नुपर्दछ । यो मनुष्यलोकलाई मर्त्यमण्डल भने झै देवलोकलाई स्वर्ग भनिन्छ । यस मर्त्यमण्डलमा मरणशील प्राणी जीवहरू बस्ने भएकाले मर्त्यमण्डल अर्थात् मर्त्यलोक भनिएको हो । देवताको पनि आयु हुँदो रहेछ "क्षणे पुण्ये मर्त्यलोकं विशन्ति" भनिएकोले देवलोकको आयु पनि यही हो । देवताहरू दिव्य वर्षमा गणना हुन्छन् । यस्तै अमृत नाम दिव्यपेय पदार्थलाई पनि भनिन्छ । देवासुर संग्राममा देवता दानव मिलेर अमृत निकाले । समुद्रबाट यो अमृत कल्ले खाने भन्ने कुरामा विवाद हुँदा भगवान्ले मोहनी अवतार लिएर देवताहरूलाई अमृत पान गराउनुभयो । त्यसैले त देवताहरू अमर भएका हुन् । भगवती श्रुतिमा भनिएको छ । "अपाम स अमृता अभूम" अब हामी सोचौं अमृत भनेको के हो ? जुन पान गर्नाले मर्न जन्मिन पर्दैन । **'पुनरपि जननं पुनरपि मरणं पुनरपि जननी**

**जठरे शयनम् ।"** सधैं जन्मनु अनि मर्नु। सदा आमाका गर्भमा बास बस्नु कष्ट काट्नु पर्दैन । सारा वेदहरूको तात्पर्य पनि यही हो । **"वेदैश्चव सर्वे अहमेव वेद"** भगवान्ले भन्नुभएको छ । सबै वेद भन्नु नै म हुँ। मेरो श्वासप्रश्वास भन्नु नै वेद हुन् । यस्तो वेदको ज्ञान भन्नु नै म हुँ । यस्तो रहस्यपूर्वकको वेदादिको ज्ञान गरेमा त्यस्तो ज्ञान गर्नेका मातापिताहरू पनि धन्य हुन्छन् । यसैले त भनिएको छ "कुलं पवित्रं जननी कृतार्था वसुन्धरा ... पुण्यवती" हुन्छिन् भनेर भविष्य पुराणमा बताइएको छ ।

त्यस्ता दैविक गुणयुक्तलाई शान्ति मिल्छ भनिएको छ "त्यागाच्छान्तिरनन्तरम् ।" त्यसै कुरालाई भागवत्गीतामा भनिएको छ - "सोऽमृतत्वायकल्पते ।" यसकारण सत्यज्ञानलाई पनि अमृत भन्नुपर्छ । यस्तै निराकार साकार भगवान्को ध्यान पनि अमृत हो जुन ध्यान गर्नाले ईश्वरत्व प्राप्त भई स्वयं नै ईश्वर अमर बन्दछ ।

"यतदग्रे विषमिव परिणामेऽमृतोपमम्" पहिला पहिला केही कठिन कार्य गर्न गाह्रो पर्छ तर पछि परिणाममा त्यो सफल भएमा अमृत बन्छ । त्यस्तै अर्ती उपदेश पहिला नमीठो लाग्दछ, रोगी मानिसलाई औषधि खाँदा तीतो लाग्दछ । परिणाममा त्यो अर्ती त्यो औषधिले ठूलो काम गरेको हुन्छ । त्यही अमृत बन्दछ । शास्त्रादिमा भनिएको छ । देवताहरूले पनि "ब्रह्म चर्येण तपसा देवा मृत्युमुपानतः" ब्रह्मचर्य र तपस्याले देवताहरूले अमृत पान गरे अर्थात् मृत्युलाई जिते । यही कुरालाई भनिन्छ "यदिच्छन्तो ब्रह्मचर्य चरन्ति" इच्छाले जलाएको बेला ब्रह्मचर्य धारणा गर्दछन् भनेर। यसैले इन्द्रिय तथा मनको संगम पनि अमृत हो । जसले अमर गराउँदछ । ईश्वर परमात्माको ज्ञान पनि अमृत हो । "विद्ययाऽमृतमस्नुते" अध्यात्म विद्याले पनि अमृत पान गराउँछ ।

"ऋते ज्ञानात् न मुक्ति" ज्ञानविना मुक्ति छैन । ईश्वरसम्बन्धी ज्ञानले र वेदादि ज्ञानले अमृत पान गराउँदछ ।

श्वेताश्वेतर उपनिषद्मा भनिएको छ–"तमेव विदित्वार्ति मृत्युमेति" तत्त्व कुराको तत्त्वज्ञान भएपछि मृत्युलाई जिती अमृततत्त्वको प्राप्ति हुन्छ ।

गीतामा भनिएको छ–"यज्ज्ञात्वामृतमस्नुते" जुन कुरा जान्नाले अमृत तत्त्व प्राप्त हुन्छ । त्यसैले त भनिन्छ "सत्यं ज्ञानमनन्तं ब्रह्म" सत्य ज्ञान नै अनन्त ब्रह्म हो । जुन जान्नाले अमरत्व प्राप्त हुन्छ । ईश्वर के हो भन्नेलाई उत्तर छ `"ज्ञानं ज्ञेयं ज्ञानगम्यम्" यस्तो ज्ञान गराउने भक्ति अमृत

हो । यसकारण सबभन्दा ठूलो ज्ञान भक्ति हो । यसले अमरत्व प्राप्त गराई मुक्ति दिन्छ ।

परब्रह्मसम्बन्धी ज्ञान गराउने वेद, गीता, भागवत, महापुराण, रामायण, राम, योग वाशिष्ठ्य आदि शास्त्रहरूले पनि ब्रह्मज्ञान दिन्छन्। यी पनि अमृत हुन् ।

यसैले भनिएको हो। **"श्रद्धावान् लभते ज्ञानम्"** श्रद्धावान् मानिसले पनि अमृतपान गर्दछन् । अन्य अमृतपान गराउने कुरा हुन् । "सद्पात्रायदियते दानम्" सद्पात्रमा दिएको दान भन्नाले आफूले नियमपूर्वक आर्जन गरेको धनबाट धार्मिक कार्यमा बहुजन हिताय जुन कार्यमा रहन्छ, त्यहाँ दिएको धनले पनि अमृत पान गराउँदछ । **"कलौ केशव कीर्तनात्"** कलियुगमा भगवान्को नाम लिनाले मात्र पनि अमृततत्त्व प्राप्त हुन्छ । सद्धर्म जान्ने व्यास, नारद, कुमारहरू, कपिलदेव, भगवान् शंकर, प्रह्लाद, जनक, भीष्म पितामह, बलि, शुकदेव स्वामी यिनीहरूले विशुद्ध धर्म जान्नाले पनि अमृत तत्त्व प्राप्त गरे "। यस्तै प्रकारले असल कार्य गर्नेले पनि अमृतपान गरे ।

ooo

# शास्त्रसम्मत जानिराख्नुपर्ने विषय

यस जीवनमा आफूले जान्नुपर्ने र अन्य आ–आफ्ना बालबालिकाहरूलाई जानकारी गराउने विषयहरू हुन्–हाम्रा धर्म र संस्कृति । वेदादिशास्त्रहरू त्यसै कसैले बनाएका होइनन् । यो विश्वको रचना कुनै वैज्ञानिकले लेखेको पनि होइन । वेदमा जति पनि ज्ञान–विज्ञान छ त्यो कुनै मानवले रचेको होइन । उनै सबैका घटघटवासी परमेश्वरले रचेको हो । देवता, मानिस, तथा जीव मात्रको कल्याणको लागि ईश्वरले रचेको हो । जब–जब धर्ममा विकृति आउँछ । तब–तब ईश्वरले पूर्णावतार/अंशावतार लिई धर्म रक्षा गर्नुहुन्छ । अधर्मीको संहार गर्नुहुन्छ । युग–युगमा विभिन्न अवतार लिनुभएको हो । त्यस्तै राम, कृष्ण अवतार लिएर दुष्ट दैत्यरूप रावण, कंशादिको वध गरी सज्जनको रक्षा गर्दै यो पृथ्वीमा आदर्श एवं मर्यादा स्थापना गर्नुभएको हो । कृष्णावतारमा आफ्ना प्रिय अर्जुनलाई महाभारतको रणसंग्राममा निमित्त बनाएर गीताको ज्ञान दिनुभएको हो ।

सोही बखतमा मेरा भक्तहरू चार प्रकारका हुन्छन् भन्नुभएको छ । अति जिज्ञासु, अर्थार्थी र ज्ञानी/आर्तभक्त त्यो हो । जब–जब रोग व्याधिले ग्रस्त गर्छन् तब–तब मानिसले भगवान् संभिन्छ । त्यस्ता भक्तलाई अतिभक्त भन्नुभएको छ । जिज्ञासु भक्त ती हुन् - केही जान्न खोज्ने । अर्थार्थी भक्तहरू हुन् : धन सम्पत्तिको रक्षा तथा आर्जन गर्न खोज्ने अर्थात् धन सम्पत्तिका लागि पूजा अर्चना गर्ने । ज्ञानी भक्त ती हुन् केही जान्न खोज्ने । यिनै ज्ञानी भक्त भगवान्का अति प्रिय भक्तहरू हुन् । मानिसहरू स्वभावले नै चार प्रकारका हुन्छन् उत्तम, मध्यम, अधम र नीच । उत्तम मानव त्यसैलाई भनिन्छ जसले आफ्नो कर्तव्य सम्झेर काम गर्छ । मध्यम मानिस ती हुन् - जसले आफ्नो र अरूको बराबरी हित हुने काम गर्दछन् । अधम त्यस्ता मानिस हुन् जुन मानिसले आफ्नो मात्र हित सम्झेर कार्य गर्दछन् । आफ्नो प्रशंसा गरी स्वार्थ सिद्ध गर्नसमेत पछि पर्दैनन् । नीच त्यस्ता मानिसहरू हुन् भनी जान्नु जसले आफ्नो भलाइ गर्नेको समेत हानि–नोक्सानी गर्न पछि पर्दैन । त्यस्ता जनहरू शारीरिक, भौतिक कारवाहीसमेत गर्न पछि पर्दैनन् । त्यस्तै व्यक्तिलाई नीच भनिएको हो । जातले कोही नीच हुँदैनन् । लक्ष्मीप्रसाद देवकोटा भन्दछन् - "मानिस ठूलो दिलले हुन्छ जातले हुँदैन ।" यिनै उपर्युक्त कुराहरूमा ऋषि मुनिहरूले धेरै वर्ष घाम, वर्षा, चीसो सही ठूलो त्याग तपस्या गरी शास्त्रादि अध्ययन गरी कर्तव्याकर्तव्यको पूरापूर विचार पुऱ्याई मानव, तथा जीवमात्रमा

कल्याण हुने कुरा र विश्व शान्तिको उद्घोष गरेका हुन् । अझ वैदिक हिन्दू धर्मावलम्बीले गर्ने कर्तव्य बताई छोडेका हुन् । यसैले भनिन्छ **"यतत् देश प्रसुतस्य सकाशात् अग्रजन्मनः । स्वं स्वं चरित्रं शिक्षेरन् पृथ्वीव्यां सर्वमानवा"** यो आर्यावर्तमा जन्मेका ब्राह्मणका छोराबाट पृथ्वीमा सबै मानवले आफ्नो-आफ्नो चरित्र शौचाचार सिकून् । यस कारणले सभ्यताको शिखरमा पुगेका हाम्रा पुर्खा ऋषिहरूले बताएको बाटोमा हिड्नु हाम्रो कर्तव्य हो । हामीले जीवनमा जान्नुपर्ने धेरै कुरा छन् । यो मर्त्यलोकलाई जस्तै परलोकलाई पनि जान्नुपर्दछ । आफूले गरेका शुभाशुभकर्मको भोग अवश्य भोग्नुपर्छ । नास्तिक जनले जेसुकै भने पनि आ-आफ्ना मृत माता पिताको अन्त्येष्टि कार्य श्राद्धादि यथोचित गर्दै रहनुपर्छ । छाड्नु हुँदैन । गीतादिले पनि कार्यमेवतत् भनेका छन् । अर्थात् सकुँञ्जेल पितृमातृको श्रद्धादि कार्य गर्दै गर्नु भनिएको छ । श्राद्धादिले सन्तुष्ट भएका पितृहरूले आयु, प्रजा (सन्तान) दिन्छन्, विद्या, स्वर्ग, मोक्षसमेत दिन्छन् भनिएको छ । श्राद्धादि नगर्नाले निराश भएका पितृहरूले आफ्ना सन्तानलाई श्राप दिन समेत पछि पर्दैनन् भन्ने कुरा शास्त्रादिमा बताइएको छ ।

आफ्ना सन्तानहरूलाई सनातन धर्म वेदोक्त कर्म गर्नु गराउनुपर्छ । ईश्वर सर्वत्र छ भन्ने कुरा सिकाउनुपर्छ । भित्र बाहिर सबैका घट-घटमा व्यापक रूपले साक्षीको रूपमा ईश्वर छ । शुभाशुभ कार्य गरेको उसले देख्दछ । त्यसकारण हर्दम शुभ कार्य गर्ने हुनुपर्छ । आफ्ना बालक बालिकाहरूलाई यही कुरा सिकाउँदै गर्नुपर्छ । यस्तै अरूको निन्दा आफ्नो प्रशंसा गर्नु हुँदैन । अति उत्तम मानिएका प्राचीन, नवीन, पूर्वीय शास्त्रीय विद्या, वेद, वेदाङ्ग, उपनषिद्, गीता पुराणादि र महाभारत योगवाशिष्ट, रामायण, रामगीता ज्योतिषीय मुहूर्त ग्रन्थहरू र कला कौशल ऐतिहासिक ग्रन्थहरू पढ्नु, सिक्नु-सिकाउनुपर्छ । प्रातः स्मरणीय ऋषि, मुनि, राम, कृष्ण, बुद्ध, सीता, जनक आदि र आफ्ना पिता-पुर्खाको चरित्र प्रतिदिन सुन्ने सुनाउने गर्नुपर्छ । वीर पुरुष कहलाएका देशभक्त सहिदहरूका इतिहास बारम्बार पढ्नु पढ्न लगाउनु जस्ले गर्दा आफ्ना बालबालिकाको मातृभूमिप्रति प्रेम बढ्दै जाओस् ।

यस्तै ज्ञान-विज्ञानबारे पनि सिकाउनुपर्दछ । आफ्ना माता-पिता गुरुजनप्रति आदर तथा सेवा गर्ने बानी बसाल्नुपर्छ । आफूले गरेका कार्यमा पारदर्शिता देखिने किसिमबाट गर्न सिकाउनुपर्छ । शाश्वत सत्य कुराको जानकारी आफ्ना बालबच्चा शिष्यहरूलाई सिकाउनुपर्छ । ज्ञान-विज्ञानका बारे पनि

सिकाउँदै गर्ने विज्ञानले प्रत्यक्ष केही उपलब्ध गराउँछ भने ज्ञानले कैवल्य मुक्तिसमेत गराउँदछ ।

जन्मने मर्ने शिशु, बालक, कुमार, कुमारी, युवा, प्रौढ, वृद्धावस्था जन्म मृत्यु यी कुरा भइरहने शास्वत कुरा हुन् । जन्मने अवश्य मर्छ । मर्नेको जन्म नित्य छ । नभई नहुनेमाथि तिम्रो शोक अयोग्य छ भन्ने कुरा सिकाउने गर्नुपर्छ ।

मानिस मर्दा सर्वनाश हुँदैन । २५ तत्त्वमा १० तत्त्वको मात्र अवशान हुन्छ । अरू तत्व यथावत् रहन्छन् । मनुष्य जीवनमा आफूले गरेका शुभाशुभ कर्मको फल अवश्य भोग्नुपर्छ । शुभ कर्मले स्वर्ग र अशुभ कर्मले गर्दा नरकादिको भोग भोग्नैपर्छ । नरकादि शरीर प्राप्त गरी अशुभ कर्मको भोग अवश्य भोग्नुपर्छ । नरकादिको शरीरलाई अतिवाहिक शरीर भनिन्छ । अतिवाहिक शरीर प्राप्त गरी नरकादिको भोग भोग्नुपर्छ । पुण्य गर्नेको पुण्य सकिएर फेरि स्वर्गबाट मर्त्यलोकमा आउनुपर्छ । यहाँ स्वर्ग र नरकबाट आएका मानिसहरू छन् । ती मानिसहरूलाई सज्जन मानवले तिनको लक्षण शरीरको बनावट, बानी–व्यहोरा, बोलीवचन आदिद्वारा चिन्दछन् । पाप तथा पाप कर्म गर्ने मानिसको तिर्यक योनीमा जन्म हुन्छ । चौरासि लाख योनि मानिएको छ । यस्तो दण्ड–सजाय भोग्दै पुनः मनुष्य योनिमा जन्म हुन्छ । यस जन्ममा सज्जनको संगत प्राप्त गरी पुण्य कर्मको प्रभावले मुक्ति प्राप्त गर्दछ भन्ने शास्त्र प्रमाणहरू छन् । यसैले भनिएको हो – **'एष एवहिलोकानां शिव पन्थाः सनातनः यं पूर्वैचानुसंस्तस्थु यत्प्रमाणं जनार्दनः ।'** यो वेदमार्ग लोक कल्याणवाला छ । पूर्व सज्जन मानिसहरू यसैमा चल्दै आएका छन् । यस्मा प्रमाण स्वयं जनार्दन नै हुनुहुन्छ । त्यसैले शिव पुराणमा भनिएको छ । अन्त कतै सुखको बाटो देखिएको छैन । पुराणहरूले बताएको बाटो नै श्रेष्ठ छ ।

ooo

# जीवनमा जानिराख्नुपर्ने कुराहरू

| | | | |
|---|---|---|---|
| १. | **चार वेद** | : | ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद । |
| २. | **अठार महापुराण** | : | १. श्रीमद्भागवत २. नारद ३. ब्रह्म, ४. पद्म, ५. विष्णु, ६. शिव ७. मार्कण्डेय ८. अग्नि ९. भविष्य १०. ब्रह्मवैवर्त ११. लिङ्ग १२. वराह १३. वामन १४. कूर्म १५. मत्स्य १६. गरूड १७. ब्रह्माण्ड १८. स्कन्ध । |
| ३. | **पञ्च तत्त्व** | : | तेज, जल, वायु, आकाश र पृथ्वी हुन् । |
| ४. | **पञ्चन्या** | : | अहिल्या, द्रौपदी, कुन्ती, मन्दोदरी र तारा । |
| ५. | **पञ्चकर्म** | : | जप, होम, तर्पण, रुद्राभिषेक र ब्राह्मणभोजन । |
| ६. | **पञ्चगव्य** | : | गाईको दूध, दही, घ्यू, गहुँत र गोबर । |
| ७. | **पञ्चगुण** | : | शब्द, स्पर्श, रूप, रस र गन्ध । |
| ८. | **पञ्चपर्व** | : | अष्टमी, चतुर्दशी, पूर्णिमा, औंशी र संक्रान्ति । |
| ९. | **पञ्चपात्र** | : | दुई जल पात्र, दुई आचमनी, एक थाली समेत पाँच पात्र। |
| १०. | **पञ्चपिता** | : | जन्मदाता (पिता), मंत्रदाता (गुरु), कन्यादाता (ससुरा), अन्नदाता (किसान) र भयत्राता (राजा) । |
| ११. | **पञ्चपातक** | : | ब्रह्महत्या, सुरापान, सुनचोरी, गुरुस्त्रीगमन र यी चार प्रकारका पातकीसँग सहवास गर्नु । |
| १२. | **पञ्चमहायज्ञ** | : | ब्रह्मयज्ञ (स्वाध्याय / अध्ययन / अध्यापन), देवयज्ञ (हवन), भूतयज्ञ (बलिवैश्वदेव), पितृयज्ञ (पिण्डदान, तर्पण), नृयज्ञ (अतिथिसेवा) । |

**१३. पञ्चमहाभूत** : पृथ्वी, जल, तेज, वायु र आकाश ।

**१४. पञ्चामृत** : गाईको दूध, दही, घ्यू, सक्खर (चिनी) र मह ।

**१५. पञ्चाङ्ग** : बार, तिथि, नक्षत्र, योग र करण ।

**१६. पञ्चधातु** : सुन, चाँदी, तामा, काँसो र पित्तल ।

**१७. पञ्चरत्न** : सुन, हीरा, मोती, निर र माणिक ।

**१८. पाञ्चायनदेवता** : गणेश, सूर्य, देवी, रुद्र र विष्णु ।

**१९. पञ्चैबाजा** : दमाहा, ट्याम्पो, सनाई, झ्याली र नरसिङ्गा ।

**२०. चारअवस्था** : जाग्रत, स्वप्न, सुसुप्ति र तूर्य ।

**२१. धर्मका चार पाउ** : दया, सत्य, शान्ति र अहिंसा ।

**२२. त्रिमधु (मधुपर्क)** : घ्यू, दही र मह ।

**२३. नवरत्न** : मोती, पन्ना, माणिक, गोमेध, हीरा, मुगा लहसुनिया, सुन, चाँदी ।

**२४. दशदान** : गाई, सुन, तिल, भूमि, कपडा, चाँदी, घ्यू, सक्खर (चिनी), नून र धान ।

ooo

# अधर्मका पाँच शाखा

जाने त्वामीशं विश्वस्य जगतो योनि बीजयोः शक्तिः शिवस्य च परं यत्तद्ब्रह्मनिरन्तरम् । अर्थ : मैले जानेको छु। हजूर सम्पूर्ण जगत्का स्वामी (मालिक) हुनुहुन्छ किनभने विश्वको योनिशक्ति (प्रकृति) अनि उसको बीज शिव (पुरुष) भन्दा पर जुन एक रस छ परब्रह्म छ त्यो हजूर नै हो।

हजूरले नै धर्म र अर्थ प्राप्त गर्नेवाला वेदको रक्षाको लागि दक्षलाई निमित्त बनाएर यज्ञलाई प्रकट गर्नुभएको हो । हजूरले नै बनाएको वर्णाश्रमको मर्यादा हो । जसलाई नियमनिष्ठ ब्राह्मणहरू श्रद्धापूर्वक पालन गर्दछन् । अधर्मका पाँच शाखा छन् :

(१) विधर्म (२) परधर्म (३) उपधर्म (४) छल (५) आभास

वेदोक्त धर्म मान्ने मानिसहरूले यी ५ कुरालाई त्याग गर्नुपर्छ । यस्को मतलब हो कुनै धर्मकार्य धर्म बुद्धिले गरे पनि आफ्नो मूल वैदिक धर्ममा बाधा पर्छ भने यो विधर्म हो । कुनै अरू विधर्मीद्वारा बताइएको धर्म परधर्म हो । पाखण्डमा दम्भको नाम उपधर्म हो । वेदोक्तशास्त्रका वचनलाई अरू नै अर्थ लगाउनु छल हो । मानिसले आफ्नो आश्रम विपरीत जुन धर्म मान्दछन् त्यो आभास हो । यस्ता विपरीत धर्मले शान्ति दिंदैनन् ।

ooo

# मलमासमा के-के गर्न हुन्छ, के-के गर्न हुँदैन ?

यो विषय पनि ज्यादै जनचासोको विषय भएकाले यहाँ लेख्ने धृष्टता गरेको छु । एक वर्षभरिमा सौर्यमानअनुसार ३६५ दिन हुन्छन् । बाह्र महिना हुने सर्वमान्य सिद्ध छ । त्यस्तै चन्द्रमान तिथिमा आधारित हुन्छ । जब सूर्य चन्द्रको अन्तर गति ७२० कला हुन्छ । तब एक तिथि पूर्णकाल मानिन्छ । यस्ता तिथिहरू ३० वटा पूर्ण भएपछि १ चन्द्रमास पूर्ण हुन जान्छ । यसरी तिथि सूर्यचन्द्रको गतिमा आधारित हुने र चन्द्रमास तिथिमा आश्रित हुने भएकाले सौर्यमास जस्तो चन्द्रमास सामान्य गतिमा निश्चित हुँदैन । पूर्वीय मान्यताअनुसार मलमास नियमित प्रक्रिया हो । निश्चित समय बितेपछि मलमासको पुनरावृत्ति भइनै रहन्छ । पश्चिमेलीहरूको लिप इएरको दिन निश्चित र पूर्वीय परम्पराको क्षयमास कार्तिकादि तीन महिनामा हुने निश्चित छ । त्यसरी मलमास सधै निश्चित महिनामा मात्र हुन्छ भन्ने प्रमाण पाइन्छ **'सर्वेषुमासेष्वधिमासक स्यात्'** भन्ने यस्तो आप्तवचनबाट अधिमास सबै महिनाहरूमा हुन सक्ने देखिन्छ । त्यसै अनुरूप २०६७ वैशाखमा अधिमास परेको थियो । यस्तो मलमास अवधिमा के–के गर्न हुन्छ के–के गर्नु हुँदैन ? यो कुरा जनचासोको विषय भएकाले यस्तो कुराको उल्लेख हाम्रा धर्मशास्त्रका ग्रन्थहरूमा भएको छ । धार्मिक मान्यताअनुसार मलमसमा नित्यकर्म गर्न हुन्छ । नैमित्तिक कर्म गर्न हुन्छ । जस्तै नित्यकर्ममा पर्ने स्नान, दान, नित्य पाञ्चायनी पूजा, हवन, तर्पण । नैमित्तिकमा पर्ने पुंसवन, जन्म, नामकरण, मृत्युसंस्कार दशगात्र विधि सपिण्डी कर्म गर्न हुन्छ । मलमासमा विशेष तिथि श्राद्ध, विवाह, व्रतबन्ध, चूडाकर्म, सप्ताह, नवाह, महारुद्री, शतचण्डी अन्य विशेष माङ्गलिक विवाह कार्य गर्नु हुँदैन । नित्य गरिदै आएका पाञ्चायनी पूजा नित्यपूजा नित्य तर्पण, नित्य श्राद्ध नित्य हवन यस्ता कार्यहरू भने शास्त्रीय विधिअनुसार गरी अझ पुरुषोत्तम माहात्म्य श्रवण, पुरुषोत्तम भगवान्को पूजा–अर्चना गर्न अति योग्य हुन्छ । यस्तो मलमास या उल्का अशुभ अमाङ्गलिक होइन । मलमासहरूको विकार स्वरूप (मयल) पापबाट उत्पन्न भएकाले यस्ता

महिनामा विशेष रूपबाट शुभ माङ्गलिक कार्यहरू नगर्नू भन्ने धर्म शास्त्रहरूको मान्यता छ । विवाह गरेपछिको प्रथम मलमासमा पति साथमा नबस्नू। आफ्ना पतिलाई अनिष्ट हुन्छ भन्ने कुरा हाम्रो हिन्दूधर्म शास्त्रादिमा उल्लेख भएको पाइन्छ । मुहूर्त चिन्तामणि भन्ने ग्रन्थमा राम दैवज्ञले "ज्येष्ठे पति" ज्येष्ठ मलमासमा **"पति ज्येष्ठ मलमासाधिके पति हन्यादिति भर्तृगृहे वधू"** भन्ने प्रमाण दिएका छन् ।

यस्तै अन्य ग्रन्थहरू हुन्- मुहूर्तमार्तण्ड। नारायण दैवज्ञले पनि सोही कुराको प्रमाणित गरेका छन् । ज्योतिष निबन्ध धर्मशास्त्रीय मूर्त ग्रन्थ हो । शिवदासले पनि "विवाहात्प्रथमे दोषे आषाढे चाधिमासहे" भन्दै प्रथम अधिमासमा विवाहिता महिला पतिगृहमा बस्दा अनिष्ट हुन्छ भन्ने कुरा बताएका छन् । यस्तै अन्य ग्रन्थहरू हुन् - विवाह वृन्दावन, विवाह पहल शङ्खधर कृत मुहूर्तचूडामणि, मुहूर्त कल्पद्रुम, मुहूर्त माला, मुहूर्त प्रदीप, मुहूर्त गणपति, व्यवहार प्रदीपजस्ता ग्रन्थहरूले यिनैकुराहरूलाई विशेष रूपले विस्तृत उल्लेख गरेका छन् । यस्तो शास्त्रीय मर्यादा अति उत्तम मानिन्छ, मानिसको जन्म मृत्यु आफ्नो बसमा मानिंदैन । यी प्राकृत विषय हुन् । गणितीय प्रक्रिया विचित्रको हुन्छ । यो कुरा अति सूक्ष्म हुन्छ । तिथि, नक्षत्र, मुहूर्तको प्रभाव मानिसहरूमा अवश्य पर्छ । असल तिथि मुहूर्त, नक्षत्रमा जन्मेका बुद्ध, राम, कृष्णको जन्मबाट पनि थाहा हुन्छ, ग्रह-नक्षत्र मात्र उच्च स्थानमा जन्मेका मानिस महान् भएको कुरा सबैलाई विदितै छ । रेडियो तथा पत्रपत्रिकाका आधारमा देववाणी संस्कृत अमर भाषा हाम्रा सबै विधि व्यवहार धर्मकर्म सबै वैदिक विधि संस्कृत भाषामा छन् । यसको जानकारी हुनु अति आवश्यक छ । पशुलाई मात्र कर्तव्याकर्तव्यको थाहा हुँदैन । हामी वैदिक विधि-विधानअनुसार चल्ने सृष्टिको आदिकालदेखि नै सभ्यताको शिखरमा पुगेका आर्यजातिले यस्तो सभ्यता, भाषा, संस्कृतिको ख्याल गर्नैपर्छ ।

विश्वका सात आश्चर्यमध्ये चीनको विशाल पर्खालको पश्चिमी द्वारमा १४ फूट लामो संस्कृत मन्त्र चित्रित गरिएको छ भनी प्राध्यापक हरदेव मिश्रले पनि धेरै अघि हामीले महाविद्यालयमा पढ्दा चीनको भ्रमण पछि भन्नुभएको

थियो। सो लेखको बारेमा हालसालै पत्रपत्रिकामा समेत प्रचारप्रसार भएको पाइयो । यो परंपवित्र मन्त्र मङ्गोल संम्राट् कुब्ला खाँले १४ चौधौं शताब्दीमा राखेका हुन् भन्ने धेरै विद्वान्हरूको मत छ । सबैभन्दामाथि संस्कृत देवनागरी लिपिमा अलङ्कृत मन्त्र हो "ॐनमो भगवते आर्य समन्त विमलोष्णिव विजयायैः" भनेर अङ्कित गरिएको छ । पश्चिमेली विद्वान्हरूले रोम र यूनानको सभ्यताको बारेमा धेरै प्रशंसा गर्दछन् । हामीले पनि आदि ग्रन्थ वेद, देवनागरी लिपि, हाम्रो संस्कृतिको प्रशंसा गर्नैपर्छ । अरस्तुले यसो भने भन्नुभन्दा चाणक्यले यसो भनेका छन् भन्दा गौरव हुन्छ । आजको युगमा हाम्रा देशका विद्वान्हरू पाश्चात्य विद्वान्हरूको पछि लागेर हाम्रा देशका योजनाकार विद्वान्हरूले संस्कृतलाई अवहेलना गरेका छन् । तर पश्चिमेली मुलुकका विश्वविद्यालयमा औपचारिक अनौपचारिक रूपमा अगाध ज्ञानले भरिपूर्ण भएको संस्कृत भाषा साहित्यको पठनपाठन हुन्छ भन्ने सुन्दा र प्रचार-प्रसार भएको देखिदा संस्कृतज्ञलाई हर्ष लाग्नु स्वाभाविकै हो । आजको यो कम्प्युटरको युगमा संस्कृत भाषा कम्प्युटरको लागि धेरै उपयुक्त छ भन्ने कुरा हाम्रा संस्कृत तथा विश्वभाषा अंग्रेजी अध्ययन गरेका विद्वान्हरूबाट सुन्दा कस्को मन हर्षित हुँदैन र ? जर्मनका विद्वान् गेटेले त भनेका छन् "ऐश्वर्यं यदि वाञ्छसि प्रिय सखे शाकुन्तलं सेव्यताम् ।" हे प्रिय साथी ! तिमी यदि ऐश्वर्य चाहन्छौ भने शाकुन्तल काव्य पढ"। यस्तै महाभारतलाई पनि भनेका छन् - **'यद् यत्रास्ति तद् अन्यत्रापि अस्ति । यद् यत्र नास्ति तद् अन्यत्रापि नास्ति'** जुन कुरा महाभारतमा छ त्यो कुरा विश्वमा छ । जुन कुरा महाभारतमा छैन त्यो कुरा विश्वमै छैन ।

जर्मनीले आज संस्कृत विद्याको अनुसन्धान गर्न थालेपछि निस्केका अनुसन्धानात्मक कृतिलाई युरोप, अमेरिका आदि देशमा पौरस्त्य विद्याका रूपमा पढ्ने पढाउने गरिन्छ । आज विज्ञानको चमत्कारले साँघुराइएको विश्वमा अशान्तिले बास गरेको छ । संस्कृत वाङ्मयमा आबद्ध भाषा विज्ञान ज्योतिषशास्त्र, खगोल, भूगोल, आत्मा शुद्धिको लागि वेदका तीनै

काण्ड, कर्मकाण्ड, उपासना, ज्ञानकाण्ड सचेत मानवको लागि अत्यन्त उपयोगी सिद्ध भएका छन् ।

यस्तै आयुर्वेद, योगशास्त्र, वास्तुकला विद्या, प्राकृतिक चिकित्साशास्त्र, तन्त्रशास्त्र, चित्रकला, मूर्तिकला विद्या सबै किसिमका जीवनोपयोगी छन् । यी सबै संस्कृत वाङ्मयमा आबद्ध छन् । अझ ऐतिहासिक शिलालेख शास्त्रीयकला विद्या (नाचगान) यसै भाषामा अङ्कित छन् । मानिसलाई वैज्ञानिक सुख-सुविधा, धनजनले मात्र मन सन्तोष हुँदैन । विभिन्न किसिमका खाना, वस्त्राभरण र अलङ्कारले मात्र पुग्दैन । उसलाई त काव्य, कलादर्शनको आवश्यक पर्छ । यसैले भनिएको छ – **'साहित्य संगीत कला विहीन साक्षात् पशु पुच्छ विषाणहीनः'** अर्थात् जस्मा साहित्य छैन, संगीत छैन, कला कौशल छैन त्यस्तो मानिस साक्षात् पुच्छर सिंग नभएको पशु हो । यस भाषामा दर्शनशास्त्र, उपनिषद्, गीता, रामायण उपमा आदि अलङ्कार र छन्दले परिपूर्ण छन् । कालिदासका कृति शाकुन्तल, मेघदूत आदि साहित्य पश्चिमेली मुलुकमा पनि लोकप्रिय भएका छन् । अझ विश्वशान्तिका अग्रदूत गौतम बुद्ध यसै भाषामा दीक्षित भएकाले उहाँका त्रिपिटक विभिन्न उपदेश यसै भाषामा अंकित छन् । बुद्धका अष्टाङ्गयोग यसै भाषामा छन् । **'बुद्धं शरणं गच्छामि, संघं शरणं गच्छामि । धम्मं शरणं गच्छामि ।'** यावत् शान्ति मंत्र यसै भाषामा अंकित छन् ।

ooo

# हाम्रो धर्म-दर्शन

संसारमा विभिन्न किसिमका धर्मदर्शन मान्ने मानिसहरू छन् । जस्तै क्रिस्चियन धर्म,मुस्लिम धर्म आदि । किस्चियनहरूले आफ्नो मूलग्रन्थ बाइबल मान्दछन् । मुस्लिमहरूले आफ्नो मूलधर्म ग्रन्थ कुरान पढ्दछन् । बुद्धिष्ठहरूले बुद्ध धर्म मान्दछन् । वास्तवमा यो धर्मदर्शन हिन्दू धर्म जस्तै हो । बुद्ध धर्मदर्शन मान्नेमान्छे धार्मिक जस्तै हो। बुद्ध धर्मदर्शन मान्ने धार्मिकजनहरूले शिवलाई मान्दछन्, अहिंसालाई विशेष महत्त्व दिन्छन् ।

हामी ॐकारवादी हिन्दूहरूले मूल धर्मग्रन्थ वेद मान्दछौं । हाम्रो मूल धर्मग्रन्थ वेद नै हो । यसैले भनिन्छ **'वेदविहितो धर्मः'** वेदले बताएको धर्म गर्नू भनिएको हो । धर्म भन्नाले कर्तव्य बुझिन्छ । यसै धर्मले सचेत मानव भन्ने बुझिन्छ । यही धर्मले नै मानव र पशु भन्ने छुट्टिन्छ । मानिस र पशुमा विवेक र बुद्धिको भिन्नता छ । आहार-निद्रादि अन्य कुरामा समानता छ । यो कुरा गर्नुहुन्छ । यो कुरा गर्नुहुँदैन भन्ने कर्तव्याकर्तव्य बुद्धिले नै मानव भन्ने बुझिन्छ ।

हामी हिन्दूहरूको मूल धर्म ग्रन्थ वेद हो । वेद अपौरूषेय हो । यो शास्त्र ग्रन्थ कुनै व्यक्ति विशेषले रचेको होइन । यो ग्रन्थ विश्वका सबै धर्महरूमा पुरानो धर्मग्रन्थ हो । हाम्रा तमाम क्रियाकलाप सच्चरित्र, सभ्यता, नैतिकता, दया, परोपकार, अनुशासन, अहिंसा, वेद धर्मदर्शन अनुसार चलेका छन् । वेद ईश्वरको श्वासप्रश्वासबाट प्रकट भएको हो । हाम्रा पूर्वज ऋषिमुनिहरूले तपस्याको बलले दिव्यदृष्टि प्राप्त गरी संग्रह गरेको ग्रन्थ हो वेद । यस्तै सुशिक्षा प्राप्त गरेका सती नारीहरू मैत्रेयी, गार्गी आदि समेतले दिव्य दृष्टिबाट संग्रह गरिएका ऋचाहरू हुन् ।

यस्ता वेद चार किसिमका छन्, ती हुन् : यजुर्वेद, सामवेद, ऋग्वेद र अथर्ववेद । यजुर्वेदमा विभिन्न वेदमन्त्र तथा उपनिषदहरू पर्दछन् । सामवेदमा गान, बजान, शास्त्रीय लय, राग, नृत्य आदि पर्दछन् । ऋग्वेदमा विज्ञान छ भने अथर्व वेदमा अर्थनीति, धर्मनीति, राजनीतिशास्त्र आदि छन् । आयुर्वेदमा शल्यक्रिया विद्याका साथै शस्त्रअस्त्र निर्माण विधिका अतिरिक्त प्रयोगविधिको विधान छ । वेदमा शाश्वत सत्य ज्ञान तथा उपासना र भक्तिको विशेष विधान छ । सत्कर्म गर्नाले शरीर शुद्ध भई उत्तम भक्ति प्राप्त हुन्छ । यही शुद्ध भक्तिले नै भगवान्मा निर्मल मन निरन्तर लाग्दछ । उपासनाले आफूमा भएका पूर्वार्जित पापताप नाश भई

आफू निर्मल भई विवेक बुद्धि प्राप्त हुन्छ । पापतापको निवृत्तिपछि सत्यज्ञानको उदय हुन्छ । यही सत्यज्ञानले नै मुक्ति मिल्दछ । मुक्ति भन्नु मोक्ष हो । मोक्ष भन्नु कैवल्य हो । कैवल्य भन्नु नै जन्म मरणरूपी चक्रबाट छुट्कारा पाउनु हो ।

यस्तै हाम्रा शरीरमा विभिन्न दैवी शक्तिहरू छन् । आमाको रूपमा दया माया, करूणा गर्ने जगज्जननीदेवी रहेकी छन् । सम्भना, निद्रा, लक्ष्मीरूपा देवीलाई नमस्कार गर्नैपर्छ । विद्यारूपले अर्थात् सरस्वतीले हामीलाई ज्ञानोदय गराउँदछिन् । यस्ती बुद्धिरूपा देवीलाई बारम्बार नमस्कार गरी आफ्नो कर्तव्य पथमा लाग्नु हाम्रो परम कर्तव्य हो । यदि यस्ती आमा रूपा देवीलाई सम्भिएन भने ती देवीले हाम्रो विवेक बुद्धिलाई भ्रान्त पारिदिन्छिन् । हामीले सर्वप्रथम आफूलाई चिन्नुपर्छ । हामीमा के–कस्ता तत्त्व छन् । ती के तत्त्व हुन् ? पहिले आफूलाई आफै जानेर परिपक्व हुनुपर्छ । हामीमा भएका पञ्च तत्त्व अर्थात पञ्च महाभूत (पृथ्वी, जल, तेज, वायु र आकाश) रहेका छन् । अनि पञ्च ज्ञानेन्द्रिय, पाँच कर्मेन्द्रिय, पुनः पञ्च तन्मात्रा र अन्तस्करण चतुष्टय (मन, वुद्धि, चित्त र अहंकार) यी २४ तत्व र सूक्ष्म रूपमा स्वयं ईश्वर गरी २५ तत्त्वको घर शरीर हो । यस कारण हामीमै रहेको जीव तत्त्वलाई परंतत्त्व (ईश्वर) परमात्मामा मिलाउनु हामीहरूको परमकर्तव्य हो ।

यही नियमले जीवात्मा स्वयं परमात्मा ईश्वर भनिन्छ । ईश्वर नमान्ने नास्तिकले मात्र आफूलाई नचिनेर नजानेर ईश्वर छैन भन्दछन् । ईश्वर (गड) नमान्ने विश्वमा कुनै देशका जनता छैनन् । आनन्द नै ईश्वर हो । गीता वेदादिले यही भनेका छन् । आनन्द नै ईश्वर भएकाले सबैले आनन्द खोज्दछन् । नास्तिकले पनि आनन्द मन पराउँछ । यसैले त हाम्रा वेदादिले भनेका छन् – "आनन्देन जायन्ते" आनन्दबाट नै जन्मिन्छन् आनन्दले नै रहन्छन्, अन्तिममा आनन्द नै खोज्दछन् । यसैले त वेदादिले **"वसुधैव कुटुम्बकम्"** भनेका छन् । वेदशास्त्रको अर्थ जान्न जो कोही जनलाई ज्यादै दुर्बोध्य भएकाले परं दयालु वेदव्यासजीले वेदशास्त्रको व्याख्या विभिन्न अठार पुराणहरूमा विस्तृत रूपले कथाको रूपमा सबैले बुभ्रून् भनी प्रकाश पारिदिनुभएको छ । त्यसमा पनि अन्तिम भागवत महापुराणमा भक्ति, ज्ञान, वैराग्यसहित परब्रह्म परमात्मा ईश्वरलाई प्राप्त गराएर नै छोड्नुभएको छ । भागवतको तत्त्व बुभ्रन अधिकारी हुनुपर्छ । अर्थात् वेद, व्याकरण, दर्शन, नीति, नियम ज्ञानभक्ति र वैराग्य प्राप्त गरेका

जनले मात्र भगवत प्राप्त गर्छ । यस्तो जान्नको लागि सत् गुरुको शरणमा जानुपर्छ ।

यस्तै परम कठिन कुरालाई जानेर श्री वेदव्यासजीले पाँचौं वेद भनी महाभारत लेखी स्त्रीजाति र पुरुषजातिलाई राम्रोसँग बुझ्ने तरिकाले विस्तृत रूपमा प्रकाश पारिदिनुभएको छ । यसकारण महाभारतमा संसार भरिका व्यावहारिक कुराका साथै राजनीति, धर्मनीतिका र अर्थनीतिका यथार्थ कुरा पाइन्छन् । यसैले त जर्मन कवि गेटेले "यद् यत्रास्ति तद् अन्यत्रापि अस्ति, यद् यत्र नास्ति तद् अन्यत्रापि नास्ति" भन्नुभएको छ । यसको अर्थ हो - जुन कुरा महाभारतमा छ, त्यो कुरा विश्वका सबै ठाउँमा छ । जुन कुरा महाभारतमा छैन, त्यो कुरा विश्वमा नै छैन भन्नुभएको छ । यस कारण हाम्रा भविष्यका कर्णाधार भाइबहिनीहरूले वेद, पुराण, महाभारत, उपनिषद् आदि र आदिकाव्य वाल्मीकीय रामायणतर्फ एक नजर दिनैपर्छ ।

ooo

# मानिसमात्रले जान्नुपर्ने अरू कुरा

- सबैले मान्ने कुरा हो -ईश्वर ।
- सबैले जान्नुपर्ने कुरा हो -आत्मा ।
- सबैले दिनुपर्ने कुरा हो -भगवान्मा भक्ति ।
- सबैले जोड्नुपर्ने कुरा हो -आत्मामा मन ।
- सबैले मार्नुपर्ने कुरा हुन् - काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य ।
- सबैले केही बाँकी नराखी दिने कुरा हो - ज्ञान ।

ooo

# के गर्नाले आफ्नो आयु बढ्दछ ?

आफ्नो चरित्र राम्रो भएमा सबैले प्यारो गर्दछन् । ईश्वर मान्ने, आस्तिक बन्ने, गुरु, मातापिता र सत्शास्त्रलाई मान्ने र सदाचारमा श्रद्धा राख्ने अनि कसैको रिस डाह नगर्नाले आफ्नो आयु बढ्दछ । यस्ता स्वभावका मानिसहरू दीर्घजीवी हुन्छन् । झिंझा नटोक्ने, नङ, कपडा नटोक्ने, जुठो भएर नबस्ने "उच्छिष्टमर्पिचामेध्यं भोजनं तामसप्रियम्" भनेकाले अपवित्र जो कोहीको जुठो पनि नखाने, जुठो भएर नबस्ने गर्नाले आयु बढ्कदछ । धेरै बकबक नगर्नाले, उदाउँदो सूर्य नहेर्नाले, पानीमा रहेको, माझ आकाशमा रहेको ग्रहण नहेर्नाले आयु बढ्दछ । उदाइसकेका सूर्यलाई अर्घ्य दिनाले, नमस्कार प्रणाम गर्नाले आयु बढ्दछ ।

फोहोर मैला नछुने, छोए सफासँग हात धुनाले, फोहोरमाथि नबस्नाले, भुस, कपालका रौं, खरानीमाथि नबस्नाले आयु वृद्धि हुन्छ । टाढा-टाढा जाँदा साथी बेगर नजानाले, साँझ परेपछि राम्रो ठाउँ हेरी बस्नाले, शत्रु नोकर आफन्तजनसँग नहेपिनाले, के कस्तो मानिस हो भनी चिन्नाले आयु बढ्दछ । बिहान सबेरै एक्लै नहिड्नाले, यस्तै मध्यरात्रिमा, चौबाटामा एक्लै नहिंड्नाले, अर्काका जुत्ता, चप्पल, कपडा नलगाउने आफ्नो आयु वृद्धि हुन्छ । सदा एउटै थालमा खानाले, पाकेको खाना तथा पकाउने जनलाई दोष नदिई खानाले आयु वृद्धि हुन्छ ।

श्रद्धासाथ नमागीकन अरूले दिएको खानाले, रातमा दही नखानाले, खुट्टा धोई खानाले आयु बढ्दछ । अरूसँग झै झगडा नगर्नाले, चुक्ली चाप्लुसी नगर्नाले दीर्घजीवी भइन्छ ।

मन, वचन, कर्मले कोही कसैको मन नदुःखाउनाले आयु बढ्दछ । प्रातः कालमा उठ्नाले, प्रातःकालीन भ्रमण, प्रार्थना, प्राणायाम, स्नान, जपतप पूजा पाठले दीर्घजीवी भइन्छ । बाटामा हिड्दा देशका प्रमुख वर्ग दुलहा-दुलही, गाई, मान्यजन, बूढाबूढी, अशक्त मानिसहरूलाई बाटो छाडी दिनाले दीर्घजीवी भइन्छ । गर्भिणी नारी, दुर्बलजनलाई आवश्यक सहयोग गर्नाले आयु वृद्धि हुन्छ । आफ्ना पितृको श्राद्ध, औंशी, पूर्णिमा, एकादशी, शुभ

व्रतादिमा ब्रह्मचर्य धारणा गर्नाले दीर्घजीवी भइन्छ । सदा मन्दिर, घरमा दीपोज्ज्वलन गर्नाले, भोजनको बेला हातपाउ धोई खानाले, चीसा गोडा नसुत्नाले, भिक्षा दानले, भोकालाई भोजन गराउनाले आयु बढ्दछ ।

सदा अग्निको प्रार्थना, गाई, भिक्षा, अशक्तमा भोजन, भिक्षा दानले दीर्घजीवी भइन्छ । यस्ता किसिमका सरल नियम पालन गर्ने मानिसलाई खिसी गर्ने र कुनै दोष लगाउनेको भने आयु घट्दछ ।

ooo

# जीवनमा शक्ति आर्जन गर्नका लागि बारबार जप्ने शक्तिमन्त्र

**ॐ परम तत्त्वाय शिवशक्ति स्वरूपाय नमः शिवाय**

(यस शक्तिमन्त्रलाई बारम्बार जप्नुपर्दछ ।)

जुन व्यक्तिले देवताहरूमा, वेदहरूमा, गाईहरूमा, सज्जन ब्राह्मणहरूमा, साधु–सन्तहरूमा, वैदिक हिन्दूधर्ममा परब्रह्मईश्वरमा द्वेष गर्छ, अपहेलना गर्दछ भने त्यस्तो व्यक्ति छिटै नाश हुन्छ । "यदा देवेषु वेदेषु गोषु विप्रेषु साधुषु । धर्मे मयि च विद्वेष स वै आशुविनश्यति" (यो परब्रह्म परमात्मा ईश्वरको भनाइ हो ।)

ooo

# सत्शास्त्रको रहस्य

आज संसार जटिल स्थितिमा छ । जहाँ तहीं हरेक कुराको परिवर्तन भई रहेको छ । मानिसहरू नयाँ-नयाँ खोजीमा लागेका छन् । विज्ञान तथा भौतिकवादको बोलबाला छ । के हाम्रा सत्शास्त्रहरूले सत्य मार्ग प्रदर्शन गर्न सक्लान् ? भन्नेमा सबै बुद्धिजीवी लागेका छन् । कुनै नयाँ मार्ग प्राप्त गर्न सकिन्छ कि भनेर मानिस शास्त्रतर्फ पनि उन्मुख भएका छन् । सत् शास्त्रहरूको निचोड उपनिषद्मा छ । यही उपनिषद्लाई वेदान्त पनि भनिन्छ । उपनिषद्को सही अर्थ हो - समीपमा देख्नु अर्थात् नजिक पुऱ्याउनु हो ।

हाम्रा शास्त्र उपनिषद्मा एक किसिमको वार्तालाप छ । उपनिषद् भन्नु नै गुरुशिष्य एक ठाउँमा बसी वार्तालाप गरेको हो । गीतामा श्रीकृष्ण भगवान्ले भन्ने, अर्जुनले सोध्ने ग्रन्थ नै उपनिषद् श्रीमद्भागवत गीता हो । ईश्वर ब्रह्म भनेको के हो ? ईश्वर ब्रह्म जताततै सर्वव्यापक रूपमा छ । जसलाई हामी आत्मा शब्दले पुकार्दछौं । यो कुरा मानवबाहेक कोही कसैले बुझ्न सक्दैनन् । मानिस मात्रले बुझ्न जान्न सक्ने भएकाले मानिसलाई अमृत पुत्र-पुत्री भनिएको हो ।

जीवले जन्म लिन्छ । आत्मा, ब्रह्म, ईश्वर रूप साक्षीमात्र हो । जीवले आफूले गरेका शुभ-अशुभ कार्यको भोग गर्नैपर्छ । यो जीवलाई आत्मामा जोड्ने कार्यलाई योग भनिन्छ । यस्ता योग धेरै छन् । यसको विधिद्वारा ईश्वर ब्रह्म चिनिन्छ । **'ब्रह्मविद् ब्रह्मैव भवति'** ब्रह्म जान्ने ब्रह्मै हुन्छ भन्ने शास्त्रवचन छ । यस्तो विधि जानेर नै हाम्रा पूर्वज ऋषि महर्षि शास्त्रकारहरूले **"वसुधैव कुटुम्बकम्"** भनेका हुन् । आजको भौतिक आविष्कारले विश्व एक भएको छ तर मानिसको विचार बदलिएको छैन ।

जताततै काटमार अपहरण हिंसा व्यापक छ । एकले अर्कालाई शत्रुलाई झै व्यवहार गर्दछ । सत्य कुरामा विश्व एक हुनु आवश्यक छ । यो कलियुग हो । कलिमा आयु पनि कम छ तर मानिसले गरेका कार्य स्थायी छन् । सही मार्ग मानिसले लिनुपर्छ । साना खोलाहरू ठूलो खोलामा मिल्दछन् । ठूला खोला नदीमा, नदीहरू महानदीमा, महानदी सागर समुद्रमा । यस्तै क्रम मिसिदै जाँदा पहिलेका आफ्ना नामरूप हराएजस्तै सबै समुद्ररूप हुन्छन् । तिनीहरू बाटो नबिराई जाँदा लक्ष्यमा पुगे जस्तै हामीहरूले पनि मार्ग नछोडी सत् गुरुद्वारा देखाइएको उपासना ज्ञान गर्दै गएमा ईश्वर

ब्रह्ममा पुगिन्छ । जहाँ फेरि फर्किनुपर्दैन । वेद उपनिषद्ले बताएको मार्ग सही हो । वेदशास्त्रहरूले कर्म गर्न गराउन खोजेको त केटाकेटीलाई मीठामीठा फलफूल खान दिएजस्तै लोभ्याएको हो । सही मार्गमा लाग भनेको हो । स्वर्ग भन्नु पनि पुण्य सकिएपछि पृथ्वीमा जन्म लिन आउनुपर्छ । तर मोक्ष या मुक्ति भएपछि अर्थात् ईश्वर प्राप्त गरेपछि जन्म लिनु पर्दैन । आमाको कोखमा आउनुपर्दैन । कुकर्मले नरकको भोग गराउँछ । मानिसलाई भ्रममा पारी एकलौटी शासन गर्ने शासक तडपेर मरे जस्तो हो । शास्त्रीय नियम छोडी आफू खुसी गर्नेको यही दशा हुन्छ ।

यसकारण सत्शास्त्रको उद्देश्य हो **"परोपकार पुण्याय पापाय परपीडनम् ।"** परोपकारले पुण्य मिल्दछ । अर्कालाई दुःख दिनाले पाप हुन्छ । शास्त्रको निचोड रहस्य भन्नु यही हो ।

ooo

# वैदिक सनातन संस्कृति र सभ्यताको रहस्य

संस्कृतिअन्तर्गत मुख्य-मुख्य १६ संस्कारमध्ये धेरै त हाम्रो समाजमा हुँदै आएका छन् । ती मध्ये केहीको जानकारी गराउँदछु :-

**"मातुरग्रेऽद्वितीयं मौञ्जिबन्धने ।**
**उपनीय गुरुशिष्यं महाव्याहृतिपूर्वकम् ।**
**वेदमध्यापयेदेनं शौचाचाराश्च शिक्षयेत् ।**

चूडाकर्म संस्कारको प्रयोजन हो, बल, बुद्धि, आयु र तेजको वृद्धि होस् भनेर हाम्रा आयुर्वेदज्ञ चरकले यसरी समर्थन गरेका छन् । **"केशरमभ्यु नरवादिनां कर्तनं संप्रसाधनम् पौष्टिकं वृध्यमायुष्यं शुचिरूपं निराजनम् ।"**

शिष्यले यज्ञोपवित आदि अति उपयोगी बाहिरी चिह्नको रहस्य प्रत्यक्ष देखिने कुरा नभई वेदादि शास्त्रद्वारा बोध हुने जानिने कुरा हो । वेदमा शिखा (टुप्पी)लाई उर्ध्वगामी अग्निको स्वरूपमा **"यशसे श्रियैः शिखा"** भनेर संबोधन गरिएको छ । यश, श्रीको निमित्त शिखा धारण गर्नु भनिएको छ । अग्निलाई वेदादि संस्कृतिमा शिखा भनिन्छ । अग्निको स्वरूप उसको ज्वाला (शिखा)बाट व्यक्त हुन्छ । शिखारहित अग्निमा हवन आदि कार्य नगर्न शास्त्रद्वारा निषेध गरिएको छ । ज्वालायुक्त अग्निको स्पर्श गर्ने शक्ति कसैमा हुँदैन हामी सबै अग्निबाट उत्पन्न र अग्निका उपासक हौं । आज भोलिकाले मानून् या नमानून् । अग्निसँग नै हाम्रो सम्बन्ध छ । यसैले वेदमा भनिएको छ । **"तन्वं मे पाहि"** मेरो शरीरको रक्षा गर/आजका कुन त्यस्ता प्रगतिशीलले अग्निलाई मान्दैन मलाई भन्नुहोस् । कुरा पारस गृह्य सूत्रमा २/४ उपास्य देवको स्वरूप उपासकले उपाश्यको चिह्न धारण गरेर **"देवो भूत्वा देवान् यजयेत्"** देवताको रूप गराएर उनैको पूजा गरोस् भनिएको हो । यही हो शिक्षा शिखा, सूत्र (जनै), अग्निको रहस्य । जनैको बनावट र रहस्य अति नै छ । यसले वेद तत्त्वको र वेदज्ञानको सूचना दिने हुनाले ब्रह्मसूत्र भनिएको हो । धारणा गर्नु नगर्नुमा सूर्य आफ्नो समयमा उदय अस्त हुन्छ । यिनी सबैमा भेदभाव नगरी प्रकाश तापक्रम दिन्छन् । माने पनि नमाने पनि यो त उपाशककै लागि हो ।

ooo

# मानिस भएर जान्नुपर्ने कुरा हो वेदान्त

अमर वचन, अमृत वचन वाणी भन्नु एकै हो । सर्वप्रथम श्री गुरुको प्रार्थना गर्ने अनि श्री गणेशको त्यसपछि इस्ट देवदेवीको प्रार्थना गरी त्यसपछि किं तत् परब्रह्म के हो ? ब्रह्मानुभवको लागि आफ्नो चित्त शुद्ध हुनुपर्छ । अनि पछि पुण्य प्राप्त गर्न सत् गुरुको आवश्यकता पर्छ । गुरु शब्दको अर्थ हो – "गु" इति अन्धकार "रु" इति प्रकाश जसले अन्धकारलाई अर्थात् अज्ञानलाई हटाई ज्ञान दिन्छ, "रु" उज्यालो दिन्छ, सोही गुरु हो । सत् वस्तुको यथार्थ ज्ञान नै सत् विद्या हो ।

यस्तो सत् विद्याको ज्ञान सत् कुशल गुरुबाट प्राप्त हुन्छ । यसकारण जिज्ञासु जनले सत् गुरुमा श्रद्धा भक्ति राख्नुपर्छ । यस्ता गुरुमा श्रद्धा नभए आफूलाई सच्चा ज्ञान प्राप्त हुँदैन । सत् गुरु भन्नु साक्षात् ईश्वरै हो । शास्त्रमा भनिएको छ – ईश्वर, गुरु, आत्मा यी तीनलाई भेद देख्नु हुँदैन **"ईश्वरो गुरुरात्मेति भेद त्रय विवर्जितः"** । पृथ्वीमा सधै बास छैन । यसकारण व्यावहारिक शिक्षाका साथै आध्यात्मिक आत्मज्ञानको शिक्षा लिनुपर्छ । शुद्ध सत्व्यवहार गर्ने, स्पष्ट व्यवहार गर्ने, सत्व्यवहारबाट आर्जन भएको धनको दशांश सत्कार्यमा खर्च गर्ने ।

प्रश्न आउँदछ व्यावहारिक जीवनमा स्त्री, पुत्र, पुत्री, माता पिता, दाजुभाइ बन्धु–बान्धवसँग बस्नैपर्छ । नबसे व्यवहार नै चल्दैन । शास्त्रमा एकान्त बस्नुपर्छ भन्ने महिमा ज्यादै छ । हाम्रा ऋषि महर्षिहरू वनमा आश्रममा रहन्थे । के हामी वनतिर लाग्नैपर्छ ? यस प्रश्नको उत्तरमा घर छोडेर वन जान पर्दैन । यसमा केही कल्याण छैन । जस्तै धर्मशालामा बास बस्न सबै दिशा विदिशाबाट सबै आउँदछन् । मातापिता, छोराछोरी, दाजुभाइ, दिदीबहिनी यी सबै आ–आफ्नो कार्य समाप्त भएपछि सबै हिड्दछन् । कोही रहँदैनन् यस्ता कुरामा चिन्ता गरेर र यो के हुन्छ ? अर्थात् भोग सकिएपछि यो संसारमा कोही कसैलाई बस्नु छैन ।

अब आउँछ मनुष्य जीवनको सार्थकता के हो ? खानु, लाउनु, मोजमज्जा गर्नु मात्र मनुष्य जीवनको सार्थकता होइन । यो त पशुपंक्षीको पनि हुन्छ । खेतीपाती बन्दव्यापार आदि त आफ्नो पूर्व संस्कारद्वारा नै चलिरहन्छ । मनुष्य शरीर मिल्न आफ्नो पूर्व संस्कार र पुण्य चाहिन्छ । पुण्यको संचय नभै मनुष्य जीवन प्राप्त हुँदैन । यस्तो अमूल्य जीवन प्राप्त गरेर पनि केही गरिएन भने मनुष्य जुनी प्राप्त गरेको व्यर्थ हुन्छ । मृत्यु काल आउने आज

हो कि भोलि यस कुराको केही भरोसा छैन । यसकारण आत्मज्ञान गरिहाल्नुपर्छ । अध्यात्म विद्यातिर लाग्नुपर्छ ।

पुनः प्रश्न आउँछ मनुष्य जीवनको ठूलो काम के हो ? भन्ने सांसारिक कार्यबाट केही क्षण फुर्सत हुनासाथ सत्शास्त्र पढ्ने सुन्ने निश्चिन्त हुने । चिन्ताले गर्दछ नै के र ! आत्मज्ञानले चिन्तनले आफ्नो परलोक सपार्दछ । मनुष्य भएर जन्मेको सार्थक हुन्छ । यो जगत् वासनारूप हो । मानिसमा पनि वासना हुन्छ नै । यही वासना र हाड मासुको थुप्रो मानिस हो । संसाररूपी लहराको बीऊ हो मनुष्य शरीर । यसभित्र रहेको कुचेष्टाबाट दुःख हुन्छ । यस्तो वासनालाई विस्तारै हटाउँदै लैजानु मानिस भएर जन्मेको सार्थकता हो । यदि यो मानिस जन्ममा पनि मुक्ति या ईश्वर साक्षात्कार गर्न सकिएन भने वासना तारतम्यले जन्म परंपरा भइ नै रहन्छ । अझ तामस वासनाको घनीभूत भयो भने पशु, पंक्षी, किरा, सर्पको योनी प्राप्त हुन्छ नै । राजसी वासनाको दृढताबाट मानिसको जन्म हुन्छ ।

फेरि सात्विक वासनाको दृढताबाट देव योनि देवता हुन पुग्दछ । यस्तो मनुष्य जन्म पाएर वासना शून्य भयो भने तब मुक्त र सुखी भइन्छ । पारमार्थिक रूपमा यो सृष्टि र सृष्टिको वासना स्वप्न बराबर हो । "म" छैन अथवा सबै म हुँ । यस्तो जाने सबै किसिमका दुःख नाश हुन्छन् । वासना नाश गर्ने कुरा हुन् । आफैमा रहेका मन, बुद्धि, चित्त, अहंकार अन्तःकरण (मन, बुद्धि, चित्त, अहंकार) यी इन्द्रिय सधै शुद्ध भइरहनुपर्छ नत्र चौरासीमा परिन्छ । साथसाथै आफ्नो संस्कार पुण्य बढाउँदै लैजानुपर्छ । बाहिर, भित्र आफू सधैं शुद्ध भइरहे स्वयं आफू शुद्ध स्वरूपको भइरहे स्वयं आफू शुद्ध स्वरूपको भइन्छ । कुहेको मन, चित्त अहंकार, बुद्धिसँग सँधै सतर्क भैरहने निश्चित भई बस्ने बानीको सदा अभ्यास बढाउने गर्नुपर्छ । यस्तो संस्कार नबनाए वासना क्षय हुँदैन ।

यो संसार हो, प्रपञ्च स्वरूप तारतम्यवशात् जगत्को स्वरूप नाना भए पनि वास्तव हो ब्रह्मरूप । यो सारा प्रपञ्च भन्नु जगत् भन्नु एउटै कुरा हो । फेरि प्रपञ्च हो चेतनस्वरूप । चेतनबाहेक संसारमा अरू कुनै कुरा छैन । चेतनविना अरू कुनै वस्तु । (चीज) प्रकाशित हुँदैन ।

फेरि प्रश्न आउँछ त्यसो भए चेतन कति किसिमको छ ? चेतन तीन किसिमको छ :-

(१) दृश्यसँग मिलेको प्रमाता चेतन ।
(२) दृश्योन्मुख अथवा चेत्योन्मुख भएको साक्षी चेतन र
(३) शुद्ध चेतन

यतिका उपाधिका भेदले धेरैजस्तो भए तापनि वास्तवमा चेतन एक हो । प्रपञ्चको स्वरूप पनि चेतन नै हो । साक्षी र ब्रह्मको एकता 'म' र 'ब्रह्म' एकै हो भन्ने कुरा कसरी सिद्ध हुन्छ ? ब्रह्मको स्वरूप सत्‌चित्‌ र आनन्द स्वरूप हो जाग्रत, स्वप्न, सुसुप्ति तीनै कालमा तिमी छौ भने के मरेपछि तिमी हुँदैनौ ? तिमी अवश्य छौ । यदि आफू नभए प्राणको वियोग कसरी सिद्ध हुने ? तिमी अवश्य छौं । यसै कुरालाई सत्‌रूप भनिन्छ । सत्‌रूप भनेको ज्ञानरूप हो । त्यसैले सुसुप्तिमा जागृत नभएको आफूलाई थाहा भयो । त्यही ज्ञानस्वरूप तिमी हौ । त्यस्तै सुसुप्तिमा कुनै आनन्द दिने पद वस्तु, पदार्थ नहुँदा पनि तिमी आनन्दरूपले रहेका छौ । त्यसैले तिमी हौ आनन्दस्वरूप । तिम्रो जो लक्षण छ त्यही हो ब्रह्मको लक्षण पनि । त्यसैले "म" "तिमी" र ब्रह्म एउटै हो । फेरि विचार बदलेर हेर्ने हो भने मानिस आफू सत्‌रूप हुनाले मानिस मर्न चाहँदैन ।

आफू ज्ञानवान्‌ हुनाले केही जानेको छैन भन्दा दुःख मान्दछ । आफू आनन्दस्वरूप हुनाले दुःख चाहना गर्दैन । पानी जति तातो पारे पनि पानीले आफ्नो धर्म चिसो हुन छोड्दैन । चिसो हुनु पानीको धर्म हो ।

त्यस्तै आफू सत्‌, चित्‌, आनन्दस्वरूप हुनाले सँधै त्यसैको खोजी गर्दछ । उपनिषद्‌मा भनिएको छ । **'आनन्देन खलु इमानि भुक्तानि जायन्ते आनन्देन जीवन्ति आनन्दमेवऽमिलन्तीति'** । प्राणी आनन्दबाट जन्मिन्छन्‌ । आनन्दले बाँच्न चाहन्छन्‌ । अन्तिममा आनन्द नै खोज्दछन्‌ । यसले आफू आनन्दस्वरूप हुनाले सत्‌, चित्‌ र आनन्दस्वरूप नजानेर पनि त्यसैको खोजी गर्दछन्‌ । त्यसैल बुद्धिमान्‌जनले आफूलाई आफै जान्नुपर्छ । उपनिषद्‌मा भनिएको छ - **'उद्धरेत्‌ आत्मनात्मानं नात्मानमवषादयेत्‌ । आत्मैव ह्यात्मनो बन्धु ह्यात्मैव रिपुरात्मनः'** यसको अर्थ हो आफ्नो उद्धार आफै गर्नुपर्छ । यस्मा अल्छी कत्ति नगर्नू । आफू नै आफ्नो बन्धु हो, शत्रु पनि आफू नै हो ।

के इच्छा नगर्नु आत्मोद्धार हो ? यसमा प्रश्न उठ्दछ । इच्छा नगर्नाले के आइपर्छ भन्ने यो पनि यति भएन भनी इच्छा नगर्ने । इच्छाले केही प्राप्त हुँदैन । इच्छाले त खालि भ्रमदृष्टि पैदा गर्दछ । इच्छा नहुनु नै

परमात्मासँग मिल्नु हो । इच्छाले परमात्मालाई छेकिदिन्छ । संसारतर्फ भुलिहालिन्छ । संसारी वार्ता चर्चाले केही लाभ हुँदैन, अरू हानि मात्र हुन्छ । त्यसैले सँधै परमात्माको वार्ता चर्चा गरे अझ दृढता बढ्दछ । आखिर उसैमा तदाकार भई मिली आफ्नो ठूलो कल्याण हुन्छ ।

संसारको थोरै आशा राखेसम्म वास्तविक स्वरूपको पत्ता लाग्दैन । त्यसकारण झुटो सांसारिक आशा बिल्कुल लिनुहुँदैन । आशाले कुनै वस्तु पाइने होइन । आशा नगरे पनि प्रारब्धवशात् पाउने वस्तु पाइन्छ नै । तब किन आशा गर्ने ? आशा लिने त झन् दुःखमा परिन्छ भनिएको छ **'आशा हि परमं दुःखं नैराश्यं परमं सुखम्'** त्यसो भए यो चित्त कहाँ राख्ने त ? भन्ने प्रश्न आउँछ । मुख्य रूपले चित्त सत् वस्तुमा राख्ने अरू पदार्थमा होइन । जस्तै मानिस बाटामा हिडिरहे पनि उस्को उद्देश्य जे छ त्यसैमा नै राखेर हिडिरहन्छ । त्यस्तै खानु, बस्नु, उठ्नु यी सबै ईश्वरको भरोसामा छाडी आफू मूल विचारमा नै लागिरहने । आफ्नो चित्तलाई यसैमा लय गर्ने ।

आफ्नो मनलाई अधीनमा राखी सत्शास्त्र पढ्ने, सज्जन महात्माहरूको अनुसरण गर्ने । योगवासिष्ठ अति उत्तम ग्रन्थ हो सोही ग्रन्थ पढ्नुपर्दछ । यो ग्रन्थ पढेमा मनको दुराशा तुरून्त हटेर जान्छ । योगवासिष्ठमा धेरै-धेरै असल मार्ग (बाटो) बताइएको छ । सबै मार्गको ध्येय परमात्माप्राप्ति मुक्ति नै हो । सत्शास्त्र श्रीमद्भागवत गीता, भागवत सुन्ने, पढ्ने गर्नाले इच्छित वस्तु आत्मा परमात्मा बुझिन्छ, जानिन्छ, भेटिन्छ पनि । दिनमा १/२ पृष्ठ हेरे पढे पनि धेरै धेरै शास्त्र हेर्न, जान्न सकिन्छ । मनुष्य भएर जन्मेको सार्थक हुन्छ ।

यतिका छलफल त गरियो । अब सत्शास्त्रको क्रम के हो ? भन्ने प्रश्नमा सत्शास्त्रको क्रम हो पहिले सत्गुरुबाट सुन्ने अनि भन्ने । त्यसपछि निजी ध्यान गर्नाले बल्ल भक्ति, ज्ञान, वैराग्य प्राप्त भई भगवान्मा यो मन लाग्न थाल्दछ । त्यसपछि सत्शास्त्रको रहस्य, शुद्ध ज्ञानप्राप्ति निर्मल बुद्धिको उदय हुन्छ । त्यसपछि आत्मा परमात्मा देवको अनुभव हुन्छ । त्यसपछि आफूलाई आफै जानिन्छ म को हुँ भन्ने । सत्शास्त्रको क्रम यही हो ।

अनि प्रश्न आउँदछ के सँधै योगवाशिष्ट शास्त्र हेरिरहनुपर्छ ? भन्ने कुरामा ब्रह्मलोकमा ब्रह्मसभामा पनि यही विषयको चर्चा परिचर्चा भैरहन्छ भन्ने सबै शास्त्र, सज्जन महात्माहरूको भनाइ सत्य सावित भएको छ । यो

कुराको सबै शास्त्र सज्जन महात्माहरूबाट समेत प्रमाणित भएकोले बुद्धिमान् मानिसहरूले अवश्य मान्नुपर्छ ।

सबैजसो शास्त्रमा पनि प्रमाणित भएको र ब्रह्मलोकमा निवास गर्ने बह्माजीसमेत सर्वज्ञानी हुनुहुन्छ । ज्ञानीकहाँ योग वासिष्ठ ग्रन्थको चर्चा परिचर्चा हुन्छ । अज्ञानीकहाँ के-को शास्त्रको चर्चा हुने ? फेरि धेरै बुद्धिजीवी विद्वान् सन्तमहात्माहरू यस्ता सत्शास्त्रमा नै रमिरहन्छन् । यस कुराले समेत प्रमाणित गर्दछ । पुनः प्रश्न आउँछ अहंभाव शिथिल गर्ने विषयमा सत्शास्त्रहरूमा केकस्ता रूपले बताइएको छ ? सबै सत्शास्त्रहरूमा दुबै रूपबाट स्पष्ट गरी बताइएको छ । विषय चिन्तन हटाई निश्चिन्त भई सदा बस्ने गर्नाले आफ्नो अहंभाव कम गर्दै त्यस्तो कुरा आफूमा आउनै नदिनाले, फेरि विषय चिन्तन जति जति कम हुँदै जान्छ उतिउति अहंभाव स्वतः शिथिल हुँदै जान्छ । आनन्दोदय हुन्छ ।

यस्तै सत्शास्त्रको विषयमा 'विवेक चूडामणि' भन्ने ग्रन्थमा साक्षी तत्त्वको विस्तृत निरूपण गरेको पाइन्छ । यो ग्रन्थ आदि शंकराचार्यको हो । गीताको मुख्य रहस्य के हो भने संस्कारअनुसार काम गराउने उही परम् ब्रह्म हो । अर्जुनलाई इच्छा नभए पनि क्षत्रीय संस्कारले महाभारत लडाइँको भीषण युद्धमा प्रवृत्त हुन जागृत गराइएको हो । हुन त संस्कार भन्नु जड वस्तु हो तर परमात्मा श्रीकृष्णले आफू अधिष्ठित भई लडाइँ मैदानमा आफ्ना उपदेशबाट अर्जुनलाई घोर लडाइमा प्रवृत्ति गराउनुभएको हो । यसैले इन्द्रियहरूले स्वस्व कर्म स्वतः गर्दछन् । आफू त सखा यहीं कर्मको प्रकाश मात्र हो । खास कर्म त प्रवृत्तिले गर्दछ । आफू चाहि सदा निर्लिप्त साक्षी रूपले रहनुपर्छ । गीताशास्त्रको परम् रहस्य भन्नु यही हो ।

अब योगवासिष्ठ शास्त्रको परम् रहस्य सुनौं । शुद्ध चेतन मात्र छ । उसमा चेत्य या विषय छैन । अत्यन्त सूक्ष्म चैतन्य विषयपट्टि उन्मुख हुन्छ । यसलाई चिजडनको ग्रन्थी भन्ने गर्दछन् । चित् चैतन्य हो । विषय जड छ । यही चेत्योन्मुखतालाई संवेदन भनिएको छ । त्यही संवेदनलाई सदा शुद्ध गरी उच्च विचार राख्ने मानिस संसारमा महामानव बने जस्तै नेपालको लुम्बिनीमा जन्मेका बुद्ध, भारतका महात्मा गान्धी, हाम्रो देश नेपाल**का** समाजवादी, प्रजातन्त्रप्रेमी, स्वतन्त्रताप्रेमी तथा महान् आख्यानकार विश्वेश्वरप्रसाद कोइराला आदि ।

ooo

# श्रीमद्भागवत कथा प्रवचन

श्रीमद्भागवतमा वेदान्तसहित सातै दिनमा भक्ति, ज्ञान, वैराग्यको कथा प्रसङ्ग विशेषरूपले उल्लेख भएको छ । श्रीमद्भागवत पूर्वीय दर्शन, वेदान्तशास्त्र, साहित्य, पुराणको अपूर्व रत्न मानिन्छ । दर्शनशास्त्रमा प्रस्थान गरी मानिएका गीता, उपनिषद् र ब्रह्मसूत्र हुन् । यिनैलाई जीवनदर्शन भनिन्छ । यिनलाई आदर्श रूपले मानिएको छ । श्री वेदव्यास मुनिद्वारा रचित अन्तिम पुराण श्रीमद्भागवत हो । यो पुराणलाई महापुराण पनि भनिन्छ । यस महापुराणमा अठार हजार श्लोक, बाह्र स्कन्ध र तीनसय पैंतीस अध्याय छन् । यो अति उत्तम महापुराण हो । यो पुराण वेदव्यास मुनिले आफ्नो तपोबल र नारद ऋषिको सत्उपदेशबाट रचना गर्नुभएको हो । द्वैत, अद्वैत, द्वैताद्वैत वेदान्त दर्शनले परिपूर्ण ग्रन्थ आदि सारस्वत कल्पमा सरस्वती नदीको किनारमा यो उत्तम महापुराण भागवत ग्रन्थ रचना गर्नु भएको हो । यस्तो उत्तम ग्रन्थ रचना गरी स्वकीय पुत्र शुकदेव स्वामीलाई पढाउनुभएको हो । सोही समयमा श्रीसुतजीले समेत पढ्नुभएको हो । यो महापुराण र अन्य महापुराण उपपुराण गरी सबै पौराणिक ग्रन्थ करिब साढे सात लाख महापुराणहरूमा सर्वाधिक रूपले भागवत महापुराण अगाडि पर्दछ । महापुराणका दश लक्षणले युक्त वेदावेदाङ्गले परिपूर्ण साहित्यले लालित्यपूर्ण छ । धेरै गहिरिएर हेरेमा यसमा दर्शन तथा जीवनका उत्थान, पतन, कर्मयोग - ध्यान योग, वैराग्य योग/राजयोगका विश्वदर्शन सबै पर्दछन् । अझ भन्नु पर्दा कर्मयोगको सत्शिक्षा बिर्सनै नसकिने किसिमको छ । परमहंश शिरोमणि योगिराज शुकदेवमुनि जस्ता महायोगीले जति दिए पनि खान सकिने अरू थपिदिनुहोस् भनी बारम्बार प्रश्न गर्ने सांसारिक अति धार्मिक राजा परीक्षित जस्ता भोगी र धुन्धुकारी जस्ता अज्ञानी पापीदेखि गोकर्ण जस्ता महाज्ञानी जनहरूलाई यस महापुराणले अति आकर्षित गरेको छ । यो श्रीमद्भागवत महापुराणलाई जे जस्ता नजरले हेरे पनि आफूले हेर्न खोजेको वस्तु देखिन्छ । जान्न खोजेको कुरा जानिन्छ । प्राप्त गर्न खोजेको मुख्य वस्तु प्राप्त हुन्छ । अझ विशेष रूपले जान्न खोजेमा मोक्ष (मुक्ति) समेत दिन्छ ।

अझ भन्नुपर्दा भागवत महापुराणको उत्पत्ति अद्वैत वेदान्तबाट भएको छ । श्रीमद्भागवतको बीज वाक्य भनेको नै परब्रह्म परमात्मा नारायणबाट जगत्कर्ता ब्रह्माजीमा, ब्रह्माबाट स्वपुत्र नारदजीमा, नारदजीद्वारा सत्र पुराण रचना गरेर पनि के-के बिर्से जस्तो असन्तोष मानेका वेदव्यास

मुनिलाई जगत्हितको लागि आफ्ना पिता ब्रह्माद्वारा प्राप्त चतुश्लोकी भागवतको उपदेश गर्नुभएको हो । सो चतुश्लोकी भागवतको रूप यस प्रकारको छ । **'अहमेवासमेवाग्रे नान्यद्यत् सदसत्परम् । पश्चादहं यदेतच्च योऽवशिष्येत सोस्म्यहम् ।।'** अर्थात् ज्ञान विज्ञान वेदान्त दर्शनले परिपूर्ण यसको अर्थ हो । सृष्टि, स्थिति, प्रलय र त्यसको अघि पछि जे जति देखिन्छ, सो देखिएको म नै हुँ भन्ने नारायणको वाणी हो । यसैको आधारमा अरू धेरै विद्वान्, विदुषीहरूले भागवत महापुराणलाई अद्वैत वेदान्त भनेका छन् । यसमा कतिपयले व्याख्यासमेत गरेका छन् । कतिले द्वैताद्वैत भनेका छन् भने कतिले जीवनदर्शनको मार्गसमेत भनेका छन् । सांसारिक जनहरूले उच्च साहित्य हो समेत भनेका छन् । यसकारण श्रीमद्भागवतमा आफूले खोजेको कुरा सबै प्राप्त हुन्छ । आफ्ना नजरले जसरी हेऱ्यो उस्तै देखिन्छ । जे खोज्यो सोही वस्तु प्राप्त हुन्छ । यस शास्त्रको रस निकाल्नमै सारा व्यक्ति थाक्लान् तर यो शास्त्र थाक्दैन । यसैले त यो एउटै शास्त्रलाई कतिले अद्वैत कसैले द्वैताद्वैत कतिले विशिष्ट द्वैताद्वैत भनेका छन् भने कसैले शुद्ध द्वैत भनेका छन् । यसकारण आफूले जस्तो खोज्यो त्यस्तै निस्कने यो एउटा कल्पवृक्ष नै हो भने हुन्छ । हुन पनि यसलाई सबै आगम, निगम उपनिषद्ले भरिपूर्ण कल्पतरूको रस भनिएको छ । त्यस्तै रसैरसले भरिपूर्ण छोक्रा नभएको भागवतरूपी रस भनिएको छ ।

यस्तो महापुराण भागवतको आवश्यकता हिजो पनि व्यास, नारद, शुकदेव स्वामी तथा शौनकादि ऋषीश्वरहरूलाई परेको थियो । आज पनि यत्रतत्र सर्वत्र अशान्ति र दुःखको दलदलमा फसेका विश्वमानव मात्रलाई उत्तिकै आवश्यक छ । अझ ज्ञानी जनहरूलाई त यस्ता कुरा सुन्नाले मात्र मोक्ष प्राप्त हुन्छ । यस्ता कुरालाई कोही कसैले झुट्टा मान्लान् । त्यस्ता जनहरूले सात दिने कथा प्रवचन उदाहरण दिनसक्ने विद्वान् दार्शनिक जनबाट सुन्नाले यथार्थ ज्ञान हुन्छ नै । भागवत महापुराणको सप्ताह सुन्नाले प्रत्येक दिनको एक-एक कुरा थाहा भएमात्र आफ्नो जीवनमा चाहिने कुरा प्राप्त भएको मानिन्छ ।

पहिलो दिनको कथा प्रवचनबाट ज्ञान, भक्ति वैराग्यसहित संसारमा कुनै साधनको कमी छैन भन्ने कुराको ठूलो ज्ञान प्राप्त हुन्छ । पहिलो दिन भागवतको तेस्रो स्कन्धसम्म मनु कर्दमको कथा,विदुर मैत्रेय संवाद, हिरण्याक्ष वधसम्मका कथा भन्ने प्रावधान छ । त्यसभित्रका कथा सुतशौनक

संवाद, व्यास नारद संवाद, शुक परीक्षित संवाद, मनु कर्दम संवादबाट धेरै कुराको प्रसङ्गका साथ वास्तवमा भागवत सुन्नुपर्दो रहेछ भन्ने अगाध ज्ञान प्राप्त हुन्छ ।

दोस्रो दिनको कथा प्रसङ्गमा पाँचौ स्कन्ध जडभरत चरित्र उपाख्यानसम्म भन्नेसुन्ने शास्त्रीय प्रावधान छ । यसभित्र कपिलदेव मुनिद्वारा आफ्नी आमा देवहुतीलाई शांख्य दर्शन शास्त्रबमोजिम योग दर्शन, यम नियमसम्बन्धी भक्ति ज्ञान दिई आमा देवहुतीको सांसारिक व्यवहारले पीडित मनलाई मुक्तितर्फ डोराई आमाको चाहना पूरा गराएको काख आसनमा बस्न पाउने अधिकारलाई सपत्नी माता सुरुचिको वागबाण लागी रूँदै रूँदै आफ्नी आमा अरुचिसँग गएको नारद मुनिको उपदेश तथा अति उत्तम मंन्त्र"ॐ नमो भगवते वासुदेवाय भन्ने द्वादशाक्षरी मंत्रद्वारा छ महिनामा मधुवनमा तपस्या गरी भगवान् प्राप्त गरिएको कथा प्रसङ्ग उत्तिकै सान्दर्भिक छ । यस्तै सती देवीको कथा वेन एवं प्राचीन बर्हिराजा कथा प्रसङ्ग वेनको अत्याचारबाट तत्कालीन समाजले मुक्ति खोजेको कथा प्रसङ्ग छ । यिनै प्रसङ्गभित्र समस्याको समाधान पनि छ भन्ने कुराको ज्ञान प्राप्त हुन्छ । अथक प्रयास गरेमा जस्तै समस्याको पनि समाधान भेटिन्छ भन्ने कुराको ज्ञान प्राप्त हुन्छ ।

तेस्रो दिनको कथा प्रवचनले जस्तोसुकै समस्या परे पनि डराउने होइन त्यस्ता समस्यालाई समाधान गर्नेतर्फ लाग्नुपर्छ भन्ने ठूलो ज्ञान प्राप्त हुन्छ । सातौं स्कन्धको समग्र भाग आठौं स्कन्धको समुद्र मन्थनसम्मको कथा प्रवचन गर्ने भन्ने प्रावधान छ । सातौं स्कन्धमा प्रह्लादको नवधा भक्ति जस्तै **"श्रवणं कीर्तनं विष्णो स्मरणं पादसेवनम् । अर्चनम् बन्दनम् दास्यम् सख्यमात्मनिवेदनम् ॥"** बाबु हिरण्यकश्यपु पीडित भए पनि सभ्य, सत्य कुराको चिन्तनले भगवत प्राप्त गर्नुका साथै प्रह्लाददेखि नृसिंह भगवान् खुसी भई वर माग बाबु भन्दा प्रह्लादले मलाई अरू कोही छैन । मेरा बाबाले हजूरको धेरै अपमान गरेकाले उहाँ नरक जान नपर्ने गराइबक्सियोस् भन्ने प्रसङ्गमा नृसिंह अवतार भगवान्बाट तिम्रा बाबाको त के कुरा तिम्रा २१ कुल पितृ तरे भन्ने कथा प्रसङ्ग छन् । यस्ता किसिमका प्रवचनले लगातार लागिरहे गन्तव्यमा पुगिन्छ भन्ने ज्ञान प्राप्त हुन्छ ।

चारौं दिनको कथा प्रवचनमा अष्टम स्कन्धको बाँकी भागदेखि दशम स्कन्धको कृष्ण जन्मेको पूर्वार्धसम्म कथा प्रवचन गर्ने प्रावधान छ । गर्भगत श्रीकृष्णको देवताहरूद्वारा प्रार्थना, भगवान् श्रीकृष्णको जन्मावतार यस

दिनको कथाले सबै मिली कार्य गरेमा सफलता प्राप्त हुन्छ भन्ने कथा प्रसङ्गको ज्ञान गराउँदछ ।

नवम स्कन्धमा सबै सूर्यवंशी तथा चन्द्रवंशी राजाको कथा प्रसङ्गका साथै परमात्माले पुरुषोत्तम रामावतार लिई सर्वमान्य गुरु आर्दश पिता ममतामयी आमाहरू, मातृप्रेम, देशप्रेम, सज्जनको उद्धार दुष्टहरूको संहार प्रवचनका प्रसङ्ग आउँदछन् । यिनै कथा प्रसङ्गले उत्तम मानव मात्रले कर्तव्य पालन गर्न पर्दो रहेछ भन्ने उत्तम ज्ञान प्राप्त हुन्छ ।

पाँचौ दिनको कथा प्रवचनले जस्तै परे पनि दुःख कष्ट सहेर रहने, भेदभाव नगरी अरू अगाडि बढ्ने कथा र श्रीकृष्णका बाल्यलीला र आफूलाई दूध पिलाई विषपान गराई मार्न आउने पुतनालाई समेत उद्धार गर्ने कथा प्रवचन जस्तै माता यशोदालाई विश्वरूप दर्शन, परोपकार दुष्ट मर्दन, सज्जनहरूको उद्धार, ऐश्वर्य लीला कथाका प्रसङ्गहरू आउँदछन् । श्रीकृष्णले जे गरे ती सबै लोकहितका लागि गरे, उच, नीच, भेदभाव नगरी समान व्यवहार गरेका कथा प्रसङ्ग आउँदछन् । जस्तै इन्द्र, वरूण, यमराजलगायत ब्रह्माजीको समेत घमण्ड तोड्दै, कंश, जरासन्ध जस्ता वीर पुरुषहरूको वध गरेका कथा प्रसङ्ग आउँदछन् । सबै जनाको मनोकामना पूरा गराइएका कथा प्रसङ्गका साथै दुष्टहरूलाई दमन गरी लोकलाई बचाई सज्जनहरूमा सुमधुर व्यवहार गर्दै, सत्य साँचो मार्गको संदेश दिदै, दुःष्टजनको संहार गरे भन्ने ज्ञान प्राप्त हुन्छ । यस्ता भगवान्का लीला कथा प्रसङ्ग सुन्नाले मात्र जन्मजन्मान्तरका पाप ताप नाश भई यो जीवन सार्थक हुन्छ भन्ने ज्ञान प्राप्त हुन्छ ।

छैठौं दिनको कथा प्रवचनबाट अरूको उपहास गर्दा आफ्नो सर्वनाश हुन्छ भन्ने कुराको ज्ञान हुन्छ । छैठौं दिन उद्धवलाई ज्ञान दिनेसम्मको कथा भन्ने सुन्ने प्रावधान छ । यस दिनका कथा सुन्नाले अज्ञानीजन समेत ज्ञानी भई मुक्त हुन्छन् । जस्तै वासुदेवले भनेका छन् - नारदजीलाई जीवन यसै गयो केही गर्न सकिएन भन्दा नारदजीले नव योगेश्वरहरूको प्रसङ्ग ल्याएर निमी राजा र कवि, हरि, अन्तरिक्ष, पिपलायन आदिको कथाले वासुदेव देवकीहरूले चिन्ता गर्नु पर्दैन स्वयं नारायण नै श्रीकृष्ण छोरा भई जन्म लिनुभयो भन्ने प्रसङ्गका साथ अन्य यस दिनका कथा प्रवचन हुन् - यदुकुल ऐश्वर्यशाली भई बढेको छ । कसैले यो कुललाई नाश गर्न सक्दैनन् भनी स्वयं नारायणरूप श्रीकृष्णको चाहनाले घमण्डी भई आफू आफूमै लडी नाश भए भन्ने कथा प्रवचन र एघारौं स्कन्धको

हंसोपाख्यान र उद्धवलाई ज्ञानदिनेसम्मको कथा प्रवचनको प्रावधानबमोजिम यस दिनको कथा प्रवचन विशेष गरी ज्यादै उद्दण्ड श्रीकृष्ण कुलमा यदुकुलका केटाकेटीहरूले घमण्डले ऋषिमुनिहरूको उपहास गर्दा आफ्नै वंश नाश भएको कथा प्रवचन आउँछ । आज पनि यस्तै धेरै मानिसहरूले सज्जनको उपहास गर्ने सत्य साँचो कुराको खिल्ली उडाउने गरेको देखिएको छ । यस्तो गर्नाले आफ्नै हानि हँदो रहेछ भन्ने ज्ञान यिनै कथा प्रवचनबाट थाहा हुन्छ । यस कारण अर्काको हित समुन्नतिमा बाधा नदिए शाश्वत ज्ञान प्राप्तहुन्छ । यस्तै गरी सातौं दिनको कथा प्रवचनमा श्रीकृष्णले पृथ्वी लोक छोडेपछि सुरू हुन्छ । कलिधर्मको साथै अन्तिम कथा प्रवचनमा यो संसारका सबै वस्तुमा पनि सारतत्त्व हुन्छ भन्ने कुराको विशेष ज्ञान प्राप्त हुन्छ । सातदिन समाप्तिको दिन पनि हो । मानिस जति बाँचे पनि एक दिन जानै पर्छ । कमिलादेखि ब्रह्माजीसम्मको आयु तोकिएकै छ । यो असार संसारलाई छाडी जाने दिन सातवटा बारमध्ये कुनै एकमा हो भन्ने कुराको ज्ञान यिनै कथाबाट थाहा हुन्छ । यही कुरा बुझी परीक्षित राजाले सात दिनभित्र विद्वान् गुरु शुकदेव स्वामीबाट सत्यको ज्ञान पाई मोक्ष प्राप्त गरे र ब्राह्मणको श्राप सत्य सावित गर्न तक्षकले डसी परीक्षित राजाको शरीर ढलेको कथा प्रवचनले दिन्छ । सत्य कुराको आवश्यकता हिजो पनि थियो र आज पनि उत्तिकै आवश्यक छ भन्ने ज्ञान यी कथाहरूबाट प्राप्त हुन्छ । यसकारण सज्जन मानिसको पनि यो संसारमा अभाव छैन । जीवनलाई सार्थक बनाउन चाहने मानिसले संधै आनन्दित रहन यस्ता भागवतशास्त्र सुन्नु/सुनाउनुपर्छ ।

ooo

# वस्तुअर्पण

यो संसारमा जति पनि सामग्री छन् । ती सबै ईश्वरकै हुन् किनभने आविष्कारकहरूले यिनै प्राकृत ईश्वरीय वस्तुबाट नै आविष्कार गरेका छन् । ती सबै ईश्वरप्रदत्त वस्तु हुन् । जस्तै जल, बोटबिरूवा, अन्नपात, जीवजन्तु नयाँ कुरा केही छैनन् । भन्न त मानिसहरूले युग बदलियो । नयाँ आविष्कार भए भन्दछन् । शब्द उनै हुन् । वर्ण उनै हुन् । हावा, पृथ्वी, पानी उही हो । सूर्य, चन्द्र, तारागण उनै हुन् । खेती अनाज उनै हुन् । माटो ढुङ्गा उनै हुन् तर तिनको रूपान्तर मात्र भएको छ ।

भगवान्को वस्तु भगवान्मा नै अपर्ण गर्नुपर्छ भन्ने कुराको ज्ञान भागवतमा नारदजीले भन्नुभएको छ । **"त्वदियं वस्तु गोविन्द तुभ्यमेव समर्पये ।"** हजुरको वस्तु हे गोविन्द हजुरमा नै अर्पण गरें भनी भन्नुभएको छ । यस्तै **"यावद् भ्रियेत जठरं तावत् स्वत्वं हि देहिनाम् । अधिकं योऽभिमन्येत स स्तेनो दण्डमर्हति ।"** यसको अर्थ हो आफ्नो पेट जतिले भरिन्छ त्यतिमा नै त्यसको अधिकार हुन्छ । धेरै जम्मा गर्न खोज्दछ भने त्यसले दण्ड पाउँछ । आजको संसारमा यो कुरा छैन । कति बालबालिका खान नपाएर मरिरहेका छन् । कति दीन दुःखी रोग लागेर औषधि उपचार नपाएर मरिरहेका छन् । कतिले भने बैंक ब्यालेन्स गरेर धनी खुसी बनिरहेका छन् । हुन त देखावटीरूपमा परोपकार, बालकल्याण, दीन दुःखीलाई सहयोग भन्दछन् । खोई समान वितरण भएको ? यसैले माता, पिता, गुरु, दीन, असहाय, रोगीजनलाई सदा आफ्नो धर्मपूर्वकको दशांश वस्तु त्यस्ता जनमा अर्पण गर्नु वस्तुअर्पण हो । उपर्युक्त जन प्रसन्न रहे सबै कुरा पूर्ण हुन्छ ।

यसैले हाम्रा शास्त्रहरूले भन्दछन्- "वर्णानां ब्राह्मणो गुरु ।" गुरु भन्ने मन्त्र दिने मात्र होइनन् पिता, माता, मन्त्रदाता, कन्यादाता, पढाउने सिकाउने सबै गुरु हुन् । यस्ता गुरु जनलाई जीवित छदै आफूले आर्जन गरेको धनबाट पालन पोषण गर्नु र शेषपछि **"जीवितते वाक्य स्वीकारात् अपाहे भूरि भोजनात्"** भनिएको छ । बाचुञ्जेल सेवा गर्ने, देहान्तपछि वैदिक विधिले और्ददेहिक क्रिया गरी गयादिको कार्य गर्ने । अनि पछि भाञ्जा-भाञ्जी, सज्जन ब्राह्मण, दीन दुःखीलाई वस्तु अर्पण गरी भोजन गराउने । यस्तो कार्य आफूले सकुञ्जेल गर्ने। गीतामा भनिएको छ - **"कार्यमेवतत्"** - यही हो वस्तुअर्पण भन्नु ।

आजकलका मानवहरूले भनेको सुनिन्छ – "कति दिएँ, कति दान वितरण गरें । कैयौँ ध्यान पूजा पाठ गरें । खोई ईश्वर देखिई खुसी भएको ? भएका भए त खुसी देखिदा हुन् ? यी सब देखावटी मात्र हुन् । कुरा वास्तवमा बाहिरी शरीर शुद्ध गरी मन, बुद्धि, चित्त, अहंकार यी अन्तस्करण शुद्ध छन् भने आफ्नो धन धर्मपूर्वकको छ । भित्रदेखि वस्तु वितरण गर्न इच्छुक छ भने आफैमा ईश्वरको अनुभव प्रत्यक्ष हुन्छ । ईश्वर त भित्र-बाहिर, अरूमा, आफैमा सर्वत्र ठाउँमा छ । ईश्वरको आविर्भाव तिरोभावशक्तिले युक्त छ । गीतामा भनिएको छ- **"स एव जातः सजतियमाणः"** फेरि भनिन्छ **"अजोऽपि सन्न व्यायात्माः भूतानमिश्वरोऽपिसन्। प्रकृतिं स्वमधिष्ठाय सम्मवाम्यात्म मायया"** "ईश्वर अजन्मा छ अर्थात् अविनाशी छ, व्यापक छ, सबै प्राणी मात्र हो ईश्वर, ईश्वर आफ्नो योग मायाद्वारा सधै प्रकट भएको छ । यही नै ईश्वरको सर्वशक्तिरूप सत्ता हो । यो कुराको ज्ञान आफ्ना सद्गुरुबाट मात्र थाहा हुन्छ । उनै योगमाया आमारूपले दया, श्री विद्या, शक्ति, माया, इत्यादि रूपले के प्रकट भएकी छैनन् ? आफैसँग भएको धर्मपूर्वकको वस्तु मात्र आफूले भगवान्मा अर्पण गर्न सक्नुपर्‍यो । यही कुरालाई नै वस्तुअर्पण भनिन्छ ।

ooo

# अठार पुराणमा उत्तम श्रीमद्भागवत

सर्वप्रथम इन्द्रदेव, देवीहरूलाई नमस्कार गर्दै पुराणहरूमा अति उत्तम ठहरिएको पूर्वीय साहित्यमा समृद्धशाली सफल दर्शनशास्त्रले परिपूर्ण, भक्ति, ज्ञान, वैराग्यले भरिएको महापुराण भागवतमा त्यस्तो अमृततुल्य के छ ? भन्ने कुरामा श्रीनारदजीको उपदेशले श्रीवेदव्यासजीले पुराणहरूको निचोडका रूपमा प्रत्येक अध्यायमा श्लोक श्लोक, अक्षर–अक्षरमा हरिका गुणानुवादले भरिपूर्ण श्रीभद्भागवत निर्माण गरी आफ्ना पुत्र शुकदेव स्वामीलाई सर्वप्रथम पढाउनुभएको हो । सोही अवसरमा सुतजीले समेत पढ्नुभएको हो ।

ब्राह्मणको श्राप परी सात दिनभित्र मृत्यु तोकिएका राजा परीक्षितलाई मोक्ष गराउनुभएको हो । सोही भागवत ग्रन्थ कलियुग लाग्ने समयमा नैमिषारण्य नाम भएको पुण्य क्षेत्रमा अठासी हजार ऋषिहरूलाई सुतजीले सुनाउनुभएको हो । हामीसँगै यस्ता अमृततुल्य वेद, उपवेदरूपी महान् ग्रन्थ भागवतादि शास्त्रहरू छँदाछँदै हाम्रा आधुनिक शिक्षा प्राप्त विद्वान् योजनाकारहरूको झुकाव पश्चिमेली साहित्य र विद्वान्हरूतर्फ देखिन्छ । यो देखेर पूर्वीय दर्शन पुराणशास्त्र जान्नेहरूको मन रूनु स्वाभाविकै हो ।

के हाम्रा शास्त्र पुराणहरूमा केही ज्ञान छैन ? भक्ति, ज्ञान, वैराग्यको त्रिवेणी, सबै किसिमका योग शास्त्रहरूको मूल, स्वास्थ्यसम्बन्धी भवरोग विनाश गर्ने विधि, तिनै किसिम दुःख नाश गर्ने विधान, आध्यात्मिक, आदि भौतिक, आदिदैविक दुःख हटाउने विधान यसै भागवत महापुराणमा बताइएको छ । नारदऋषिको उपदेशले भागवतमा महर्षि वेदव्यास मुनिले वेद, वेदाङ्ग, योग, उपनिषद्, कल्पतरूको सार खिची यो महापुराणशास्त्र रचना गरी पुत्र शुकदेव स्वामीलाई पढाएर रहस्य बताउनुभएको छ । आधुनिक वैज्ञानिक चिकित्सा विधाले समेत पत्ता लगाउन नसकेका मानिसका इन्द्रियहरू जस्तै आँखा, नाक, कान आदि र मनोरोगको निवारण विधि र रोगै नलाग्ने विधान यस शास्त्रमा विशेष रूपले उल्लेख गर्नुभएको छ । सृष्टिको विधान, भगवान्ले अंशावतार, पूर्णावतार लिई पृथ्वीका भाररूप दुष्ट दानवहरूको संहार, सज्जनहरूको र धर्मको रक्षा गरी महापुराणको लक्षण बताइएको छ ।

यस्ता पुराणको ज्ञान सर्वप्रथम नारायणले ब्रह्माजीलाई सहर्षले चतुसनहरूलाई, ब्रह्माजीले स्वकीय पुत्र नारद ऋषिलाई, नारदजीले

सरस्वती नदीको किनारमा सत्र पुराण लेखेर पनि सतोष नलिएका वेदव्यास मुनिलाई आफ्ना पिता ब्रह्माजीबाट प्राप्त विद्या चतुश्लोकी यही भागवत बताउनुभएको हो । सोही चतुश्लोकी भागवतलाई वेदव्यास मुनिले द्वादश स्कन्ध ३३५ अध्याय ,१८००० (अठार हजार) श्लोकमा विस्तृत गरी लेख्नु भई सोही ग्रन्थ आफ्ना पुत्र शुकदेव स्वामीलाई पढाउनुभएको हो । सोही समयमा सुतजीले समेत पढ्नुभएको हो । यस्तो अमृतभन्दा ठूलो वेद, निगम, उपनिषद् कल्पतरूको रसरूप सार ऋषिको श्राप परी सात दिनमा मृत्यु हुने राजा परीक्षितलाई शुकदेव स्वामीले सुनाई मोक्ष (मुक्ति) गराउनुभएको हो । तक्षकले डसे पनि राजामा मरूँला भन्ने कत्ति दुःख थिएन । सोही कथा कलियुगको आरम्भमा नैमिषारण्य पुण्य क्षेत्रमा अठासी हजार ऋषीश्वरहरूलाई श्रीसुतजीले सुनाउनुभएको हो । श्रीमद्भागवत सम्पूर्ण वेद, निगम, उपनिषद्हरूको सार हुनुको साथै सबै पुराणहरूको साररस्वरूप हो भनिएको छः- **'निगम कल्पतरो गलितं फलं शुकमुखाद्रमित रससंयुतम् । पिवत भागवतं रसमालयं मुहुरहो रसिका भुविभावुका ।'** अखिल वेद, निगम, उपनिषद्रूपी कल्पतरूको रसरूप फल सुगारूपी शुकदेव स्वामीले चाखिएको रस पृथ्वीका भावुक जनहरूले पनि पान गरून् भनी भागवतमा श्रीकृष्णको सच्चा वाङ्मयमूर्ति भागवत हो भनिएको छ– **तेनेदं वाङ्मयी मूर्ति** भनी प्रत्यक्ष लेखिएको छ ।

ऋषिहरूमा मुख्य शौनकजीले उक्त क्षेत्रमा वक्ता सुतजीलाई मुख्य मुख्य ६ प्रश्न गर्नुभएको छ । ती प्रश्न हुन् :- अज्ञानी जनको कल्याण के गर्नाले हुन्छ ? शास्त्रको मुख्य सार के हो ? अजन्मा भगवान् श्रीकृष्णले किन जन्म लिनुभयो ? श्रीकृष्णले वासुदेव र देवकीका छोरा भएर जन्मनुको कारण के हो ? बलराम र श्रीकृष्णका बाल्यलीला के–के हुन् ? भगवान् श्रीकृष्ण परमधाम वैकुण्ठ प्रस्थान गरेपछि धर्मले कसको शरण लियो ?

यी प्रश्नको उत्तर छोटकरीमा भन्नुपर्दा श्रद्धा भक्तिले सुने पढेको खण्डमा आफूमा भएको खराब वासना नाश भएर जान्छ । भगवान्को पूजा, अर्चना, आराधना गर्नाले मानवमात्रको कल्याण हुन्छ । सत्शास्त्रको मुख्य सारतत्त्व भन्नु यही हो । अजन्मा भगवान् जन्मनुको कारण हो पृथ्वीका भाररूप दुष्टहरूको संहार गर्नु । वासुदेव र देवकीको पूर्वजन्मको वचन पालन गर्न उनीहरूको छोरा भै कारागरमा साक्षात् नारायणको कृष्णावतार लिनुभई पृथ्वीको भाररूप दुष्ट पुतना, केशी, बकासुर, तृणावर्त, कालीय, कंश आदिको वध गर्नुभएको हो । ब्रह्मा भएर सृष्टि गर्ने, विष्णु भएर पालन

गर्ने, रुद्ररूप लिएर संहार गर्ने । यी उदार कर्महरू हुन् । विभिन्न अंशावतार, पूर्णावतारहरू हुन्- वराह, मत्स्य, कपिल, राम, कृष्ण आदि । अन्तिम प्रश्नको उत्तरमा उनी कृष्णस्तु भगवान् स्वयं भनिएको छ । उहाँ पृथ्वीको भाररूप दुष्टहरूको संहार गरी देवताहरूको मागबमोजिम आफ्नो कार्य समाप्त गरी सदेह वैकुण्ठधाम प्रस्थान गरेपछि धर्म कसको शरणमा गयो ? भन्ने प्रश्नमा श्रीकृष्ण भगवान्ले आफ्ना षडैश्वर्य यसै भागवतमहापुराणमा राखी जानुभएको हो । उहाँको वाङ्मय मूर्ति भन्नु नै यही भागवत हो । मुख्य रूपले भन्नुपर्दा यो भागवतशास्त्र ज्ञान, भक्ति, वैराग्यले परिपूर्ण छ । यसमा हरेक किसिमका दुःख दारिद्र्य, भोग, शोकको निवारण गर्ने क्षमता छ । भनिएको छ **'श्रीमदभागवतम् श्राव्यं शोक दुःख विनाशनम्'** भागवतलाई धर्म, अर्थ, काम, मोक्ष चारै पुरुषार्थ प्राप्त गराउने क्षमता हुनुको साथै अध्यात्म दींपस्वरूप साँच्चै श्रीसूर्य सरह नै भने हुन्छ । यो नै ज्ञानरूपी ज्योति हो । यसमा हुने अरू विकल्प छैन भनिन्छ **'स्वादुःस्वादुःपदे-पदे'** हुन पनि यो अपूर्व भागवत नियमपूर्वक सप्ताहको रूपमा एक चित्त भई श्रवण,कीर्तन, पूजा गर्नाले तपस्या, योग, समाधिले नपाइने फल यो भागवतशास्त्र श्रवण गर्नाले घृतकुल्य पयकुल्य आदि गरिएका यज्ञको फल प्राप्त हुन्छ ।

ऋषिहरूमा मुख्य शौनकजीले प्रश्न गर्नुहुन्छ - भागवतशास्त्रको क्रिया योगको बारेमा लक्ष्मीपति भगवान्को आराधना आफू अति शुध्द भई चरणादि अंग, गरुडादि उपाङ्ग, सुदर्शनादि अयुध, कौस्तुभादि आभूषणहरूको परिकल्पना गरी भगवान्को चेतना अधिष्ठित जुन रूप छ त्यो रूपको स्वरूप यसरी नै बनेको छ । प्रकृति, सूत्रात्मा, महतत्त्व, अहंकार, पञ्चतन्मात्रा यी तत्त्वसहित एघार इन्द्रिय पञ्च महाभूतसहित १६ विकारले बनेको छ ।

प्रणव ॐकार यो भागवत शास्त्रको अंकुर हो । अनादि नारायण भगवान्बाट प्रादुर्भाव भएको हो । यो भागवत श्रवण, कीर्तन, मनन गर्नाले आफूले चाहेको फलसमेत दिन्छ भन्ने कुरा यसै भागवतशास्त्रमा उदाहरण दिएको छ - यो भागवतशास्त्र ब्रह्मचारी, गृहस्थी, वानप्रस्थी, सन्न्यासी सबै वर्गका मानवहरूलाई अति प्यारो लाग्दछ । प्यारो लाग्नुमा कारण छ। यसमा श्रीकृष्णचरित्र अति सुमधुर छ । यसैले भनिन्छ **'कृष्णस्तु भगवान्स्वयम्'** ।

यो शास्त्रले आफूले चिताएको फल दिई अगतिमा मरेका मृतक जनहरूलाई उद्धार गर्ने शक्ति भएकाले लोकमा यो शास्त्रको अति मान्यता रहेको हो । आफ्ना पितृउद्धारका उदाहरण यस भागवत शास्त्रमा धेरै छन् । पहिलो त ब्राह्मणको श्राप परी सात दिनभित्रमा सर्पले डसेर मर्ने परीक्षित राजालाई स्वामी शुकदेव मुनिले मोक्ष दिलाउनुभयो ।

दोस्रो हो आफ्ना दाजु धुन्धुकारीलाई भाइ गोकर्णले श्री सूर्यको उपदेशानुसार सात दिनसम्म भागवत सुनाई दिव्य विमानद्वारा स्वर्ग पुऱ्याउनुभयो । तेस्रोमा अति पापी बाबु हिरण्यकशिपुलाई नृसिंह भगवान्ले मारेपछि प्रह्लादलाई उपज वर माग बाबु भन्दा मलाई कुनै वरको चाहना छैन । मेरा बाबा हिरण्यकशिपुले हजूरको अति निन्दा गर्नु भएको छ । उहाँ नरकमा- नपरी उद्धार होस् भन्दा नृसिंह अवतार भगवान्ले प्रह्लादलाई भन्नुभयो - तिम्रा २१ पुस्ता तरे । तिमीले दुःख मान्नु पर्दैन भन्नुभएको छ । यसकारण भागवत पुराणको महत्त्व ज्यादै भएकोले **'विद्यावतां भागवते परीक्षा'** भनिएको हो ।

गुरु विश्वरूपले इन्द्र राजालाई बताउनुभएको सबै मानव मात्रलाई अति उपयोगी नारायण कवच भागवतको छ स्कन्धको ८ औं अध्यायमा बताइएको छ । सर्वप्रथम आफ्ना हात पाउ धोई उत्तर फर्की आफ्ना विभिन्न अंग छोई न्यास गर्ने अनि मात्र भगवान्को प्रार्थना गरी भन्ने - हरि भगवान्ले मेरा सबै कुराको रक्षा गरून् । मत्स्य अवतार भगवान्ले मलाई जलमा रक्षा गरून् । नृसिंह अवतार भगवान्ले बाटोमा र वराह अवतार भगवान्ले प्रवासमा रक्षा गरून् । अपाच्यबाट धन्वन्तरी भगवान्ले रक्षा गरून् । पाखण्डीहरूबाट बुद्ध भगवान्ले रक्षा गरून् **'बुधस्तु पाखण्ड गणात् प्रमादात्'** भनिएको छ । कलिकल्मषबाट कल्की अवतार भगवान्ले रक्षा गरून् भन्ने कुरा भागवतमा बताइएको छ । यस्तो सबैका विघ्न-बाधा हटाई शत्रुको संहारका साथै आरोग्य ऐश्वर्यादि दिई धर्म, अर्थ, काम, मोक्ष, कैवल्यादि चारै पुरुषार्थ दिने शास्त्र भागवत हो ।

यस्तै ६ स्कन्धको १९ औं अध्यायमा पुंसवन व्रतको उल्लेख छ । यो व्रत आफ्ना पतिको आज्ञा लिई मार्ग शुक्ल पक्षबाट आरम्भ गर्नुपर्छ । नित्य प्रातःकालमा स्नान संध्या गरी लक्ष्मीपति नारायणको सविधि पूजा गरी सौभाग्यवती नारीको समेत पूजा गर्नुपर्छ । पत्नीले नसके पतिले गरे पनि हुन्छ ।

यस्तै सबै किसिमका ऋणबाट मुक्त हुनको लागि अष्टम स्कन्धमा गजेन्द्र मोक्ष श्रवण, पठन पाठनले सबै किसिमका पितृऋण, ऋषिऋण, देवऋणबाट मुक्ति मिल्दछ भनिएको छ । यस भागवतशास्त्रमा यस्तै धेरै विधि विधानका उदाहरणसहितका कुराहरू छन् । यसका कथाहरू अति लाभदायक हुनुका साथै समाजोपयोगी भएकाले अत्यन्त प्रशंसित छन् । यो शास्त्रको मुख्य उद्देश्य हो । यो शास्त्र श्रवण, कीर्तन, निदिध्यासन, गर्नेलाई मुक्ति दिनु, निर्भयता प्रदान गर्नु पनि यो शास्त्रको उद्देश्य हो । मुक्ति चाहनेलाई मुक्ति, विजय चाहनेलाई विजय, केही नचाहनेलाई पनि भागवतले मुक्ति प्राप्ति गराउँछ । अर्थात् पितृउद्धार गराउनु यो शास्त्रको परमउद्देश्य हो भनिएको छ । यसको कथा ज्यादै पवित्र छ । एक पटक सुनेमात्र जन्म जन्मान्तरका सम्पूर्ण पाप, ताप नाश हुन्छन् । अझ पितृकार्यमा सुन्नाले, पाठ पारायण गराउनाले सम्पूर्ण पितृवर्गको उद्धार हुन्छ । मुक्ति हुन्छ । कसैले नित्य पाठ गर्दछ भने उसको मोक्ष नै हुन्छ । पुनःपुनः माताको गर्भवास गर्नुपर्दैन !

ooo

# विभिन्न विचारको एकता : लोकतन्त्र

आज–भोलिका विभिन्न मत विचार भएका मानिसहरूले भन्ने गर्दछन् – पुराना विचारले देश चल्दैन । नयाँ नेपाल त्यसै बन्दैन । एउटाले भन्दैमा सबै कुरा हुने होइन । हामी सबै मिलेमा एकताले नै देशका सबै क्षेत्रमा आधुनिक शैलीमा नयाँ विकास हुन्छ भन्ने धेरै प्रमाण पाइन्छन् । यो कली युग हो । यो युगमा संघमा शक्ति हुन्छ भनिएको छ– **"संघे शक्ति कलौ युगे ।"** एउटाले गर्ने काम सबै क्षेत्रमा सबै मिली गरेमा अवश्य विकास र निर्माण हुन्छ । जस्तै हामीले भूतकाललाई हेरेर आज कार्य गर्नुपर्छ । वर्तमानलाई प्रमाण मानेर सबै क्षेत्रमा विद्वान् योजनाकारहरूले सही योजनाको कार्यतालिका निर्माण गरी सबै विचारधाराका वर्गसँग ऐक्यबद्ध भई कार्य गरेमा देशका सबै क्षेत्रमा विकासको फल लाग्दछ ।

जस्तै एक–एक थोपा पानीले खोलो बग्दछ । धेरै खोला मिलेमा नदी हुन्छ । धेरै नदी मिल्दा महानदी बन्दछ र धेरै महानदीहरू मिलेर सागर/समुद्र बनेको हामीहरूले देखेका छौं। एक–एक घर मिलेमा गाउँ, धेरै गाउँ मिलेमा जिल्ला, अञ्चल हुँदै देश बन्छ । धेरै देशको मिलनबाट विश्व संसार बनेको हो । यसमा एउटा परिवारमा विभिन्न विचार, प्रत्येक परिवारका पुरानो सदस्यहरूको विरोधी धर्म भएको एउटा पुरानो शास्त्रीय सुभाषित वचन छ, हामी सबैले जानेको शिवपरिवारको उदाहरण लिए पुग्दछ ।

**"रुद्रो मुण्डधरो भुजङ्गसहितो गौरीतुसद्भूषणा, स्कन्ध शम्भु सुतौ षडानन युतः तुण्डी च लम्बोदरः। सिंह क्रेलिम मूषकं च वृषभस्तेषा निजं वाहनम्, इत्थं शम्भु गृहे विभिन्न मतिषु चैक्यं सदावर्तते ।"** यसको अर्थ हो–सदा शिवले मुण्डमाला र सर्प धारण गर्नुभएको छ । प्रकृति पार्वतीजी विभिन्न रत्नजडित सुवर्ण आभूषण गहनाले सुशोभित हुनुहुन्छ । शंकरपुत्र स्वामी कार्तिकेय छ मुखवाला हुनुहुन्छ भने श्रीगणेशजी लामो सुँड, ठूलो पेटवाला हुनुहुन्छ । शिवपार्वती, कर्तिकेंय, श्रीगणेशका वाहनहरू पनि विभिन्न मति र स्वभावका छन् । तिनीहरू एकले अर्कालाई खाने स्वभावका छन् । जस्तै बसाह (गोरू)–सिंह/बाघ, मयूर र मूसा यस्ता विरोधी धर्मवाला भए पनि शिवको प्रभावले सबै मिली एकै ठाउँ रहेका छन् ।

यस्तो भूत कालको शास्त्रीय कुरा बुझेमा आज विज्ञानको चमत्कारले विश्व एक भएको छ । राष्ट्र र राष्ट्रका महानुभावहरू मिले के राष्ट्र र विश्व

बन्दैन ? हामी सबै विभिन्न विचारका मानिस मिले अवश्य देश राष्ट्र बन्दछ । देश बन्नु नै विश्व बन्नु हो तब मात्र नयाँ नेपाल बन्दछ । वेंदमा हेर्नुस्–द्यौः शान्तिः, अन्तरिक्ष शान्तिः, पृथ्वी शान्तिः, आपः शान्तिः, ओषधयः शान्तिः, वनस्पतयः शान्तिः, ब्रह्म शान्तिः, सर्वः शान्तिरेव शान्तिः सामा शान्तिरेधि आदि शान्ति वचनहरू छन् ।

द्युलोकरूप शान्ति, अन्तरिक्षरूप शान्ति, भूलोकरूप शान्ति, जलरूप शान्ति, ओषाधिरूप शान्ति, वनस्पतिरूप शान्ति, सर्वदेवरूप शान्ति, ब्रह्मरूप शान्ति, सर्वजगत्रूप शान्ति र संसारमा स्वभावतः जो शान्ति रहन्छ, त्यो शान्ति हामीलाई परमात्माका कृपाले प्राप्त होस् । विश्वलाई लोक भनिन्छ । लोकलाई चाहिएजस्तो शासन व्यवस्थाको नाम लोकतन्त्र हो । लोकतन्त्रमा सबै सुखी सबै खुशी, सबै निरोगी, सबै ऐश्वर्यशाली बन्नुपर्छ । सबैको मनमा शान्ति र आनन्द प्राप्त हुनुपर्छ । त्यसका लागि सबैको भावनामा पनि एकता हुनुपर्छ, विचारमा पनि एकता हुनुपर्छ । मानव मात्रको कल्याण चाहने विचार नै लोकतन्त्र हो । नेपालमा आएको लोकतन्त्रले नेपाली मात्रको कल्याण गर्नुपर्छ । सबैको कल्याण गर्ने विचारमा नै एकता हुन सक्छ ।

ooo

# धर्म-ग्रन्थहरू

सनातन वैदिक धर्मको मूल ग्रन्थ वेद हो । **'वेद विहितो धर्म'** भनिएको छ । यस्तै बुद्ध धर्मको ग्रन्थ हो- त्रिपिटक, क्रिस्चियनहरूको धर्मग्रन्थ हो - बाइबल, इस्लामीहरूको धर्मग्रन्थ कुरान हो । सनातन वैदिक धर्मको मूलस्वरूप वेद हो । वेदविहित धर्मग्रन्थहरू धर्मसूत्र, गृह्यसूत्र, श्रौतसूत्रादि छन् । अन्य स्मृति ग्रन्थहरू हुन् । याज्ञवल्क्य स्मृति, मनुस्मृति । यस्तै श्रुति-स्मृतिका आधारमा वैदिक धर्म संस्कृति हालसम्म चल्दै आएको छ र चल्दै जानेछ । धर्मसम्बन्धी जति विरोध भए पनि लोकमा धर्मको कत्ति कमी हुने छैन । लाखौं लाख मानिसले भनेको कुराभन्दा वेदवेत्ता एकजनाले धर्मको विषयमा भनेको मान्नुपर्ने हुन्छ, किनभने वेदविहित धर्म भनेकाले आज मात्र होइन पहिले पहिलेका मानिसहरू पनि सकल धर्म जान्ने कमै संख्यामा भएको शास्त्रादिमा पाइन्छ । जस्तै सत्धर्मवेत्ता आदि पुरुष नारायण, सङ्कर्षण ब्रह्माजी, सनत कुमार, नारद ऋषि, भगवान् शंकर, कपिलदेव भगवान्, स्वयम्भू मनु, भक्त प्रह्लाद, राजा जनक, भीष्म पितामह, राजा बलि, शुकदेव स्वामी र धर्मराज भनेर वैदिक धर्मवेत्ताहरू भन्दछन् ।

यसमा एउटा उदाहरण छ - महाभारतको लडाइँ हुनुभन्दा पहिला दुर्योधनले आफ्नी आमासँग गएर सोध्यो - लडाइँमा कसको जित हुन्छ ? भन्दा आँखामा पट्टी बाँधेकी गान्धारीले भनेकी थिइन् । जहाँ धर्म छ त्यसैको जित हुन्छ । फेरि गुरु द्रोणाचार्यसँग गई त्यसै गरी दुर्योधनले सोध्दा **'यतो धर्मः ततो जय'** भनेर जहाँ धर्म छ त्यहीं जित हुन्छ भने । श्रीकृष्णले पनि धर्मकै पक्ष लिई पाण्डवतिर लाग्नुभएको हो । त्यतिखेरको युद्ध पनि धर्मयुद्ध हुन्थ्यो । धर्मराज युधिष्ठिर पनि धर्मात्मा थिए । जित पनि पाण्डवकै भयो । यो वैदिक संस्कृतिको रक्षा बेलाबखतमा यस्तै किसिमबाट भएको छ- **'धर्मोरक्षति रक्षितः'** रक्षा गरिएको धर्मले आफैलाई रक्षा गर्छ । आजसम्म हामीहरूले वैदिक परम्पराअनुकूल नै पर्व, तिथि, संस्कृति, सभ्यता मान्दै आएका छौं र मान्दै जानेछौं जबसम्म सूर्यचन्द्र रहन्छन् । चन्द्रसूर्य प्रत्यक्ष देवताहरू हुन् । उनीहरूकै गतिमा पर्व, तिथि चल्दै गरेका छन् । हामीहरूले पनि मान्दै आएका छौं । भनाइ पनि छ- **'महाजनो येन गता स पन्था'** भनेर वेदले बताएको धर्म हो । यी ग्रन्थहरू पनि सोही अनुकूल लेखिएका हुन् । युग धर्मले गर्दा केही फरक परे पनि युग धर्म भनी जान्नुपर्छ । अन्य धर्मग्रन्थहरू हुन्- धर्मशास्त्र, नीतिशास्त्रका आधारमा सबै

किसिमका दर्शनशास्त्र पुराण, महाभारत, रामायण आदि । धर्मनीति, राजनीति, अर्थनीति, न्यायनीति, प्रशासननीति, सेनानीति, देश र राष्ट्ररक्षाको लागि विभिन्न किसीमका सेना, जल, थल, सैन्यको व्यवस्था, सेनाब्यारेक, विभिन्न किल्ला जनकिल्ला, जलकिल्ला, स्थलपर्वत किल्ला गरी राष्ट्र रक्षा गरिएको शास्त्रहरूमा उल्लेख छ । ब्यारेक पक्का भए देश राष्ट्र रहन्छ; राष्ट्र रहे हामी रहन्छौं । यो ध्रुव सत्य कुरा हो । हाम्रा उपर्युक्त ग्रन्थले अन्त्यमा अर्को अर्थ नलागेमा हामी देशवासी मानवको लागि गर्भाधानदेखि मृत्युपर्यन्तका संस्कार र सत्शिक्षा सदाचार सिकाइ सुसभ्य मानव बन्न सिकाएका छन् । शास्त्रहरू भन्दछन्– तिमीले मित्रताको आँखाले हेरेमा अरूले पनि मित्रताका आँखाले हेर्नेछन् । यसैले हाम्रा शास्त्र भन्दछन् –**'सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामया सर्वे भद्राणि पश्यन्तु मा कश्चिद्दुःख भाग्भवेत् ॥**

ooo

# नित्या देवी

नित्या देवी (स्त्री) पार्वती सतीदेवी शक्तिरूपिणी जसको इच्छाले ब्रह्मा, विष्णु, शिवादि देवता उत्पत्ति हुन्छन् । भगवान्का उद्धार कर्महरू पनि यिनै हुन् । फेरि उनै देवी शक्तिमा लयसमेत हुन्छिन् । ईश्वर ब्रह्मसहित यिनैको इच्छाले ब्रह्मा, विष्णु, शिवादिको उत्पत्ति हुन्छ । यिनकै इच्छाबाट लय हुन्छन्, यसकारण यी देवीलाई नित्या भनिन्छ ।

यस्ती देवीको लोक मणिद्वीप हो । परब्रह्म परमात्माकी शक्तिरूपिणी पनि माई शक्तिरूपा देवी हुन्, जसको शक्ति बीच स्वयं ईश्वरले पनि केही गर्न सक्दैनन् । यस्ती देवीको प्रार्थना, अर्चना आरती गर्नाले देशका प्रमुखको समेत शक्ति बढ्दछ भनिएको छ । आश्विन शुल्क तृतीयाको स्वाति नक्षत्रमा हात्ती, घोडा खरखजाना राष्ट्रका शक्तिरूप सेना बलको अर्चना गरिएको छ भने जस्तोसुकै शत्रुले समेत केही गर्न सक्ने शक्ति हुँदैन भनिएको छ – **"आश्विन शुल्कपक्षे तृतीया स्वाति योगिनी यावनवीर निराजन कुर्यात् तावद्राजा वसेत् गृह्यम्"** सेतु पुल बाँध, पृथ्वीको सीमा कुनै पनि कुराको सीमा, अडकल बाधा विधि, खेतको आली, तोकिएको/दर्शाइएको विधि, शास्त्रीय विधि विधान चैतन्य मंत्र सेतुलाई विद्यामार्ग पनि भनिन्छ । ब्राह्मण, क्षत्री आदिको सेतु मन्त्र हो ॐ, वैश्यको फट्, शूद्रादिको सेतु होः ह्रीं। अन्य जातिको सेतु ॐ मानिएको छ । "चतुर्दश स्वरो योऽऊं शेष ओं कार संज्ञकःस नाद विन्दु संयुक्त शूद्राणां सेतुरूच्यते" मन्त्र हो– सेतु, प्रणव ॐ कार जुनसुकै मन्त्र जप्दा अघि पछि ॐकारको उच्चारण नगरे जपफल नाश हुन्छ भनिएकोछ । सुन्दरीको सेतु ॐ ह्रीं ह्रीं । भैरवीको तारकाको ॐ ह्रीं, । श्यामा (काली) को ॐ ऐं हूं ऐं । भुवनेश्वरी देवीको ॐ ह्रीं हां ॐ ॐ । अनन्दाको सेतुलाई साक्षात् ब्रह्मास्वरूपिणी माता भनिन्छ । मिति नपुगी बीचैमा मरेका मानवलाई समेत तत्काल बचाउन सकिने मृत संजिवनी मंत्र हो–ॐ ह्रीं ह्रीं वं वं ऐं ऐं मृत संजीवनी विधे मृतमुत्थापयो कीं ह्रीं ह्री. वं स्वाहा । के ईश्वरीय शक्ति हामीमा छैन ? आमा, माया, निद्रा, विद्या, श्री, शान्ति, कान्ति, लक्ष्मी, दया, जाति, क्षुधा (भोक) निद्रा यी सबै रूपले देवी हामीमा प्रकट भएका छन् । नास्तिकले मात्र केही मान्दैनन् । ईश्वर अस्यास्तिति आस्तिकः अर्थात् ईश्वर छ भन्ने आस्तिक हो, छैन भन्ने नास्तिक हो ।

ooo

# प्राणायाम तथा योग गरौं, स्वस्थ रहौं ।

हामीहरूले मानव जीवन प्राप्त गरेर धेरै समयसम्म निरोगी भई मनुष्य जीवन व्यतीत गर्ने प्रयास गर्नु परम कर्तव्य हो । सके मोक्ष/मुक्ति नभए स्वर्ग प्राप्त गर्नु मनुष्य जीवनको लक्ष्य हो । यसैले सांख्यशास्त्रबमोजिम प्राणायामद्वारा श्वासप्रश्वासलाई जित्ने हुनुपर्छ । आफ्ना इन्द्रियहरूलाई मनले जितेर विषय वासनाबाट मनलाई हटाएर आफ्ना हृदयमा लैजानुपर्छ । मूलाधार आदि कुनै एक केन्द्रमा प्राणलाई स्थिर गर्नुपर्छ । निरन्तर भगवान्‌को रूपलीला कथाको बारम्बार चिन्तन गर्ने गर्नुपर्छ । अभ्र आफ्नो शरीर शुद्ध गर्ने व्रत, उपासना, दान, धर्म, दया परोपकारद्वारा कुमार्गगामी आफ्ना दुष्ट चित्त या मनलाई एकाग्र गरेर विस्तारविस्तार मनचित्तलाई भगवान्/ईश्वर/परमात्मामा लगाई ध्यान गर्ने गर्नुपर्छ ।

शारीरिक स्वस्थताका लागि निरन्तर पहिले आफू शुद्धासनमा बसी प्राणायाम गर्ने, यो शरीरलाई सिधा राखेर पहिले पूरक, कुम्भक र रेचक प्राणायाम गर्ने अर्थात् श्वास भर्ने, अड्याउने र छोड्ने अनि रेचक, कुम्भक, पूरकले प्राणको मार्ग (बाटो) लाई साधना गर्ने गर्नाले आफ्नो मन, चित्तलाई स्थिर गराउँदछ । प्राणायामले वातपित्तादि दोष विकारलाई नाश गर्दछ । धारणाले जन्म जन्मान्तरका आफ्ना पापतापलाई मेटाउँदछ । प्रत्याहारले, ध्यानले भगवान्‌बाट विमुखावस्था गराउने राग, द्वेष, दुर्गुणलाई दूर गराउँदछ । यस्तो अष्टाङ्ग योग गर्दा गर्दा हाम्रो चित्त निर्मल हुन्छ । अनि आफ्नो नामको अग्रभाग हेरेर बारम्बार भगवान्‌को स्तुति गर्ने गर्नुपर्दछ । आजभोलि आस्था च्यानलबाट प्रचार हुने श्रीस्वामी रामदेवको प्राणायाम पनि हेर्न सक्नुहुन्छ । जसले गर्दा आफूमा अरू ज्ञान वृद्धि हुन्छ । योग धेरै किसिमका हुन्छन् । दैनिक आठ/दशवटा गरे पनि जीवनमा सुखपूर्वक बाँच्न सकिन्छ । केही तल छन् :-

१. उद्‌गीत प्राणायाम : यसमा लामो श्वास तानेर ॐ प्रणव तीन पटक भन्ने ।

२. भस्त्रिका : लामो श्वास लिने छोड्ने पाँच मिनेट ।

३. कपालभाती : नाकबाट श्वास बाहिर मात्र फाल्ने, भित्र तान्ने होइन । पटक पटक १५ मिनेट गर्ने ।

४. बाह्य प्राणायाम : पेट चलाउने, श्वास छोड्ने । (यो प्राणायाम उच्च रक्त चाप हुनेले नगर्ने ।)

५. अनुलोम विलोम : हातले नाक बन्द गर्ने छोड्ने, श्वास लिने छोड्ने १५ मिनेट ।

६. भ्रामरी : तीन औंलाले नाकमा प्रेसर दुई औंलाले कानका प्वाल बन्द गरी ॐ प्रणव जपी भमरा जस्तै गरी कराउने ।

७. शवासन : ॐ कारबाट प्राणायम सकेर शवासनमा दुई मिनेट सुत्ने जसले गर्दा आराम मिलोस् ।

८. भुजङ्गासन : घोप्टो सुती टाउको उठाई छातीले भूमि छोई दुबै हातले आफ्ना दुई खुट्टा समाई दुई मिनेट रहनाले शरीरका सबै भाग नसा सदा स्वच्छ रहन्छन् । यस्ता योग रामदेवजस्ता जानकार विशेषज्ञबाट मात्र सिक्नुबुझ्नुपर्छ । लेखकले पनि खप्तड बाबाको धर्म विज्ञान तथा रामदेवको आस्था च्यानलबाट र योगदर्शन सांख्यशास्त्र बमोजिम सबैमा जानकारी होस् भनी साभार गरी प्रस्तुत गरिएको हो ।

ooo

# पितृश्राद्ध

परलोक गएका व्यक्तिको तृप्तिका लागि विधिपूर्वक गरिने तर्पण, ब्राह्मण भोजन, पिण्डदान, आदिलाई श्राद्ध भनिन्छ । श्रद्धापूर्वक गरिने हुनाले श्राद्ध भनिएको हो । श्राद्धले आफ्ना पितापूर्खाप्रति भक्ति, प्रेम, श्रद्धा, कृतज्ञता र आस्थाको भाव जगाउँदछ र आफ्नो संस्कृति, धर्म र परम्पराको संरक्षण गर्न सिकाउँदछ । श्राद्धले परलोक गएका पितृलाई तृप्ति र सुख दिन्छ । एवं श्राद्ध गर्नेलाई कामनाअनुसार आयु, विद्या, धन, सन्तान, राज्यसुख, स्वर्ग र मोक्ष दिन्छ । श्राद्धलाई पितृयज्ञ भनिन्छ । श्राद्धमा पितृहरूको पूजा र यज्ञमा देवताहरूको पूजा गर्नुपर्छ । आफ्ना मृत पितृगणका उद्देश्यले श्रद्धापूर्वक गरिने कर्म विशेषलाई श्राद्ध भनिन्छ ।

हामी वैदिक धर्मावलम्बीहरूले आफ्ना स्वर्गीय मातापिता तथा अन्य पितृहरूको श्राद्ध गर्ने चलन छ । मातापिता जीवित छँदा पालनपोषण र सेवा गर्ने र स्वर्गारोहणपश्चात् सम्झनास्वरूप मातापिताको तिथिअनुसार तर्पण, पिण्डदान आदि गर्ने कामलाई पितृयज्ञ वा श्राद्ध भनिन्छ । आफ्ना स्वर्गीय मातापिताको सम्झनामा कन्या राशिमा श्री सूर्यनारायण भएको बेला या आश्विन महिनाको कृष्ण पक्षमा महालय श्राद्ध पिताको तिथिअनुसार गर्ने चलन छ । सो पक्ष पितृपक्ष हो । आफ्नो छोरा या सन्तानसँग पितृहरूले आशा गरेका हुन्छन् ।

मनुस्मृतिमा भनिएको छ - मानिसले जन्मैदेखि नै तीन किसिमका ऋण लिएर आएका छन् । ती ऋणहरू हुन्-पितृऋण, ऋषिऋण, देवऋण । श्राद्ध आदि गर्नाले पितृऋण, विद्यादि पढ्नाले ऋषिऋण, यज्ञादि गर्नाले देवऋण तिरिन्छ । यो हाम्रो वैदिक शास्त्रीय चलन हो । वैदिक संस्कृति धेरै पुरानो हो । यस्ता श्राद्ध नहुने कुलमा धैर्यवान्, धनवान्, बलवान्, निरोगी सन्तानसमेत हुँदैनन् भन्ने लेखिएको छ । यस्ता सन्तान भएर कुललाईसमेत श्रेय मिल्ने सम्भावना हुँदैन भन्ने कुरा लेखिएको छ ।

भविष्य पुराणमा लेखिएको छ-आमाबाबुका लागि छोराछोरी अति प्रिय हुन्छन् । छोराछोरीको पनि बाबाआमा अशक्त भएमा या वृद्ध भएमा राम्रोसँग

पालनपोषण गर्नु परम कर्तव्य हो । मृत्यु भएमा आ–आफ्नो परम्पराअनुसार अन्त्येष्टि काजक्रिया गरिसकेपछि प्रत्येक वर्ष एकोद्दिष्ट श्राद्ध गर्नुपर्छ । आफ्नो औकातअनुसार पार्वण श्राद्ध गर्नुपर्छ । निर्णय सिन्धुअनुसार यस्ता किसिमका श्राद्ध पक्ष र तिथिअनुसार गर्ने प्रावधान छ । पूर्णिमाको तिथिदेखि स्रोह्र श्राद्ध सुरू हुन्छ । भन्न त प्रतिपदादेखि श्राद्धारम्भ भन्दछन् । पूर्णिमालाई समेत लिंदा १६ श्राद्ध हुन्छ । औंसीसम्मलाई १६ श्राद्ध भनिएको छ । कृष्ण पक्षको नवमीलाई मातृनवामी भनिएको छ ।

स्रोह श्राद्धमा बितेकाको एकपार्वण गर्ने चलन छ । यस कृष्ण पक्षको औंसी तीथिलाई पुण्य तिथि भनिएको छ ।

आफ्ना पितृपूजनले सन्तानलाई आयु, प्रजा (सन्तान), ऐश्वर्य, यश, कीर्ति, मोक्ष, बल पुष्टि मिल्दछ भन्ने शास्त्रीय मान्यता छ । जस्तै – **आयुः प्रजां धनं विद्यां स्वर्गमोक्ष सुखानिच । प्रयच्छन्ति तथा राज्यं पितरः श्राद्धतर्पिताः** भनिएको छ । पूर्वीय मान्यताअनुसार श्राद्ध शुरू हुनुपूर्व अर्थात् चतुर्दशीका दिनमा नै केश काटी एक छाकी रही शुद्ध हुनुपर्छ । किनभने पूर्वजन्मका पापहरू कपालका केशमा बस्दछन् भन्ने शास्त्रीय मान्यता छ । श्राद्धभर शुद्ध शाकाहारी भोजन गर्ने प्रावधान छ । प्रसिद्ध धार्मिक ग्रन्थ महाभारतको वन पर्वमा राजा युधिष्ठिरले आफ्ना मातापितालाई धर्ती आकाशसँग तुलना गरेका छन् । बाबा आकाश हुन् भने आमा धर्ती हुन् । यसकारण श्राद्धको महत्त्व छ । श्राद्धमा छोरीको छोरा, मध्यान्हपछिको समय र तिल यी तीन पवित्र मानिन्छन् – **त्रिणि श्राद्धे पवित्राणि दौहित्रः कुतपस्तिलाः** श्राद्धमा दौहित्र युवा भन्नाले भान्जाभान्जी, दाजुभाइ अनिवार्य बोलाउनू अरू आफ्नो औकातअनुसार गर्ने । श्राद्ध एउटा अनुष्ठान हो । यसमा एक साक्षीरूप दियो बाल्ने, अर्घ स्थापना गर्ने, श्रीगणेश तथा कलश देवीदेउताको पूजा कलशमा गर्ने । हातमा दूबो लिई गणेशको प्रार्थना गरी अर्घमा दूबो राख्ने ।

देवतालाई पूर्व र पितृलाई उत्तरतर्फ फर्काई राख्ने । देव ब्राह्मणलाई जौ र पितृ ब्राह्मणलाई तिलले पूजा गर्ने, पिण्डलाई ब्रह्माण्ड दान पनि भनिन्छ । पितृलाई छोरैले श्राद्ध गर्नुपर्छ । सोह्र श्राद्ध पछिको प्रतिपदालाई मातामह

श्राद्ध भनिन्छ । हाम्रा धर्मशास्त्रअनुसार पितृहरूको श्राद्ध वर्ष दिनसम्मको कार्य जेठै छोराले गर्ने प्रावधान छ । त्यसपछि अलग अलग गरे पनि हुन्छ । श्राद्ध देश, काल, समाजअनुसार गर्नुपर्ने प्रावधान छ । श्राद्ध पनि धेरै थरी हुन्छन् । मरेको तिथिअनुसार एकोद्दिष्ट, सोह्र श्राद्ध, पार्वण श्राद्ध, एकपार्वण श्राद्ध, मासिक श्राद्ध, धेरै थरीका हुन्छन् । छोराछोरीहरूले आफ्ना मातापिताको पालनपोषण गर्ने अनि मृत्युपश्चात् यस्तै श्राद्धहरू गर्नु परमकर्तव्य हो । मरेपछि मलीन षोडशी, मध्यम षोडशी, उत्तम षोडशी अनिवार्य गर्नैपर्छ ।

श्राद्धको समय पनि शास्त्रमा लेखिएको छ । एकोद्दिष्ट मध्यान्हमा, सोह्र श्राद्ध अपरान्हमा अर्थात् १६ घडी बितेपछि, तीर्थ श्राद्ध, वहाँ पुगेपछि, आभ्युदयिक काम्य श्राद्ध आफ्नो अनुकूलताअनुसार गर्नुपर्छ । यस्ता श्राद्ध धेरै हुन्छन् । अर्थात् ९६ वटा श्राद्ध हुन्छन् । त्यसमा एकोद्दिष्ट र सोह्र श्राद्ध अर्थात् ३ श्राद्ध छोराहरूले अवश्य गर्नुपर्छ । मरेपछि गरिने र एकोद्दिष्ट, सोह्र श्राद्ध अवश्य गर्नुपर्छ । राम्रो गरे राम्रै फल मिल्दछ । हाम्रो वैदिक धर्मले भनेबमोजिम गर्नु छोरा या आफन्तको परम कर्तव्य हो ।

ooo

# शिवपूजा र शिवलिङ्गको रहस्य

श्रीभगवान् महेश्वर अलिङ्ग हुनुहुन्छ । प्रकृति नै प्रथम लिङ्गरूपा हुन् । श्री महेश्वर निर्गुण निराकार हुनुहुन्छ । प्रकृति गुण साकार रूपमा छिन् । प्रकृति र शिवलिङ्गको विकास र विस्तारबाट नै यो विश्वको सृष्टि भएको हो । यो अखिल ब्रह्माण्ड शिवलिङ्गको नै अनुरूपबाट बनेको छ । यो ब्रह्माण्डरूपी ज्योतिर्लिङ्ग अनन्तकोटि छ । यो अनन्तकोटि विश्वलिङ्गको अन्तरगत पर्दछ तथा लिङ्गमय छ । अन्त्यमा लिङ्गमा नै सारासृष्टिको लय हुन्छ । यही कुरालाई स्कन्ध पुराणमा यसरी भनिएको छ – **'आकाशं लिङ्गमित्याहु पृथिवीतस्य पीठिका । आलय सर्वदेवानां लयनाल्लिङ्गमुच्यते'** आत्मतत्त्वको ज्ञानका बारेमा यजुर्वेदीय उपनिषद्मा भनिएको छ – "तस्मान्मनो विलिने मनसिगते संकल्प विकल्पे दग्धे पुण्य पापे सदा शिवः शकत्यात्मा सर्वगावस्थित स्वयं ज्योति शुद्धो बुद्धो नित्यं निरञ्जनः शान्ततमः प्रकाशयहिति आत्मा वेदानुवचन भवतीति उपनिषत् इति" शिव र विष्णुमा कुनै भिन्नता छैन । "यथा शिवमयो विष्णुरेवं विष्णुमय शिवः" यस कारण जगन्नियन्ता सर्वान्तरयामी दुई परमात्माको एक रूपलाई दुई रूप प्रतीति भएको मात्र हो । अज्ञानले गर्दा नानात्व बुद्धि भएको मात्र हो ।

यो संसार ईश्वरदेखि अलग छ भन्नु अज्ञानता हो । जीव मायाको वशिभूत भएर आत्मालाई परमात्मदेखि अलग सम्भिन्छ । यथार्थ ज्ञानको लागि शास्त्र श्रवण गर्ने, मनन गर्ने, ध्यान गर्ने गर्नुपर्छ । महात्माहरूको सत्संगत र श्रवण कीर्तन मननले यथार्थ परमात्मा ईश्वरसम्बन्धी ज्ञान नै पर्याप्त हुन्छ । यथार्थ ज्ञान भएपछि परम सुखको प्रतीति हुन्छ । मुक्तिको परम बाटो भन्नु यही हो ।

ooo



# कृतिकारको संक्षिप्त परिचय

| | | |
|---|---|---|
| नाम | : | **विष्णुप्रसाद खनाल** |
| जन्ममिति | : | २००३/१२/१० |
| जन्मस्थान | : | धुर्कोट गाउँपालिका-१, माझाका चौर, नयाँगाउँ, गुल्मी |
| संप्रति | : | रेसुङ्गा नगरपालिका-१, क्याम्पसरोड, तम्घास, गुल्मी |
| पिता | : | पं. ऋषिराम उपाध्याय खनाल |
| माता | : | रिडावती खनाल |
| शिक्षा | : | शास्त्री |
| सेवा | : | सहायक अञ्चल अधिकृत (नायव सुब्बासरह)<br>तथ्याङ्क विभाग (२०२८)<br>नायव सुब्बा - भूमि प्रशासन कार्यालय (२०२९-०५०, २२ वर्षपछि स्वैच्छिक अवकाश) |
| ग्रन्थपाल | : | किरण पुस्तकालय, गुल्मी (२०५६ सालदेखि वर्तमानसम्म) |
| प्रकाशित कृति | : | १. गीतातत्त्व (२०७३)<br>२. अमृतपान (२०७६) |
| सम्मान | : | स्वर्णजयन्ती वर्ष २०७५ मा किरण पुस्तकालयद्वारा सम्मानित |




**किरण पुस्तकालय**
**प्रकाशनमालाको सत्रौं पुष्प**

ISBN 978-9937-0-7345-5

सुशिला प्रिन्टर्स, गुल्मी (५२०४५०)